# अध्याय-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानिस एक सामाजिक प्राणी हो । ऊ प्राकृतिक, सामाजिक, सांस्कृतिक, धार्मिक र राजनीतिक वातावरणबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभावित भइरहेको हुन्छ । परिवर्तित समय अनुसार वातावरणमा समायोजित हुन सम्बन्धित विषयवस्तुमा ज्ञान, सीप र अभिवृत्तिको विकास गर्न शिक्षाको आवश्यकता पर्दछ । त्यसैले एउटा मात्र विषय वा विधा सम्बन्धी ज्ञानले मानिसलाई समाजमा समायोजित हुन र दैनिक जिवनका अत्यावश्यक आवश्यकता पूरा गर्न मुस्किल पर्दछ । त्यसकारण विभिन्न विषयहरुको ज्ञान दिनको लागि प्राथमिक विद्यालय देखि माध्यमिक विद्यालयसम्म समयानुसार अनिवार्य विषयको रुपमा विभन्न विधालाई समेटेर पाठ्यक्रम तयार गरी शिक्षण-सिकाइ क्रियाकलाप गराउँदै आइरहेको पाइन्छ । सोही अनुरुप नेपालमा माध्यमिक तहको सुरुवात सँगसँगै समयानुसार विभिन्न विधाहरुलाई समेटी अनिवार्य विषयको रुपमा राखी वर्तमानमा शिक्षण गराउँदै आइरहेको पाइन्छ ।

नेपालमा वि.सं. १९१० सालमा श्री ३ जङ्ग बहादुर राणाले अंग्रेजी प्राथमिक विद्यालय खोलि औपचारिक शिक्षाको थालनी गरेका थिए । पछि वि.सं. १९३४ मा यसलाई हाईस्कुलमा परिणत गरी वि.सं. १९९० सालमा नेपालमा एस.एल.सी. बोर्डको स्थापना गरियो । त्यस समयमा अनिवार्य तथा ऐच्छिक विषयहरमा अंग्रेजी, भर्नाकुलर, कम्पोजिट, इतिहास, भूगोल र गणित विषय राखिएको थियो । यसको पूर्णाङ्क ७०० कायम गरिएको थियो । त्यस्तै वि.सं. १९३४ मा संस्कृत पाठशाला खोली काव्य, अमरकोष, संस्कृत, पुराण, वेद, कर्मकाण्ड विषय राखी विद्यार्थीहरुलाई पाठ घोक्नु र घोकाउनु मुख्य शिक्षण विधि मानिन्थ्यो । वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना पश्चात नेपाल राष्ट्रिय शिक्षा योजना आयोगले वि.सं. २०११ सालमा 'नेपालमा शिक्षा' नामक प्रतिवेदन प्रकाशनमा ल्यायो जसले सामाजिक, विज्ञान, कृषि, वाणिज्य र उद्योग, ज्यामिति, बिजगणित र नेपाली विषय रहनुपर्ने साथै शिक्षाको माध्यमका निम्ति अंग्रेजी अनिवार्य हुन नहुने, माध्यमिक तहमा अंग्रेजी इच्छाधिन हुनुपर्ने अवधारणा ल्याएको थियो । यसरी २०११ मा कक्षा ६ देखि १० सम्मलाई माध्यमिक तह मानेको थियो ।

वि.सं. २०१७ सालको राजनैतिक परिवर्तनपछि गठित सर्वाङ्गिण राष्ट्रिय शिक्षा प्रतिवेदन २०१८ ले देश, नरेश र ईश्वर प्रति सम्मान गर्ने बानीको विकास गर्न देशभरी शिक्षाको माध्यम नेपाली हुनुपर्ने, माध्यमिक विद्यालयलाई साधारण र व्यवसायिक गरी दुई भागमा बाँड्नुपर्ने तर्फ जोड दियो । वि.सं. २०२८ देखि २०३२ सम्ममा सबै जिल्लामा लागू गरिएको राष्ट्रिय शिक्षा पद्धति योजनाले माध्यमिक तहको शिक्षा सम्बन्धमा व्यवसायिक शिक्षामा जोड दिई उत्पादनशील

र उपयोगी नागरिक तयार पार्नुपर्ने, माध्यमिक तहलाई ३ तहमा विभाजन गरिने जसमा (क) साधारण माध्यमिक शिक्षा (ख) व्यवसायिक माध्यमिक शिक्षा (ग) संस्कृत माध्यमिक शिक्षा । साधारण मा.वि. मा नेपाली, संयुक्त राष्ट्रसंघीय भाषा मध्ये एक, गणित, भूगोल तथा इतिहास, व्यवसायिक स्वास्थ्य शिक्षा, पञ्चायत, विज्ञान व्यवसायिक विषयमध्ये एक र इच्छाधिन विषयमध्ये एक गरी जम्मा पूर्णाङ्क ९०० कायम गरिएको थियो । त्यस्तै व्यवसायिक मा.वि.मा नेपाली, संयुक्त राष्ट्रसंघीय भाषा मध्ये एक, गणित, विज्ञान तथा स्वास्थ्य शिक्षा, सामाजिक शिक्षा र इच्छाधिन विषय निर्धारण गरिएको थियो । संस्कृति मा.वि.तर्फ नेपाली, संस्कृत शिक्षा, गणित, सामाजिक शिक्षा, विज्ञान स्वास्थ्य, व्यवसायिक शिक्षा र इच्छाधिन विषयहरु राखिएका थिए । त्यसैगरी राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०२८ ले कक्षा ८ देखि १० सम्मलाई माध्यमिक तह मानि अनिवार्य विषय, व्यवसायिक र ऐच्छिक विषय समूहमा बाँधी यस साधारण र संस्कृत माध्यमिक विद्यालय गरी दुई भागमा विभाजन गरेको थियो । विज्ञान शिक्षकको अभाव, प्रयोगशाला र प्रयोगात्मक ज्ञानको अभावको कारण देखाई विज्ञान विषयलाई अनिवार्यबाट हटाई ऐच्छिक विषयको रुपमा राखियो पछि यसलाई पुनः अनिवार्य नै गरियो ।

वि.सं. २०४६ सालको प्रजातन्त्रको पुनर्वाहली भएपछि वि.सं. २०४७ सालमा गठित राष्ट्रिय शिक्षा आयोगले आफ्नो प्रतिवेदनमा मा.वि. तहको शिक्षा ३ तहको हुने, जसमा ६, ७ र ८ नि.मा.वि. तह, ९ र १० मा.वि. तह र कक्षा ११ र १२ उ.मा.वि. तह रहने गरी शिक्षाको संरचना तयार पारेको थियो । कक्षा ९ र १० मा नेपाली, अंग्रेजी, गणित, विज्ञान तथा वातावरण शिक्षा, सामाजिक विषयलाई अनिवार्य विषयको रुपमा निर्धारण गरेको थियो । त्यसैगरी राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले सिफारिस गरे अनुसार मा.वि. तहमा अनिवार्य रुपमा अध्यापन गराइने अंग्रेजी, नेपाली, गणित, विज्ञान, साामाजिक र स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा गरी ६ वटा विषयलाई भाग १ (अनिवार्य विषयको पाठ्यक्रम) एवं ऐच्छिक प्रथम तथा द्वितीय पत्रका विषयका पाठ्यक्रमलाई तयार गरी भाग २ को रुपमा प्रकाशित गरेको छ । माध्यमिक तहको पाठ्यक्रमको पाठ्यभार ३९ र पूर्णाङ्क ८०० निर्धारण गरी लागू गरिएको थियो ।

वि.सं. २०२८ सालमा पाठ्यक्रम विकास केन्द्रको स्थापना भएपश्चात् विद्यालय तहको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन हुँदै आइरहेको छ । हाल माध्यमिक तहमा ६ वटा अनिवार्य विषयहरु पठनपाठन हुँदै आइरहेको छ । माध्यमिक शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीको ज्यादै महत्वपूर्ण अंग मानिन्छ । राष्टिय परम्परा, संस्कृति, सामाजिक सम्पदा, लोकतान्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने् दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्नु माध्यमिक शिक्षाको उदेश्य निर्धारण गरिएको छ । यस तहको मुख्य उद्देश्य देशको सर्वाङ्गिण विकासका लागि क्षमता अनरुप ठोस योगदान दिन सक्ने सीपयुक्त जनशक्ति उत्पादन गर्नु र

विश्वविद्यालय शिक्षाका लागि आवश्यक ज्ञान सीप प्रदान गरी सचेत नागरिक तयार पार्नु रहेको छ ।

विद्यालयमा प्रारम्भिक तह देखिनै अनिवार्य विषयका रुपमा अध्यापन हुदै आएको यो विषयको शिक्षण प्रभावकारी एवं व्यावहारिक हुनु पर्दछ । परम्परादेखि नै नेपाली भाषा सम्पूर्ण नेपालीहरुको साझा भाषाको रुपमा र हाल सरकारी कामकाज तथा सम्पर्क भाषाकै रुपमा रहेको हुदाँ यसका लागि उपयुक्त पाठ्यक्रम एवं पाठ्यसामग्री हुनुपर्छ भन्ने कुरामा कसैको दुइमत हुँदैन । विद्यालय तहमा नेपाली भाषा शिक्षणको मूल लक्ष्य भाषिक दक्षता  अभिवृद्धि गर्नूका साथै अन्य विषयहरुको पठनपाठनको माध्यमलाई सहयोग गरी बोधपक्ष र अभिव्यक्तिको विकास गर्नु रहेको छ । नेपाली भाषामा कथा, कविता, जीवनी तथा निबन्ध, पत्र, रुपक, व्याकरण, शब्दभण्डार जस्ता विधा राखिएको छ । शिक्षकले कक्षा शिक्षण गर्दा स्वर तथा मौन वाचन, पठन बोध, मौखिक तथा लिखित, प्रश्नोत्तर, अनुकरणात्मक, सारांश, लेखन जस्ता क्रियाकलाप गराउनु पर्दछ । शिक्षण विधिमा व्याख्यान, छलफल, अन्तरक्रिया, अभिनय, समस्या-समाधान जस्ता विधिको प्रयोग गरी विषयवस्तु अनुसार शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण क्रियाकलाप गराउनु पर्दछ ।

नेपालमा अंग्रेजी विषयको शिक्षण प्राचिन समयदेखि नै पठनपाठन गर्दै आइरहेको पाइन्छ । अंग्रेजी भाषालाई अन्तर्राष्ट्रिय भाषाको रुपमा मान्यता दिएपछि यसको महत्व दिन प्रतिदिन बढ्दै गइरहेको छ । त्यसैले नेपालमा पनि यस विषयलाई अनिवार्य विषयको रुपमा विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म राखिएको छ । त्यसकारण अन्तर्राष्टिय भाषाको रुपमा पाठ्यक्रममा समाविष्ट अग्रेजी भाषाले अन्तर्राष्टिय संचारलाई सहज बनाएको छ । वर्तमान अवस्थामा अंग्रेजी विषय पनि कक्षा १ देखि नै समावेश गरिएको छ । माध्यमिक तहको अंग्रेजी विषयले खासगरी विद्यार्थीको पढाइ, लेखाइ, बोलाइ र सुनाइमा जोड दिन खोजिएको छ । यस विषयमा शिक्षण-सिकाइ गर्दा प्रश्नोत्तर, भूमिका अभिनय, समूह छलफल, समूह कार्य, खोज अनुसन्धान, प्रदर्शन र नाटकिय विधिद्वारा शिक्षण गराउनु पर्दछ । यस विषयको शिक्षण गर्दा विद्यार्थी केन्द्रित विधिको प्रयोग गरी विषयवस्तु अनुसार शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण क्रियाकलाप गराउनु पर्दछ ।

विषयगत प्रयोगलाई दृष्टिगत गरि विद्यालय तहको पाठ्यक्रममा कक्षा १ देखि नै अनिवार्य विषयका रुपमा गणितलाई समावेश गरिएको छ । गणित शिक्षणको क्रममा शिक्षकले आफ्नो प्रस्तुतीलाई भन्दा विद्यार्थीहरु स्वयम्का सिकाइ क्रियाकलापहरु, पाठ्यपुस्तकमा दिइएका अभ्यासहरु, शिक्षक, अभिभावक साथीहरुसँग छलफल गरी विद्यार्थीहरुले सिकेका गणितीय ज्ञान तथा सीप र त्यस्तो ज्ञान तथा सीपलाई आफ्नो घर-छिमेक, विद्यालय तथा दैनिक व्यवहारमा आइपर्ने क्रियाकलापहरुमा प्रयोग र अभ्यास गर्ने कार्यमा जोड दिनु आवश्यक छ । विद्यार्थीहरुका

दैनिक जीवनमा आइपर्ने व्यवहारिक समस्या-समाधानका लागि गणितको अपरिहार्यता रहेको छ । सोही बमोजिमका अङ्कगणित, बिजगणित, ज्यामिति र तथ्याङ्कशास्त्रका विषयवस्तु राखी व्यक्तिको दैनिक जीवनमा आइपर्ने समस्या समाधान गर्न उपयुक्त गणितीय सिपको विकास गर्न, आधारभूत गणितीय धारणाहरुको ज्ञान र सीपको विकास गर्नको लागि प्रश्नोत्तर तथा छलफल विधि, आगमन तथा निगमन विधि, प्रदर्शन विधि, प्रयोगात्मक विधि, समस्या-समाधान विधि, विश्लेषण र संश्लेषण विधि, खोज विधिको प्रयोग गरी विषयवस्तु अनुसारको शैक्षिक सामग्रीको प्रयोगद्वारा शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

सामाजिक अध्ययनले देशको समसामयिक परिवर्तन, विश्वमा आएको नवीनतम प्रविधि र समाजको माग एवं चाहनालाई समेट्ने भएकोले यो विषयको पाठ्यक्रमलाई समयानुकुल, गतिशिल र परिवर्तनशिल गर्दै लगिएको छ । विश्वमा सूचना तथा संचार क्षेत्रमा देखापरेका विकास, विश्वव्यापीकरण तथा स्थानियकरणलाई सामाजिक अध्ययन विषयमा समावेश गरी मानव अधिकार, सामाजिक मूल्य मान्यता, प्राकृतिक प्रकोप जस्ता विषयवस्तु समावेश गरी यस विषयलाई समसामयिक, व्यवहारिक र स्तरीय बनाउने प्रयास गरिएको छ । सोही अनुसार सामाजिक शिक्षा विषयलाई सामाजिक विज्ञान (इतिहास, भूगोल, अर्थशास्त्र, राजनीतिशास्त्र, मानवशास्त्र आदि) का आधारभूत तत्व एवं समसामयिक सामाजिक वस्तुस्थितिलाई बालकेन्द्रित ढंगले एकिकृत र समन्वयात्मक रुपमा प्रस्तुत गरिएको छ । विद्यार्थीहरुलाई गर र सिक भन्ने धारणाको अभिबृद्धि गराउनु र विद्यार्थीहरुमा व्यवहारिक परिवर्तन ल्याउनु नै सामाजिक अध्ययनको प्रमुख लक्ष्य ठानी प्रश्नोत्तर विधि, छलफल, अभिनय, क्षेत्र भ्रमण, खोज विधि, प्रदर्शन, अवलोकन, परियोजना जस्ता विधि मार्फत् आवश्यक शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण-सिकाइ क्रियाकलाप गर्नुपर्दछ तबमात्र प्रभावकारी शिक्षण गर्न सकिन्छ ।

विज्ञानले प्रतिपादन गरेका सिद्धान्त तथा नियमहरुले मानव जीवनको हरेक पक्षमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ । विज्ञान र प्रविधिका क्षेत्रमा भएका विभिन्न खोज अनुसन्धानहरुबाट प्राप्त नयाँ नयाँ आविष्कारहरुले विकासका नयाँनयाँ अवसरका ढोकाहरु खोल्दै देशलाई विकासको चरम सिमामा पुऱ्याउन विकसित देशहरु सक्षम भइसकेका छन् । त्यसकारण सञ्चार प्रविधिको अकल्पनिय विकासले सिङ्गो संसारलाई ग्लोवल समाजको रुपमा रुपान्तरण गरेको छ । यसरी विज्ञान एउटा विकासको आधार वनेको कुरालाई आत्मसात गर्दै यसलाई विद्यालय तहको अनिवार्य विषयका रुपमा समावेश गर्न विभिन्न आयोगले सिफारिश गरेअनुसार नै विद्यालय तहको पाठ्यक्रममा अनिवार्य विषयका रुपमा समावेश गरिएको छ । सोही अनुसार विषयवस्तु अनुसारको शैक्षिक सामग्रीको प्रयोग गरी छलफल, प्रदर्शन, प्रश्नोत्तर, स्थलगत अध्ययन, प्रयोगात्मक कार्य, अवलोकन, अन्वेषण, समस्या-समाधान जस्ता विधि प्रयोग गरी शिक्षण गरेमा प्रभावकारी हुने देखिन्छ ।

स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा एक आपसमा अन्तरसम्वन्धित विषय हुन् । विद्यार्थीहरुमा विद्यालयदेखि नै यी विषयहरुको ज्ञान, सीप तथा अभिवृद्धिको विकास गर्न अत्यावश्यक देखिएकोले स्वास्थ्य, जनसंख्या तथा वातावरण गरी तीनवटा छुट्टाछुट्टै विषयलाई एकीकृत गरी वि.सं.२०५६ देखि यो विषयलाई पनि माध्यमिक तहको पाठ्यक्रममा समावेश गर्दै आएको छ । यो विषयले विद्यार्थीहरुलाई मानवीय र पारिवारिक जीवनका साथै वातावरणीय पक्षहरुमा समेत सचेत बनाउन सहयोग गर्दछ । यसबाट विद्यार्थीहरुमा राष्टिय आवश्यकता तथा मान्यताप्रति सकारात्मक सोचको विकास भई विवेकपूर्ण निर्णय लिनसक्ने क्षमताको विकास समेत हुने अपेक्षा गरिएको छ । सोही अनुरुप स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा सम्बन्धी अनुभवहरु प्राप्त भएमा प्राकृतिक स्रोतको सन्तुलित सही परिचालन गरी स्वस्थ र सुखमय जीवन मापन गर्न सक्ने नागरिकको रुपमा खडा हुन सजिलो पर्दछ । समयमै सचेत भएमा जनसंख्या बृद्धि, वातावरण ह्रास जस्ता विकराल स्थितिबाट बच्न र बचाउन सकिने भएकाले यस विषयलाई विद्यालय तहमा अनिवार्य गरिएको छ । यस विषयको शिक्षण क्रियाकलापमा प्रदर्शन, प्रश्नोत्तर, समस्या-समाधान, परियोजना कार्य, प्रस्तुतीकरण, छलफल, अवलोकन, खोज तथा अन्वेषण, अभिनय विधिको प्रयोग गरी विषयवस्तु अनुसारका शैक्षिक सामग्रीको प्रयोगद्वारा शिक्षण-सिकाइ क्रियाकलाप गर्नुपर्दछ तबमात्र शिक्षण प्रभावकारी हुने देखिन्छ ।

विद्यालयको प्रमुख अङ्गहरु भित्र शिक्षकको महत्वपूर्ण स्थान हुन्छ । प्राचीन समयमा गुरु, भिक्षु, लामा, ब्राह्मण, बाबु, आमाले औपचारिक तथा अनौपचारिक शिक्षा दिँदै आइरहेको पाइन्छ । प्राचीन शिक्षकले राम जस्ता आदर्श व्यक्तित्व र अर्जुन जस्ता धनुधारी बनाउनुमा महत्वपूर्ण योगदान गरेका थिए । त्यस्तै भारतीय विद्वान् अरबिन्दले भन्नुभएको थियो “शिक्षकहरु राष्ट्रिय संस्कतिको फूलबारी सजाउने सिपालु बगैंचा हुन् । यिनले विद्यार्थीहरुमा सांस्कृतिक आत्मानुशासन हुर्काउन मलजल गर्दछन्, अनि आफ्ना पसिनाले सिञ्चन गरेर तिनलाई महाप्राण शक्ति बनाइदिन्छन् ।” त्यस्तै कोलम्बिया युनिभर्सिटीका प्रख्यात शिक्षक गिलवर्ट हाइहोटले एक पुस्तक लेखेका थिए - शिक्षण कला (आर्ट अफ टिचिङ १९५२, न्यूयोर्क) पुस्तकमा उनले शिक्षकको परिभाषा यसरी दिएका थिए “एउटा असल शिक्षक त्यस्तो व्यक्ति हो जसमा एउटा असल पुरुष वा महिलामा हुने गुणहरु विद्यमान हुन्छन्, ऊ विनोदप्रिय र उदार हुन्छ; उसको स्मरण शक्ति राम्रो हुन्छ, उसमा आफ्नो विषयको राम्रो ज्ञान त हुनुपर्छ नै, ऊ आफूसँग भएको ज्ञान अनुसारको आचरण पनि गर्दछ, अनि आफ्ना विद्यार्थीहरुसँग सदासर्वदा स्नेही भाव राख्दछ” त्यसकारण शिक्षण-सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षकको महत्वपूर्ण भूमिका हुन्छ । देशको भावी पिंढीलाई संस्कार दिनुपर्छ भन्ने भावना र प्रतिबद्धता भएका शिक्षकको कमी नै अहिलेको विडम्बना हो । त्यसैले अध्ययनकर्ताले यहाँ माध्यमिक तहमा शिक्षकहरुको पृष्ठभूमि सम्बन्धी वास्तविक अवस्थालाई खोतल्ने प्रयास गरेका छन् ।

शिक्षण-सिकाइ क्रियाकलाप भन्नाले अपेक्षित उद्देश्य प्राप्तिको लागि कक्षाकोठामा गरिने त्यस्तो क्रियाकलाप हो, जसमा विषयवस्तुको प्रकृति, कक्षाकोठाको वातावरण, विद्यार्थीको रुचि, चाहना, सहभागिता र शिक्षकबीच हुने सम्पूर्ण शैक्षिक क्रियाकलाप भन्ने बुझिन्छ । आफूले शिक्षण गर्ने विषय शिक्षक-शिक्षिकाले आफू स्वयम् तथा आफ्ना विद्यार्थीहरुलाई सम्बन्धित् विषयको पाठ्यक्रममा उल्लेख गरिएका उद्देश्यअनुसारका सैद्धान्तिक तथा प्रयोगात्मक क्रियाकलापमा संलग्न गराउनु पर्दछ । विद्यार्थीहरुलाई सोही उद्देश्यहरु पूरा गराउने अभिप्राय स्वरुप शिक्षण क्रियाकलापमा संलग्न गराउन सकेको खण्डमा मात्र शिक्षणलाई प्रभावकारी मान्न सकिन्छ । यसरी कक्षा शिक्षणलाई प्रभावकारी बनाउन कक्षाकोठाको भौतिक अवस्था, कक्षा सजावट, हावा, तापक्रम, प्रकाश, फर्निचर, विद्यार्थीको बसाइ, कालोपाटीको रखाई, टेबुलको व्यवस्था जस्ता पक्षहरको व्यवस्थापनमा ध्यान दिनुपर्दछ । साथै कुनै पनि शिक्षकले विषयवस्तु विद्यार्थी समक्ष पुऱ्याउनका लागि वार्षिक कार्ययोजना अनुरुप बार्षिक पाठयोजना साथै दैनिक पाठयोजना निर्माण गर्नुपर्दछ । सोही अनुरुप शिक्षक कक्षामा प्रवेश गरिसकेपछि कक्षा सुरुवात गर्दा विद्यार्थीहरुलाई शिक्षणप्रति उत्प्रेरित गर्न विषयवस्तु अनुसार कथा, कविता, गजल, चुट्किला, समसामयिक घटना साथसाथै पूर्वपाठको. स्मरण गराउँदै नयाँ पाठको सुरुवात गर्दा शिक्षण सहज हुन जान्छ । कक्षा शिक्षणमा विषयवस्तु अनुसारका श्रव्य, दृश्य सामग्रीका साथै दैनिक प्रयोगका शैक्षिक सामग्री जसमा कालोपाटी, चक, डस्टर मार्फत् व्याख्यान, छलफल, प्रश्नोत्तर, समस्या-समाधान, क्षेत्रभ्रमण, प्रयोगशाला, खोज, अभिनय, अन्वेषण, प्रदर्शन विधि जस्ता शिक्षण विधिको प्रयोगद्वारा कक्षा क्रियाकलाप गराउनुपर्दछ । कक्षा क्रियाकलापको प्रभावकारिता थाहा पाउनको लागि विद्यार्थीहरुलाई व्यक्तिगत तथा सामूहिक लिखित प्रश्न, मौखिक प्रश्न साथै प्रयोगात्मक कार्यद्वारा कक्षा कार्य, गृहकार्य गर्न लगाउनुपर्दछ । सोही अनुरुप पृष्ठपोषण प्रदान गरी पाठको सारांश बताई कक्षा शिक्षणलाई अन्त्य गरेमा शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ ।

माध्यमिक विद्यालयमा अनिवार्य विषय शिक्षण गर्ने शिक्षकको योग्यता, तालिम, अनुभवमा एकरुपता नभएको कारणले नै शिक्षण-सिकाइ प्रक्रियामा एकरुपता हुन सकेको छैन । शिक्षण-सिकाइ प्रक्रियाका महत्वपूर्ण पक्षहरु शैक्षिक योजनाको निर्माण, कक्षाकोठा व्यवस्थापन, पाठको प्रस्तुतीकरण, शिक्षण विधिको छनौट तथा प्रयोग, शैक्षिक सामग्रीको निर्माण र प्रयोग, मूल्याङ्कन प्रविधिको प्रयोग, गृहकार्य जस्ता विषयमा सम्बन्धित विषय शिक्षकले ध्यान दिई शिक्षण गर्नुपर्ने देखिन्छ । तर वर्तमान अवस्थामा माथिका पक्षहरुमा प्राप्त ध्यान नदिनाले प्रभावकारी शिक्षण हुन सकिरहेको छैन । त्यसकारण यस अध्ययनमा माध्यमिक तहको अनिवार्य विषयहरुको शिक्षण-सिकाइ-क्रियाकलापको बारेमा अध्ययन गरिएको छ ।

### १.१.२ अध्ययन क्षेत्र

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चलका ६ जिल्लामध्ये तुलनात्मक रुपमा सुगम पहाडी जिल्लाको रुपमा रहेको कास्की जिल्ला समुद्र सतहबाट न्यूनतम ४५० देखि अधिकतम ८०९१ मिटरको उचाईसम्म फैलिएको छ । प्राकृतिक मनोरम छटाले भरिपूर्ण माछापुच्छ्रेको काखमा एवं पर्यटकीय नगरी पोखरा उपमहानगरपालिकासँगै जोडिएको कवि शिरोमणि लेखनाथ पौडेलको नामले प्रसिद्ध सात तालको बगैचा शहर, लेखनाथ नगरपालिका अति नै सुन्दर भू-धरातलीय बनोटको रुपमा रहेको छ । बेगनाश, रुपा, मैदी, दिपाङ्ग, खास्टे, गुँदे र न्यूरेनी गरी सातवटा तालहरु यस नगर क्षेत्रका अनुपम प्राकृकि वरदानका रुपमा रहेका छन् । कुल क्षेत्रफल ७८.९३ वर्ग कि.मी. को ११.१५ प्रतिशत अर्थात् ८८७.९० हेक्टर क्षेत्र जलक्षेत्र रहेको लेखनाथ नगरपालिका सम्भवत अधिराज्यकै सर्वाधिक जलक्षेत्रयुक्त नगरपालिका हो । त्यस्तैगरी  यस नगरपालिकाबाट अन्नपूर्ण र धवलागिरी हिमश्रृंखलाको दृश्यावलोकन गर्न सकिने, सुन्दर तहरा-तरेली, पहाड, थुम्का-थुम्की, ताल-तलैया, गुफा, गल्छी फाँट, उपत्यका, बगर, नदि किनार जस्ता मनोरम क्षेत्र रहेका छन् । यहाँ धानको पुर्ख्यौली जात नाभो, विभिन्न जलचल तथा सरिसृप जीवजन्तु पाइने सिमसार क्षेत्रका साथै अमूल्य जडिबुटी, सुनगाभा र सुनौलो रानीचरी पाइने सुरक्षित सामुदायिक जङ्गल यहाँका विशेषता हुन् । २०५८ सालको जनगणना अनुसार ४१,३६९ जना जनसंख्या रहेकोमा २०६६ सालको संविधान सभाको निर्वाचनमा ४१,३१५ जना मतदाता संख्या रहेका थिए । यस नगरपालिकामा ब्राह्मण, क्षेत्री, दलित, जनजाति, कुमाल सबै वर्गका मानिसहरु बसोबास गर्दछन् । यहाँ दिनप्रतिदिन बसाई सरेर आउनेहरुको संख्या उल्लेखनीय छ । मुख्य गरेर कास्की जिल्लाकै ग्रामीण क्षेत्रका साथै छिमेकी जिल्लाबाट बसाई-सराई गरेर आउने गर्दछन् । यहाँका मानिसको मुख्य पेशा फलफूल खेती, तरकारी खेती, पशुपालन, मौरीपालन, माछापालन, कुखुरा पालन साथै व्यापार-व्यवसाय, नोकरी गर्दै आइरहेका छन् । यस नगरपालिका भित्र सामुदायिक विद्यालय संख्या ३७ र संस्थागत २४ गरी कुल ६१ वटा विद्यालयमध्ये १५ वटा सामुदायिक माध्यमिक विद्यालय रहेका छन् । प्रायजसो मा.वि.मा कक्षा १ देखि १२ सम्म कक्षा सञ्चालन हुँदै आइरहेको छ । अध्ययनको क्रममा नमूना छनौटमा परेका ४ वटा माध्यमिक विद्यालयमा २०२५ सालमा स्थापित श्री लक्ष्मी आदर्श उच्च मा.वि. लेखनाथ ७, शिशुवा । २०१५ सालमा स्थापित श्री लक्ष्मी उच्च मा.वि. लेखनाथ ३, अर्घौ । २०१८ सालमा स्थापित श्री अमरज्योति गाउँ फर्क माध्यमिक विद्यालय, लेखनाथ ५, जलधारे । श्री जनप्रकाशन उच्च मा.वि. लेखनाथ १, भण्डारढिक रहेका छन् । यी विद्यालयहरु सुरुमा प्राथमिक विद्यालय, निम्न माध्यमिक विद्यालय, माध्यमिक विद्यालय हुँदै उच्च मा.वि. सम्म आइपुगेका हुन् । संख्यात्मक रुपमा ब्राह्मण, क्षेत्रीको बाहुल्यता रहेका यी विद्यालयका कक्षाहरुमा कुमाल, जनजाति र अन्य दलित जातका छात्रछात्राहरुको बाहुल्यता

देखिन्छ । प्रत्येक विद्यालयमा विद्यार्थी संख्याको चाप अत्यधिक बढी छ । त्यस्तै विद्यालयमा अध्यापन गराउने शिक्षक पनि बढी मात्रामा ब्राह्मण समुदायका पुरुष नै छन् ।

## १.२ समस्याको कथन

माध्यमिक तहमा २०५६ का अनुसार अनिवार्य विषय नेपाली, अंग्रेजी, सामाजिक, गणित, विज्ञान र स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयको शिक्षण एउटा चुनौतीपूर्ण र अत्यन्तै महत्वपूर्ण विषय हो । हाल माध्यमिक विद्यालयका अनिवार्य विषयहरु बिल्कुलै नयाँ शैलीमा प्रस्तुत गरिएका छन् । यी विषयहरुलाई अनुसन्धानमुखी, व्यवहारिक र जीवनउपयोगी बनाउन खोजिएको छ । त्यसकारण शिक्षणलाई व्यवहारिक तथा विद्यार्थी क्रियाकलापमुखी बनाउनु पर्दछ । फलस्वरुप विद्यालय स्तरको शिक्षण-सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउने उद्देश्यले विषयवस्तुको प्रकृति अनुरुप शिक्षण विधि, शैक्षिक सामग्री, पाठ्यपुस्तक साथै पाठ्यसामग्रीहरुको व्यवस्था गरिएको छ । सोही अनुरुप शिक्षकहरुलाई शिक्षण कार्यमा सहज होस् भन्ने हेतुले प्रत्येक विषयका शिक्षक निर्देशिकाहरु तयार गरिनुका साथै आवश्यकता अनुसार तालिम दिने व्यवस्था शैक्षिक जनशक्ति विकास केन्द्रले गर्दै आइरहेको छ । तर वर्तमान अवस्थामा सरकारी विद्यालयहरुमा कक्षा शिक्षण गर्दा व्याख्यान, प्रश्नोत्तर, छलफल विधिको प्रयोग गरी शिक्षण-सिकाइ क्रियाकलाप गराउँदै आइरहेको पाइन्छ । त्यसकारण पाठ्यक्रमले अपेक्षा गरे अनुरुप विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउन सकिरहेको छैन ।

माध्यमिक तहमा अध्यापन गर्ने शिक्षकको योग्यता, अनुभव, तालिम, जातजाति, भाषा, धर्म, लिङ्ग र विषय विशिष्टिकरण फरक फरक रहेको छ । यसले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा शिक्षण-सिकाइमा प्रभाव पारेको हुन्छ । शिक्षण-सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षा मन्त्रालय अन्तर्गतका संस्थाहरुले समय-समयमा तालिम, गोष्ठी, सेमिनार गर्दै आइरहेको भए तापनि ती कार्यक्रमहरु औपचारिकतामा मात्र सीमित भइदिनाले पनि मा.वि. तहमा शैक्षिक गुणस्तर माथि उठ्न सकिरहेको छैन । त्यसकारण कक्षा शिक्षणमा सुधार गर्न कक्षाकोठाको व्यवस्थापन, सिकाइ वातावरणको अवस्था, शिक्षकमा लगानी, विद्यार्थी क्रियाकलाप, शिक्षण प्रविधि, शिक्षणका साधन-स्रोत, विद्यार्थी मूल्याङ्कन, शिक्षण रणनीति जस्ता पक्षहरुमा पर्याप्त ध्यान दिनुपर्ने देखिन्छ । त्यसैले अध्ययनकर्ताले यहाँ माध्यमिक तहमा अनिवार्य विषयको शिक्षण गर्न शिक्षकको योग्यता, तालिम, अनुभवको अवस्था, वर्तमान शिक्षण-सिकाइप्रति विद्यार्थी र शिक्षकको दृष्टिकोण, कक्षा शिक्षण सुरुवात, पाठयोजना निर्माण, कक्षाकोठा व्यवस्थापन, शिक्षण विधिको अवस्था, शैक्षिक सामग्री, मूल्याङ्कन, पाठको समाप्ति जस्ता पक्षहरुको अध्ययन गर्ने प्रयास गरेको हुँदा “माध्यमिक तहमा अनिवार्य विषयहरुको शिक्षण-सिकाइ क्रियाकलाप” लाई यहाँ समस्याको कथनको रुपमा प्रस्तुत गरिएको छ ।

## १.३ अनुसन्धानात्मक प्रश्न

माध्यमिक तहमा अनिवार्य विषय शिक्षकहरुको पृष्ठभूमि र शिक्षण-सिकाइ क्रियाकलाप सम्बन्धी अध्ययन अनुसन्धान गर्न निम्नलिखित अनुसन्धानात्मक प्रश्न राखिएको थियो ।

**शिक्षकको पृष्ठभूमि**

- भाषा, लिङ्ग,उमेर ,धर्म, जातजातिको आधारमा शिक्षकको पृष्ठभूमि के-कस्तो छ ?
- शिक्षकहरुको शैक्षिक योग्यता र अनुभवको अवस्था कस्तो छ ?
- शिक्षकहरुको तालिमको अवस्था प्राप्त छ ?
- शिक्षकले आफूले अध्ययन गरेको विषय र अध्यापन गराउने विषयको अवस्था के-कस्तो छ ?

**शिक्षण-सिकाइ क्रियाकलाप**

- विद्यालयको कक्षाकोठा व्यवस्थापनको अवस्था के-कस्तो छ ?
- शिक्षकको कक्षा शिक्षणको सुरुवातको अवस्था के-कस्तो छ ?
- के शिक्षकले शिक्षण गर्नुभन्दा अगाडि लिखित पाठयोजना बनाउँदछ ?
- शिक्षण-सिकाइ क्रियाकलापमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था कस्तो छ ?
- शिक्षण-सिकाइ क्रियाकलाप गर्दा विषयवस्तु अनुसार के-कस्ता शिक्षण विधि प्रयोग गर्दछन् ।
- शिक्षण-सिकाइ क्रियाकलापमा शिक्षक-विद्यार्थीको सहभागिता कस्तो छ ?
- मूल्याङ्कन गर्दा के-कस्ता साधनहरुको प्रयोग गर्दछन् ?
- कक्षा शिक्षणको अन्त्य के-कसरी गर्दछन् ?

**शिक्षक र विद्यार्थीको शिक्षण-सिकाइ क्रियाकलापप्रतिको दृष्टिकोण**

- वर्तमान शिक्षण-सिकाइ क्रियाकलापप्रति विद्यार्थी र शिक्षकको दृष्टिकोण कस्तो छ ?
- सुधारात्मक शिक्षण-सिकाइ क्रियाकलापप्रति शिक्षक र विद्यार्थीको दृष्टिकोण कस्तो छ ?

## १.४ अध्ययनको उद्देश्य

माध्यमिक तहको अनिवार्य विषयहरुमा शिक्षण-सिकाइ क्रियाकलाप सम्बन्धी अध्ययनका लागि निम्नानुसारका उद्देश्यहरु राखिएको थियो ।

(क) शिक्षकहरुको पृष्ठभूमि पहिचान गर्नु ।

(ख) शिक्षण-सिकाइ क्रियाकलापको अवस्था पत्ता लगाउनु ।

(ग) शिक्षण-सिकाइ क्रियाकलाप प्रति शिक्षक तथा विद्यार्थीको दृष्टिकोण पहिचान गर्नु ।

## १.५ अध्ययनको औचित्य

नेपालको सार्वजनिक माध्यमिक विद्यालयहरुमा शिक्षण गर्ने शिक्षकहरुको योग्यता, तालिम, विषय विशिष्टिकरण अनुसार शिक्षक नियुक्ति गर्नुपर्ने व्यवस्था शिक्षा नियमावलीमा उल्लेख गरिएको छ तर कतिपय व्यक्ति अरु कुनै पनि निकायमा अयोग्य भएका शिक्षकमा योग्य ठहराई नियुक्त गर्ने प्रचलनले आज दिनप्रतिदिन धेरै बालबालिकाको भविष्य अन्योलमा परेको छ । त्यसकारण प्रभावकारी शिक्षण-सिकाइका लागि योग्य शिक्षकको आवश्यकता पर्दछ । शिक्षणमा शिक्षक र विद्यार्थीबीच जति बढी अन्तरक्रिया हुन्छ शैक्षिक कार्याक्रम पनि त्यति नै प्रभावकारी र उद्देश्यमूलक हुन पुग्दछ । तर हाम्रा विद्यालयमा उहि पुरानो व्याख्यान विधि व्याप्त छ । शैक्षिक सामग्रीमा चक, डस्टर, कालोपाटीको प्रयोग गरिँदै आएको पाइन्छ । त्यस्तै मूल्याङ्कनका साधनको रुपमा परिक्षालाई मात्र प्रयोग गर्ने, विद्यार्थी क्रियाकलाप भन्दा शिक्षक क्रियाकलापमा बढी जोड दिने गरिएको वर्तमान अवस्थामा पाइन्छ । शिक्षणलाई प्रभावकारी बनाउने उद्देश्यले शिक्षकलाई सेवाकालीन र पूर्वसेवाकालिन तालिम प्रदान गरिने तर ती तालिम कार्यक्रमलाई कक्षाकोठामा कार्यान्वयन गरे नगरेको निरीक्षण नगरिनाले आज शिक्षण क्रियाकलाप प्रभावकारी बन्न सकिरहेको छैन ।

यसरी माध्यमिक तहमा हाल भइरहेको शिक्षण-सिकाइ क्रियाकलापलाई यही अवस्थामा रहन दिने हो भने भोलिका दिनमा शैक्षिक बेरोजगारी समस्या झन बढ्ने देखिन्छ । हाल प्रयोग गर्दै आइरहेको शिक्षण क्रियाकलापबाट विद्यार्थीहरुमा सिर्जनात्मक, रचनात्मक क्षमताको विकास हुनुको अलावा सैद्धान्तिक ज्ञान मात्र हुने देखिन्छ । विद्यार्थीमा शिक्षणप्रति नै निराशपन उत्पन्न हुँदै जाने देखिन्छ । यसरी विद्यालयमा अनिवार्य विषयको शिक्षण-सिकाइ क्रियाकलाप कसरी सञ्चालन भइरहेको छ । शिक्षक र विद्यार्थीहरुले शिक्षण-सिकाइ क्रियाकलापको वर्तमान अवस्थालाई कसरी लिएका छन् भनी अध्ययन अनुसन्धान गर्न आवश्यक ठानिएको हुनाले माध्यमिक तहमा अनिवार्य विषयहरुको शिक्षण-सिकाइ क्रियाकलाप शिर्षक राखी अध्ययन गरिएको छ । यस अध्ययनबाट प्राप्त निष्कर्षले प्रभावकारी शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन गर्न सम्बन्धित विषय शिक्षक, विद्यार्थी, विद्यालय निरीक्षक, प्रधानाध्यापक, शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र साथै सम्पूर्ण सरोकारवाला र यस शीर्षक सम्बन्धी थप अध्ययन अनुसन्धान गर्ने व्यक्ति तथा संघ संस्थालाई थप सहयोग पुऱ्याउने अपेक्षा राखिएकोले यस अध्ययनको महत्व रहेको छ ।

## १.६ अध्ययनको सिमाङ्कन

कुनै पनि अध्ययन कार्य सञ्चालन गर्नुपूर्व के कति क्षेत्रभित्र रहेर अध्ययन कार्य सञ्चालन गर्ने भन्ने कुरा निश्चित गरिन्छ, जसलाई अध्ययनको सिमाङ्कन भनिन्छ । यस अध्ययन

अनुसन्धान कार्यलाई उपलब्ध स्रोत, साधन, प्रविधि र समयलाई मध्यनजर राख्दै निम्नलिखित सिमाभित्र रही सञ्चालन गरिएको थियो ।

१) यस अध्ययन कास्की जिल्लाको लेखनाथ नगरपालिका भित्र सञ्चालित ४ वटा सरकारी विद्यालयमा मात्र केन्द्रित गरिएको थियो ।

२.) यस अध्ययनलाई माध्यमिक तह अन्तर्गत कक्षा ९ का अनिवार्य विषय शिक्षकहरुको योग्यता, तालिम, विषय विशिष्टीकरण, शिक्षण अनुभव, भाषा, धर्म, लिङ्ग, उमेर, ठेगानामा मात्र सीमित गरिएको थियो ।

३) यस अध्ययन माध्यमिक तह अन्तर्गत कक्षा ९ का अनिवार्य विषयहरुको शिक्षण-सिकाइ क्रियाकलाप अन्तर्गत कक्षाकोठाको व्यवस्थापन, पाठयोजना निर्माण, कक्षा शिक्षण सुरुवात, शैक्षिक सामग्री, शिक्षण विधि, मूल्याङ्कन प्रक्रिया, गृहकार्य र पाठको समाप्तमिा मात्र सीमित गरिएको थियो ।

४) अध्ययनको सूचनाको स्रोतको रुपमा ४ वटा विद्यालयका २४ जना अनिवार्य विषयका शिक्षकहरु, ४ जना प्रधानाध्यापक र प्रत्येक विद्यालयका ४ जना छात्र र ४ जना छात्रा गरी ८ जनाका दरले ३२ जना विद्यार्थीलाई नमुनाका रुपमा छनौट गरिएको थियो ।

५) अध्ययन विधिमा अन्तर्वार्ता कक्षा अवलोकन र लक्षित समूह छलफल निर्देशिका जस्ता तथ्याङ्क संकलनका साधनहरुको प्रयोग गरिएको थियो ।

## १.७ सम्वन्धित शब्दको परिभाषा

**अनिवार्य विषय :** अनिवार्य विषय भन्नाले माध्यमिक तहमा अध्ययन गर्ने सबै विद्यार्थीहरुले अनिवार्य रुपमा पढ्नुपर्ने विषयलाई जनाउँदछ ।

**शिक्षण-सिकाइ क्रियाकलाप :** आशा गरिएको उद्देश्य प्राप्त गर्न कक्षाकोठाभित्र विषयवस्तुअनुसार, शैक्षिक सामग्री र शिक्षण विधिको प्रयोग गरी विद्यार्थीहरूका व्यवहारहरू परिमार्जन र परिवर्तन गर्न शिक्षक, विद्यार्थी, विषयवस्तु, सामग्री आदिबीच हुने अन्तरर्क्रियात्मक कार्यलाई जनाउँदछ ।

**सरकारी विद्यालय :** सरकारको लगानीमा सञ्चालन भएका विद्यालय

**शिक्षकको पृष्ठभूमि :** शिक्षकको योग्यता, तालिम, विषय विशिष्टिकरण, अध्यापन गर्ने विषय, जात, लिङ्ग, भाषा, उमेर, शिक्षण अनुभवलाई जनाउँदछ ।

**शिक्षण विधि :** शिक्षकले पाठ्यवस्तु विद्यार्थी समक्ष पुऱ्याउने क्रममा अपनाउने सम्पूर्ण प्रक्रियालाई जनाउँछ ।

# अध्याय-दुई
# पूर्व साहित्यको समीक्षा

पूर्व साहित्य भन्नाले अनुसन्धान गर्न लागिएको विषयमा त्यसभन्दा पहिला भएका अध्ययन कार्यलाई बुझिन्छ । अनुसन्धान प्रतिवेदनमा अध्ययन क्षेत्रसँग सम्बन्धित साहित्यहरुको पुनरावलोकन गरी तिनीहरुलाई तथ्यपूर्ण र सिलसिलेबार रुपमा प्रस्तुत गर्नुपर्दछ । अनुसन्धान नयाँ होस् नदोहारियोस् भन्नका लागि साहित्यको पुनरावलोकन गर्नुपर्ने हुन्छ । सम्बन्धित विषयको ज्ञानको क्षेत्रलाई फराकिलो पार्न समेत साहित्यको पुनरावलोकनले सहयोग पुऱ्याउँदछ । त्यसैले यहाँ यस अध्ययन कार्यलाई सहयोग पुऱ्याउने केही सक्रिय सिद्धान्तहरुको अध्ययन गरि तिनका निष्कर्षलाई समेट्ने प्रयास गरिएको छ । यस अध्ययनका क्रममा माध्यमिक विद्यालयमा अनिवार्य विषयहरुको शिक्षण-सिकाइ क्रियाकलापको अवस्थासँग सम्बन्धित पूर्वसाहित्यको समीक्षा निम्नानुसार गरिएको छ ।

## २.१ सैद्धान्तिक अध्ययन

आदर्शवादीहरुले जुनसुकै विषयको शिक्षण-सिकाइ क्रियाकलापको प्रभावकारिता शिक्षकको विवेकमा सुम्पेका छन् । आदर्शवादी सुकरातले प्रश्नोत्तर विधि र छलफल विधिद्वारा शिक्षणलाई अगाडि बढाउनुपर्दछ भनेका छन् भने उनका शिष्य प्लेटोले वादविवादलाई शैक्षिक प्रक्रियाका रुपमा सिफारिस गरेका छन् । हेगलले तार्किक विधिद्वारा उपयुक्त शिक्षण-सिकाइ क्रियाकलाप हुने कुरामा जोड दिएका छन् (*सिंह, २०६५)*।

प्रसिद्ध प्रयोजनवादी दार्शनिक जोन डिवेले प्रयोजनवादी शैक्षिक प्रक्रियालाई आफ्नो प्रकारको हुने बताएका छन् । उनका अनुसार यस शैक्षिक प्रक्रियाभित्र बालक अपरिपक्व-अविकसित प्राणी हो र उसलाई परिपक्व र अनुभवी युवकहरुले समाजमा सामाजिक लक्ष्य, मूल्य-मान्यताका आधारमा अघि बढाइरहेका हुन्छन् । त्यसैले यिनै तत्वहरुका विचको अन्तरक्रिया नै शैक्षिक प्रक्रिया हो, उनको सिद्धान्तको केन्द्रबिन्दु रहेको विधि Project method हो । यस विधिमा विद्यार्थीको उद्देश्य चाख र उपयोगिताका आधारमा गरेर सिक्नेमा केन्द्रित हुनुपर्दछ (*शर्मा, २०६५*) ।

यथार्थवादी दर्शन अनुसार जुनसुकै शिक्षण-सिकाइ क्रियाकलापमा प्रत्यक्ष अवलोकन हुन आवश्यक हुन्छ । विद्यालयका कक्षा शिक्षणमा एकातिर इन्द्रियहरुको प्रयोग गरिन्छ भने अर्कोतिर भ्रमण यात्राहरु गरी प्रत्यक्ष अवलोकनद्वारा शिक्षण गरिन्छ । यस कक्षा शिक्षणमा वस्तुगत ज्ञानका लागि रचिएका विषयवस्तुको प्रस्तुती गरे पनि ती विषयवस्तुहरुको प्रत्यक्ष अवलोकन वा साक्षात्कार गराइन्छ । यथार्थवादीहरु इन्द्रिय ज्ञानलाई बढी जोड दिने भएकाले

कक्षा शिक्षणमा विद्यार्थी सामु विषयवस्तुको अवलोकन गराइन्छ । यस्तो कक्षा शिक्षणमा आगमन विधिको प्रयोग गरिन्छ साथै विषयवस्तुलाई अवलोकन गराइन्छ, विद्यार्थी त्यस विषयवस्तुलाई देखेर, चाखेर, सुघेर तथा अनुभव गरेर त्यस वस्तुबाट जानकारी प्राप्त गर्दछन् । यसका अतिरिक्त यथार्थवादी कक्षा शिक्षणमा प्रदर्शन विधि, प्रयोगात्मक विधि, छलफल, वादविवाद विधि पनि आवश्यकता अनुसार प्रयोग गरिन्छ । कुनै विषयवस्तु सिकाउँदा विद्यार्थीको इन्द्रियहरुलाई सजग गराउनुका साथै उसको आत्मालाई सक्रिय बनाइन्छ । त्यसपछि विद्यार्थीमा विषयवस्तुप्रति रुचि जाग्दछ र शिक्षण-सिकाइ प्रभावकारी हुन्छ भन्ने विश्वास यथार्थवादी दर्शनको रहेको छ ( सिंह, २०६५) ।

उत्तर आधुनिकवादी दृष्टिकोण अनुसार कुनै नियम निर्माण गर्नुपूर्व कार्य सम्पादन गरिन्छ र तत्पश्चात् प्राप्त अनुभवको आधारमा नियम निर्माण गर्नुपर्दछ । यस दृष्टिकोणको आधारमा विद्यार्थीहरुलाई कक्षाकोठामा विषयवस्तुको शिक्षण गर्दा पहिला कुनै पनि विषयवस्तुमा छलफलबाट अगाडि बढ्न प्रेरित गर्दछ, जसले शिक्षण-सिकाइ प्रभावकारी हुन्छ (Nicholls, 2009)।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

Print, (1993) Curriculum Development and Design ($2^{nd}$ edu) मा शिक्षण-सिकाइ क्रियाकलापलाई निम्नानुसार वर्गीकरण गरी प्रभावकारी शिक्षण-सिकाइ क्रियाकलाप गर्न सकिन्छ भनेका छन्:-

***वर्णनात्मक शिक्षण*** : यस प्रकारको शिक्षणमा पुस्तक, व्यक्ति, शिक्षण, रेडियो, टेलिभिजन इत्यादिबाट सिकारुमा सूचना तथा जानकारीहरु प्रदान गर्न सकिन्छ । कक्षाकोठामा वर्णनात्मक शिक्षणका रुपमा प्रवचन प्रदर्शन, पढाइ-लेखाई तथा श्रव्य-दृश्य प्रस्तुतीहरु गरिन्छन् ।

***अन्तरक्रियात्मक शिक्षण*** : शिक्षक र सिकारु दुवैको सहभागिता र अन्तरक्रियालाई प्रोत्साहन गरिन्छ । सोही अनुरुप प्रश्नोत्तर, छलफल, प्रदर्शनी जस्ता विधिहरुको प्रयोग गरी शिक्षण गरिन्छ ।

***साना समूह :*** कक्षालाई साना-साना समूहमा विभाजन गरी कुनै विषयमा छलफल र प्रयोगात्मक कार्य गर्न सिकारुहरुलाई लगाई शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन गरिन्छ ।

***खोज समस्या-समाधान :*** यस्तो शिक्षणमा सिकारुलाई व्यक्तिगत वा समूहगत रुपमा कुनै पनि विषयमा खोज गरी आफ्नै प्रयासद्वारा समस्या-समाधान गर्न लगाइन्छ ।

***वैयक्तिकरण :*** सिकारुले आफ्नै गतिमा स्वतन्त्र रुपमा सिक्न सक्ने वातावरण निर्माण गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न लगाइन्छ ।

***वास्तविकतामा आधारित ढाँचाहरु :*** यसमा वास्तविक वातावरण, भौतिक नमूना, सिमुलेसन, खेल, भूमिका निर्वाह जस्ता प्रक्रियाहरु अपनाई सिकारुलाई वास्तविक अवस्थाको अनुभूति गर्न लगाइन्छ ।

यसरी Print का अनुसार प्रभावकारी शिक्षण-सिकाइ क्रियाकलाप गर्न विभिन्न सामग्री तथा शिक्षण विधि मार्फत् शिक्षण गर्नुपर्दछ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

शिक्षक शिक्षा, (२०६४) मा भोजबहादुर बलायरले *शिक्षकको पेसागत अभिवृद्धिमा कार्यगत अनुसन्धानको सहयोग* भन्ने शीर्षकमा काभ्रे जिल्लाको माध्यमिक विद्यालय (परिवर्तित नाम) मा भ्रमण गर्ने समयमा अनुसन्धान गर्दा सोही अनुसन्धानबाट निम्न निष्कर्ष निकाल्नु भएको थियो । शिक्षण सेवा अवधिअनुसार शिक्षकको दक्षता बृद्धि जुन रुपमा हुनुपर्ने हो त्यो हुन नसकेको अवस्था देखिन्छ । यसमा तोकिएको पाठ्यपुस्तकलाई मात्र जिम्मेवारीको रुपमा लिई थप ज्ञानको खोजी गर्न नसक्नु प्रमुख कारक तत्व भएको, कार्यक्षेत्रलाई अध्यापनमा मात्र सीमित गरी अध्ययनशिलतालाई गौण बनाउनुले गर्दा यसबाट नयाँ सिर्जना नभई पूरानै अवस्थातर्फ दोहोऱ्याउने र आफूलाई सीमित पारेको अध्ययनमा प्राप्त गरिएको थियो । कार्यगत अनुसन्धान ज्ञानको जन्म गर्ने र सबै क्रियाशील, परिवर्तनकारी साथै जुझारु बनाई राख्ने अनुसन्धानको माध्यम भएता पनि वास्तविक अवस्थामा प्रयोगमा ल्याइएको देखिँदैन । यसर्थ यस अनुसन्धानबाट शिक्षक स्वयम्ले आत्मविकास गरी परिवर्तन गर्न सक्ने अवस्था अझै विद्यमान छ भन्ने दृष्टिकोण र मान्यता स्थापित गर्न शिक्षक आफ्नो पेशाप्रति निष्ठावान, लगनशीलता नभएकोले शिक्षण प्रभावकारी हुन नसकेको निष्कर्ष निकाल्नु भएको थियो ।

शिक्षा विभाग (२०६०) *Teaching material and classroom observation* मा शिक्षकले शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग कसरी गर्दछ, प्रयोग सम्बन्धी ज्ञान छ/छैन, सामग्रीको स्थिति कस्तो छ, शैक्षिक सामग्री पर्याप्त मात्रामा छन् कि छैनन्, शैक्षिक सामग्री विषयवस्तु अनुसार ठीक ढङ्गले प्रयोग भएको छ / छैन भनी अध्ययन गर्नको लागि विभिन्न विकास क्षेत्र, अञ्चल र जिल्लाका विद्यालयको प्रतिनिधित्व हुने गरी १५० वटा कक्षाहरु अवलोकन गर्दा शहरका धेरैजसो विद्यालयहरुमा शैक्षिक सामग्रीहरु उपलब्ध भएको भएतापनि शिक्षकले कक्षा शिक्षणमा प्रयोग नगरेको पाइयो । धेरै शिक्षकलाई प्रयोग सम्बन्धी ज्ञान भए पनि शिक्षणमा प्रयोग नगरेको देखियो । ग्रामिण क्षेत्रका विद्यालयमा भने शैक्षिक सामग्रीको कमी भएको र भएका सामग्री पनि प्रयोग नगरेको अध्ययनबाट प्राप्त भएको थियो । विशेष गरी शैक्षिक सामग्रीको कमी हुने कारण हिमाली र उच्च पहाडी क्षेत्रका दुर्गम विद्यालयमा यातायातको सुविधा कमी हुनुलाई मुख्य समस्या भएको निष्कर्ष निकालेको थियो ।

खनाल (वि.सं. २०६७) ले माध्यमिक तहका शिक्षकहरुको कक्षा शिक्षण अवस्था अध्ययन शीर्षकमा अनिवार्य विषय सामाजिक, नेपाली र विज्ञान विषय शिक्षकहरुको शैक्षणिक योजनाको अवस्था, कक्षाकोठा व्यवस्थापनको अवस्था र कक्षा शिक्षणको अवस्था पत्ता लगाउन धादिङ्ग जिल्लाका चारवटा विद्यालयमा अध्ययन गर्नुभएको थियो । यस अध्ययन अनुसार कक्षा शिक्षणको. अवस्थाका सम्बन्धमा शिक्षकले शैक्षणिक योजनाको निर्माण नगरी शिक्षण गरेका, विद्यालयमा उपलब्ध सामग्रीको मात्र प्रयोग गर्ने गरेका साथै कक्षाकोठा व्यवस्थापनका पक्षहरु कालोपाटीको रखाई र आकार उपयुक्त नभएको विद्यार्थी संख्या अनुपातमा फर्निचर कम भएको साथै कक्षा सजावटमा प्राप्त ध्यान नदिएको अध्ययनमा प्राप्त गर्नुभएको थियो । कक्षामा मनिटरको व्यवस्था गरिएको हुनाले कक्षा अनुशासनमा भने सहयोग पुगेको थियो । कक्षा शिक्षण सुरुवात गर्दा सबै विषयमा शिक्षकले सिधै विषयवस्तुमा प्रवेश गर्ने र कहिलेकाहीँ सामाजिक विषयमा नक्सा, ग्लोब, चित्रहरुको प्रयोग त्यस्तै विज्ञान विषयमा कालोपाटीमा नै सम्पूर्ण शैक्षिक सामग्रीको निर्माण गरी शिक्षण सिकाइ क्रियाकलाप गर्ने गरेका र नेपाली विषयमा पनि कालोपाटीमा नै चित्र बनाई व्याख्या गर्ने गरेको अध्ययनबाट निष्कर्ष निकाल्नु भएको थियो । शिक्षण विधिमा सबै शिक्षकले व्याख्यान विधि बढी प्रयोग गर्नुका साथै कहिलेकाहीँ छलफल, प्रश्नोत्तर, अभिनय, क्षेत्रभ्रमण, अन्वेषण विधि पनि प्रयोग गर्ने गरेको पाइयो । कक्षा शिक्षणको अन्त्यमा व्यक्तिगत र सामूहिक मौखिक प्रश्न सोधी कक्षा कार्य गर्न लगाउने साथै विद्यार्थीहरुलाई कक्षामा पाठको प्रस्तुतीकरण गर्न लगाएर विद्यार्थी मुल्याङ्कन गरी आवश्यकतानुसार पृष्ठपोषण प्रदान गरी गृहकार्य दिने गरेको अध्ययनबाट निष्कर्ष निकाल्नु भएको थियो ।

जोशी (वि.सं. २०६५) ले जनसंख्या तथा वातावरण विषय पाठ्यक्रमको अपेक्षा र कक्षा शिक्षणको अवस्था अध्ययन सम्बन्धी शीर्षकमा अध्ययन गर्नुभएको थियो । उहाँले कक्षा शिक्षणको अवस्था, पाठ्यक्रमका अपेक्षाहरुलाई हासिल गर्न सहज र अवरोध पुऱ्याउने तत्वहरु पत्ता लगाउन, पाठ्यक्रमका उद्देश्यको प्रभावकारी रुपान्तरणका लागि उपायहरुको खोजी गर्न काभ्रे जिल्ला अन्तर्गत पर्ने धुलिखेल, बनेपा र पनौति नगरपालिका भित्रका १० वटा सामुदायिक विद्यालयमा अध्ययनका क्रममा शिक्षकले कक्षा शिक्षणमा पाठ्यपुस्तकको बढी प्रयोग गर्नुका साथै व्याख्यान विधिको अत्यधिक प्रयोग गरी छलफल, प्रश्नोत्तर, प्रदर्शन, अध्ययन भ्रमण, प्रतिवेदन, प्रस्तुती विधिको कम प्रयोग गर्नुका साथै शैक्षिक सामग्रीमा कालोपाटी, चक, डस्टर मात्र दैनिक प्रयोगमा ल्याउने गरेको, आवश्यक शैक्षिक सामग्रीहरु थोरै मात्रामा विद्यालयमा उपलब्ध भएको निष्कर्ष निकाल्नु भएको थियो । कक्षा शिक्षणको क्रममा मौखिक प्रश्न सोधी पाठको अन्त्यमा भएका प्रश्नलाई गृहकार्यको रुपमा प्रयोग गर्न लगाउने पत्ता लगाउनु भएको

थियो । साथै पाठ्यक्रमको जानकारी सबै शिक्षकमा हुनुपर्ने, सोही अनुसार शिक्षण विधि, शैक्षिक सामग्री, मूल्याङ्कन र गृहकार्यमा प्राप्त मात्रामा ध्यान दिई सम्बन्धित विषय शिक्षकले शिक्षण गराउनु पर्ने निष्कर्ष निकाल्नु भएको थियो ।

पा.वि.के.त्रि.वि. ले सन् १९८४ मा त्रि.वि.का क्याम्पसहरुमा अनिवार्य अंग्रेजी शिक्षण-सिकाइको पुनरावलोकन प्रतिवेदनमा सन् १९८३ मा लिइएको त्रि.वि. प्रमाणपत्र तथा स्नातक तहको परीक्षामा ठूलो संख्यामा विद्यार्थीहरु अंग्रेजी विषयमा असफल हुनाका कारण पहिचान गर्न अध्ययन गरिएको थियो । अध्ययनका सहभागी शिक्षकहरुमा केन्द्रित रहेर गरिएको छलफलमा विद्यार्थी, पाठ्यक्रम, शिक्षण-सिकाइको अवस्था, मूल्याङ्कन प्रणाली, शिक्षक स्वयं उपस्थित भई अध्ययन गर्दा विद्यार्थीमा आवश्यक पर्ने अंग्रेजी भाषाको भाषिक क्षमता ज्यादै न्यून भएको, पाठ्यवस्तुको क्रम नमिलेको, शिक्षकलाई गोष्ठी, सेमिनार, सभा सम्मेलन नराखिएकोले, कक्षाकोठामा ठूलो संख्यामा विद्यार्थी चाप भएको, परम्परागत मूल्याङ्कन प्रणालीको प्रयोग जस्ता पक्षहरु नै प्रमुख कारणहरु भएको निष्कर्ष निकालेको थियो ।

खनाल (वि.सं. २०५३) ले *नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरुको अध्ययन* शीर्षकमा अध्ययन गर्नुभएको थियो । उहाँले नेपाली भाषा शिक्षणमा शिक्षण विधिको वर्तमान अवस्था पत्ता लगाउने उद्देश्य राखी अध्ययन गर्दा व्याख्यान, छलफल, पठनबोध विधि नै बढी प्रयोग गरेको निष्कर्ष निकाल्नु भएको थियो । त्यसैले शिक्षणमा विद्यार्थी केन्द्रित विधिलाई बढी जोड दिनुपर्ने, नेपाली विषयको पाठ्यक्रममा उल्लेख गरिएको विधिलाई प्रयोग गर्नुपर्ने, शिक्षण विधिको प्रयोग सम्बन्धमा शिक्षकलाई तालिम दिनुपर्ने, सुपरिवेक्ष्णलाई प्रभावकारी बनाउन समय-समयमा निरीक्षण गरी समयमै सम्बन्धित निकायले समस्या समाधन गर्न ध्यान दिनुपर्ने निष्कर्ष निकाल्नु भएको थियो ।


पनेरु (२०६५) ले *माध्यमिक तहको सामाजिक विषयको शैक्षणिक अवस्था* भन्ने शीर्षकमा अध्ययन गर्नु भएको थियो । उहाँले माध्यमिक तहको सामाजिक शिक्षा शिक्षणको शैक्षणिक अवस्था, शैक्षिक सामग्रीको पहिचान र सामाजिक शिक्षा शिक्षणमा आइपरेका समस्या र समाधानका उपाय पत्ता लगाउन काठमाडौं जिल्ला, कीर्तिपुर नगरपालिकामा सञ्चालित ४ वटा सार्वजनिक विद्यालयका शिक्षक, विद्यार्थी र प्रधानाध्यापकलाई छनौट गर्नु भएको थियो । उक्त तथ्याङ्क संकलनका लागि अन्तर्वार्ता, कक्षाकोठा अवलोकन फारम र लक्षित समूह छलफल निर्देशिका तयार गरी अनुसन्धान गर्नुभएको थियो । उक्त अनुसन्धानको निष्कर्षमा शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक केन्द्रित विधिको प्रभाव, शैक्षिक अवलोकन भ्रमण योजनाबद्ध रुपमा नगराइएको, सामाजिक शिक्षा शिक्षणको लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरुको अभाव

रहेको, अधिकांश शिक्षकहरु तालिम अप्राप्त रहेका, दैनिक पाठयोजना निर्माण नगरिकनै शिक्षण-सिकाइ क्रियाकलाप गरिने गरेको पाइयो । उक्त अध्ययनबाट प्राप्त कुराहरुलाई समाधानका लागि सम्बन्धित विषय शिक्षकको व्यवस्था, तालिमको व्यवस्था, शैक्षिक सामग्रीको प्रयोगमा जोड दिनुपर्ने, पाठयोजना निर्माण गरी शिक्षण गर्नुपर्ने, शैक्षिक भ्रमण, विद्यार्थी केन्द्रित विधिमा जोड दिई सुधारात्मक शिक्षण गराउन सकिने निष्कर्ष निकाल्नु भएको थियो ।

खनाल (२०६७) ले *सामुदायिक विद्यालयमा माध्यमिक विद्यालयको सामाजिक अध्ययन शिक्षण* शीर्षकमा अध्ययन गर्नुभएको थियो । उहाँले आफ्नो अध्ययनमा सामाजिक विषय शिक्षकको अवस्था, शैक्षिक सामग्री उपलब्धता र प्रयोगको स्थिति पत्ता लगाउने उद्देश्य राख्नुभएको थियो । नमूना छनौटमा स्याङ्गजा जिल्ला अन्तर्गत नरोदय उ.मा.वि. श्रोत केन्द्र अन्तर्गतका ३ वटा सामुदायिक मा.वि. लाई लिई कक्षा ९ र १० का विषय शिक्षक, विद्यार्थी र कक्षा शिक्षण अवलोकन गर्न क्रमशः अन्तर्वार्ता प्रश्नावली, लक्षित समूह छलफल निर्देशिका र कक्षा शिक्षण अवलोकन फारमको प्रयोग गरी अनुसन्धान गर्नुभएको थियो । उहाँले आफ्नो अध्ययनको निष्कर्षमा सामाजिक अध्ययन विषय शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगमा कमी भएको, स्थानीय सामग्रीको प्रयोगमा कमी, शिक्षकले पाठ्यक्रमको प्रयोग नगरेको, विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध नभएको, शिक्षकले शैक्षिक योजना निर्माण नगरी शिक्षण गर्ने, विद्यार्थी केन्द्रित विधिको प्रयोगमा कमी, मूल्याङ्कन तथा पृष्ठपोषणमा कमी जस्ता समस्याहरु रहेको उल्लेख गर्नुभएको थियो । यी समस्याहरुको समाधानको लागि सन्दर्भ सामग्रीको व्यवस्था, वार्षिक कार्ययोजना, दैनिक पाठयोजनाको निर्माण र प्रयोग गर्नुपर्ने, विद्यार्थी केन्द्रित विधिलाई बढावा दिनुपर्ने, स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोगमा ध्यान दिनुपर्ने, शैक्षिक भ्रमण गराउनुपर्ने, शिक्षक निर्देशिकाको प्रयोग गर्नुपर्ने साथै विद्यार्थी मूल्याङ्कनमा ध्यान दिएमा शिक्षणलाई प्रभावकारी बनाउन सकिने निष्कर्ष निकाल्नु भएको थियो ।

## २.३ अवधारणाात्मक ढाँचा

माध्यमिक तहको अनिवार्य विषयहरुमा शिक्षण-सिकाइ क्रियाकलाप सम्वन्धी अध्ययन गर्न अवधारणात्मक ढाँचा निम्नानुसार तयार गरिएको थियो :-



# अध्याय-तीन

## अध्ययन विधि

अध्ययन विधि भन्नाले अध्ययन कार्य सम्पन्न गर्न अपनाइने तौरतरिका हो । जसले अध्ययनलाई उपयुक्त लक्ष्य हासिल गर्न मार्गदर्शन गर्दछ । कुनै पनि अध्ययनलाई सम्पन्न गर्नका निमित्त पूर्व निर्धारित विधि एवम् प्रक्रियाहरुको अवलम्बन गर्नुपर्दछ । त्यसैले अनुसन्धानलाई कसरी अगाडि बढाउने भन्ने कुरा अनुसन्धान विधिले प्रष्ट पार्दछ । अनुसन्धान गर्दा निश्चित विधि अपनाएर कार्य गरेमा जटिल कार्य पनि सरल र सहज हुन जान्छ । कुनै पनि सत्य, तथ्य, यथार्थ प्राप्त गर्न ज्ञानको खोजी र पहिचान गरी समस्या-समाधानको उचित तरिका अपनाउन गरिने खोज वा शोधलाई अनुसन्धान भनिन्छ । शैक्षिक अनुसन्धान विधि शैक्षिक सिद्धान्त निर्माण र समस्या-समाधानमा केन्द्रित हुने भएकाले पुरानो ज्ञानलाई परिमार्जन गर्नु र नयाँ ज्ञान प्राप्त गर्नु रहेको हुन्छ । सकेसम्म अनुसन्धान नियन्त्रित, व्यवस्थित, वैध, अनुभवसिद्ध, प्रमाणीकरण, योग्य र यथार्थपरक हुनुपर्ने कुरा वर्तमानका अनुसन्धान विज्ञहरुको रहेको छ । अनुसन्धानलाई तीन भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ जसमा गुणात्मक अनुसन्धान र परिमाणात्मक अनुसन्धान विधि र मिश्रित ।

प्रस्तुत अनुसन्धानमा गुणात्मक विधिको प्रयोग गरिएको छ । अध्ययनको मुख्य उद्देश्य कुनै अवस्था, प्रक्रिया, समस्या तथा घटनाको व्याख्या, विश्लेषण गर्नु रहेको छ भने सो उद्देश्यको स्वरुप सांख्यिक नभएर शाब्दिक बढी हुने गर्दछ र विभिन्न अवस्था, प्रक्रिया, समस्या तथा घटनाको अध्ययन तथा विश्लेषणको क्रममा तिनीहरुलाई परिमाणात्मक सांख्यिक मानमा रुपान्तरण नगरी शाब्दिक रुपमा मात्रै व्याख्या विश्लेषण गरिन्छ भने त्यस्तो अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ । गुणात्मक अनुसन्धानले कुनै पनि विषयवस्तुको गहिराइमा गएर अध्ययन गरी त्यसको वास्तविकता बाहिर ल्याउने कार्य गर्दछ  त्यसैले प्रस्तुत अनुसन्धान पनि माध्यमिक तहको अनिवार्य विषयहरुमा शिक्षण-सिकाइ क्रियाकलापको अवस्थाका लागि गहिराइमा पुगी अनुसन्धान गरिएको थियो । त्यसैले यस अध्ययनका प्रक्रिया, समस्या, घटनालाई यथास्थिति र प्राकृतिक अवस्थामा नै अध्ययन गरिएको थियो । साथै नियन्त्रण र परीक्षणको कृत्रिमतालाई हटाई तिनीहरूको स्वतन्त्र स्वरूपलाई नै अध्ययन गरिएको थियो । अध्ययनबाट प्राप्त परिमाणात्मक तथ्याङ्कहरूलाई पनि पूर्ण गुणात्मक विधिमा आधारित रही शाब्दिक रुपमा व्याख्यात्मक प्रक्रियाबाट विश्लेषण गरिएको हुनाले यस अध्ययन गुणात्मक अनुसन्धानमा आधारित रहेको छ ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धानका लागि निश्चित योजना तथा रणनीतिको आवश्यकता पर्दछ । पूर्वयोजना तथा तयारी विना गरिने अनुसन्धानको निश्चित लक्ष्यसम्म पुग्न सकिँदैन । त्यसकारण अनुसन्धानका लागि तयार पारिने बृहत् योजना तथा रणनीतिलाई नै अनुसन्धान ढाँचा भनिन्छ । यस अध्ययनका लागि निम्नानुसारको अनुसन्धान ढाँचा तयार पारिएको छ ।

| क.सं. | उद्देश्य | स्रोत | साधन |
|---|---|---|---|
| (क) | शिक्षकहरुको पृष्ठभूमिको पहिचान गर्नु । | (क) प्रधानाध्यापक,<br>(ख) शिक्षक,<br>(ग) दस्तावेज | (क) अन्तर्वार्ता निर्देशिका<br>(ख) अन्तर्वार्ता निर्देशिका<br>(ग) दस्तावेज अध्ययन |
| (ख) | शिक्षण-सिकाइ क्रियाकलापको अवस्था पत्ता लगाउनु । | (क) कक्षा अवलोकन,<br>(ख) प्रधानाध्यापक,<br>(ग) शिक्षक,<br>(घ) विद्यार्थी | (क) अवलोकन फारम<br>(ख) अन्तर्वार्ता निर्देशिका<br>(ग) अन्तर्वार्ता निर्देशिका<br>(घ) समूह छलफल निर्देशिका |
| (ग) | शिक्षण-सिकाइ क्रियाकलापप्रति शिक्षक तथा विद्यार्थीको दृष्टिकोण पहिचान गर्नु । | (क) शिक्षक,<br>(ख) विद्यार्थी | (क) अन्तर्वार्ता निर्देशिका<br>(ख) समूह छलफल निर्देशिका |

## ३.२ जनसंख्या र नमूना छनौट

यस अध्ययनको लागि कास्की जिल्ला लेखनाथ नगरपालिकाभित्रका ४ वटा सामुदायिक माध्यमिक तहमा अध्ययन गरिने अनिवार्य विषय जसमा नेपाली, गणित, अंग्रेजी, सामाजिक, विज्ञान, स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा विषय अध्ययन-अध्यापन गराउने २४ जना विषय शिक्षक, ४ जना प्रधानाध्यापक र एउटा विद्यालयबाट ८ जनाको दरले ३२ जना विद्यार्थीहरुलाई छनौट गरिएको थियो । सीमित साधन-स्रोत र समयका कारण जनसंख्याको ठूलो समूहको प्रतिनिधित्व हुने गरी जम्मा ६० जनालाई नमूना छनौट गरिएको थियो ।

### ३.२.१ क्षेत्र छनौट

माध्यमिक तहको कक्षा ९ का अनिवार्य विषयहरुमा शिक्षण-सिकाइ क्रियाकलापको अवस्था अध्ययन गर्न कास्की जिल्ला लेखनाथ नगरपालिका भित्र सञ्चालित ४ वटा विद्यालयलाई छनौट गरिएको थियो । अन्य क्षेत्रको तुलनामा चेतनाको दृष्टिले अगाडि भएको साथै शिक्षण-सिकाइ क्रियाकलाप सम्बन्धी विद्यार्थी, शिक्षकहरुसँग राय बुझ्न सजिलो हुने र आफ्नो घर पायक पर्ने भएकोले अध्ययनमा समय, लगानीको दृष्टिले सुलभ हुनुका साथै

अध्ययनमा वास्तविक सूचना थाहा पाउन सकिने भएकाले यस अध्ययन क्षेत्र छनौट गरिएको थियो ।

### ३.२.२ विद्यालय छनौट

कास्की जिल्ला लेखनाथ नगरपालिकामा सञ्चालित सरकारी माध्यमिक १५ विद्यालयहरुमध्ये सीमित साधन स्रोत र समयको कारणले उद्देश्यात्मक नमूना छनौट विधि मार्फत् ४ वटा विद्यालय जसमा श्री लक्ष्मी आदर्श उच्च माध्यमिक विद्यालय, लेखनाथ ७ शिशुवा । श्री जनप्रकाश उच्च माध्यमिक विद्यालय, लेखनाथ १ भण्डारढिक । श्री लक्ष्मी उच्च माध्यमिक विद्यालय, लेखनाथ ३ अर्घौ र श्री जनज्योति गाउँ फर्क माध्यमिक विद्यालय, लेखनाथ ४ जलधारेलाई छनौट गरिएको थियो ।

### ३.२.३ प्रधानाध्यापक छनौट

कुनै पनि संघ संस्थाको प्रमुख व्यक्तिलाई त्यहाँको वास्तविकता थाहा हुन्छ । त्यसैले यस अध्ययनमा प्र.अ.बाट आधिकारिक, सत्य, तथ्य सूचना संकलनमा हुने भएकाले सम्बन्धित विद्यालयका प्र.अ.लाई छनौट गरिएको छ जसमा शिक्षकहरुको पृष्ठभूमि पहिचान गर्नु र शिक्षण-सिकाइ क्रियाकलापको अवस्था सम्बन्धी सूचना संकलन गर्नका लागि छनौटमा परेका प्रत्येक माध्यमिक विद्यालयका  प्रध्यानाध्यापकलाई उद्देश्यात्मक नमूना छनौट विधिद्वारा स्वतः छनौट गरिएको थियो ।

### ३.२.४ शिक्षक छनौट

शिक्षकलाई सम्बन्धित विषयको शिक्षण सम्बन्धी यथार्थ जानकारी हुने हुँदा यस अध्ययनमा आवश्यक तथ्य, सत्य, यथार्थ सूचना सङ्कलन गर्न छनौटमा परेका चारवटै माध्यमिक विद्यालयमा अनिवार्य विषय अध्यापनरत कक्षा ९ का शिक्षकहरुलाई शिक्षण-सिकाइ क्रियाकलापको अवस्था पत्ता लगाउन र शिक्षण-सिकाइ क्रियाकलापप्रति शिक्षकहरुको दृष्टिकोण पहिचान सम्बन्धी आवश्यक सूचना संकलनको लागि २४ जना शिक्षकलाई स्वतः छनौट गरिएको थियो ।

### ३.२.५ विद्यार्थी छनौट

विद्यालयको शिक्षण-सिकाइ क्रियाकलापमा प्रत्यक्ष संलग्न र त्यसबाट प्रभावित हुने व्यक्ति पनि विद्यार्थी नै भएकाले यस अध्ययनमा आधिकारिक, सत्य, तथ्य, सूचना प्राप्त गर्न सम्बन्धित विद्यालयका विद्यार्थीसँग प्राप्त गर्न सकिने भएकोले नमूना छनौटमा परेका प्रत्येक विद्यालयका कक्षा नौ का ४ जना छात्र र ४ जना छात्रा पर्नेगरी ४ वटै विद्यालयका जम्मा ३२

जना विद्यार्थीहरुलाई शिक्षण-सिकाइ क्रियाकलापको अवस्था पत्ता लगाउन र शिक्षण-सिकाइ क्रियाकलाप प्रति शिक्षक र विद्यार्थीहरुको दृष्टिकोण सम्बन्धी आवश्यक सूचना संकलनको लागि गोलाप्रथाद्वारा छनौट गरिएको थियो ।

### ३.३ साधनको निर्माण

तथ्याङ्क संकलनको निमित्त प्रयोग गरिने औजारलाई अध्ययनका साधनहरु भनिन्छ । अध्ययनको क्रममा प्राप्त गरिने सूचना तथ्य, प्रमाण, जानकारी तथा आँकडाहरु नै तथ्याङ्क हुन् । शैक्षिक अनुसन्धानमा धेरैजसो तथ्याङ्कहरु संख्यात्मक हुँदैनन् तर पनि उपयुक्त विधि तथा नियमहरको प्रयोग गरी गुणात्मकमा रुपान्तरण गर्न सकिन्छ । तथ्याङ्क सङ्कलनको साधनहरुमा अन्तर्वार्ता निर्देशिका, अवलोकन फारमहरु, प्रश्नावली, दस्तावेज अध्ययन, घटनावृत्त अभिलेख अध्ययन जस्ता साधनहरुको प्रयोग गरिन्छ । प्रस्तुत अध्ययनको उद्देश्य पूरा गर्नको लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचनाहरु सरल एवं व्यवस्थित् रुपबाट संकलन गर्नका लागि निम्न साधनहरु निर्माण गरी प्रयोग गरिएको थियो :-

### ३.३.१ अन्तर्वार्ता निर्देशिका

अन्तर्वार्ता भन्नाले दुई वा दुई भन्दा बढी व्यक्तिहरु आमने सामने बसेर निश्चित उद्देश्य र प्रश्नहरुमा केन्द्रित भई दोहोरो वार्तालाप गरिने प्रक्रियालाई बुझिन्छ । अन्तर्वार्ता मुख्य गरी दुई किसिमको हुन्छ जसमा संरचित र असंरचित । प्रस्तुत अध्ययनमा असंरचित अन्तर्वार्ता प्रयोग गरिएको थियो. । पूर्व निर्धारित योजना विना नै गरिने अन्तर्वार्तालाई असंरचित अन्तर्वार्ता भनिन्छ । त्यसैले यस अध्ययन गुणात्मक सूचना संकलन गर्न पर्ने भएकाले अध्ययनमा गहिराई सम्म पुग्नको लागि यहाँ असंरचित अन्तर्वार्ताको प्रयोग गरिएको थियो । यस अध्ययनमा माध्यमिक तहको अनिवार्य विषय अध्यापन गर्ने शिक्षकहरुको पृष्ठभूमी पहिचान गर्न र शिक्षण-सिकाइ क्रियाकलापको अवस्था र दृष्टिकोण पत्ता लगाउन छनौटमा परेका शिक्षक र प्र.अ. लाई असंरचित अन्तर्वार्ता लिइएको थियो ।

### ३.३.२ लक्षित समूह छलफल

लक्षित समूह छलफल भन्नाले त्यस्तो विशेष प्रकारको समूह को जसको समान उद्देश्य, समान विशेषताहरु हुन्छन्, निश्चित आकार हुन्छ र निश्चित प्रक्रियाको आधारमा संचालन गरिएको हुन्छ । यस अध्ययनमा विद्यार्थीलाई लक्षित समूहको रुपमा लिइएको थियो । जसमा शिक्षण-सिकाइ क्रियाकलापको अवस्था र दृष्टिकोण पत्ता लगाउन छनौटमा परेका विद्यालयका विद्यार्थीहको लागि समूह छलफल निर्देशिका तयार गरि सोही अनुसार आवश्यक सूचना सङ्कलन गरिएको थियो ।

### ३.३.३. कक्षा अवलोकन फारम

शैक्षिक अनुसन्धानका प्राथमिक सूचना संकलन गर्न अनुसन्धानकर्ता स्वयम् कक्षाकोठामा प्रवेश गरी वस्तु, घटना, व्यक्ति, क्रिया वा व्यवहार आदि विविध पक्षहरुको प्राकृतिक तवरमा नै प्रत्यक्ष अवलोकन गर्न निर्माण गरिएको फारमलाई कक्षा अवलोकन फारम भनिन्छ । अवलोकन सहभागीतामूलक र असभागितामूलक गरी दुई किसिमको हुन्छ । यहाँ अध्ययनकर्ता सम्बन्धित विद्यालयको कक्षा शिक्षण क्रियाकलाप अवलोकन गर्न प्रत्यक्ष सहभागी भएर अध्ययन गरिएकाले सहभागीमूलक विधिको प्रयोग गरिएको थियो. जसमा माध्यमिक तहको अनिवार्य विषयहरुको शिक्षण-सिकाइ क्रियाकलापको अवस्था अध्ययनका लागि कक्षा शिक्षण अवलोकन फारम निर्माण गरिएको थियो जसमा पाठयोजनाको तयारी, पाठ्यवस्तुको प्रस्तुती, कक्षाकोठा व्यवस्थापन, शिक्षण विधि, शैक्षिक सामग्री, मूल्याङ्कन, गृहकार्य सम्बन्धी विषयवस्तु राखी छनौटमा परेका विद्यालयका प्रत्येक विषयको २ पटकका दरले ४८ वटा कक्षाकोठा अवलोकन गरी सूचना सङ्कलन गरिएको थियो ।

### ३.३.४ दस्तावेज अध्ययन

अनुसन्धानको क्रममा सम्बन्धित् संघ संस्थाका विभिन्न महत्वपूर्ण सूचनाहरु फाइल गरी राखिएको प्रमाणहरुलाई दस्तावेज भनिन्छ । यस अध्ययनमा विद्यालयमा रहेका प्रमाणहरुलाई अध्ययन गरी सूचना सङ्कलनका लागि दस्तावेज अध्ययन गरिएको थियो जसमा माध्यमिक तहका अनिवार्य विषय शिक्षकहरुको शैक्षिक योग्यता, तालिम, शिक्षण अनुभव, लिङ्ग, उमेर, भाषा, ठेगाना, धर्म, स्थायी/अस्थायी, विषय विशिष्टीकरण र अध्यापन गराउने विषय सम्बन्धी अध्ययनका लागि छनौटमा परेका विद्यालयहरूका सम्वन्धित दस्ताबेजहरू अध्ययन गरि सूचना संकलन गरिएको थियो ।

## ३.४ तथ्याङ्क संकलन प्रक्रिया

माध्यमिक तहको अनिवार्य विषयहरुमा शिक्षण-सिकाइ क्रियाकलापको अवस्था अध्ययनका लागि प्राथमिक र सहायक श्रोतहरुलाई तथ्याङ्क संकलनका लागि प्रयोग गरिएको थियो । जसअनुरुप प्राथमिक संकलनका लागि नमूना छनौटमा परेका सम्बन्धित विद्यालयका प्र.अ. र शिक्षकहरुसँग निर्धारित प्रक्रिया अनुरुप अन्तर्वार्ता लिइएको थियो । त्यस्तै विद्यार्थीहरुलाई समूह छलफल निर्देशिका तयार गरी आवश्यक सूचना संकलन गरिएको थियो । साथै कक्षाकोठामा सहभागितात्मक रुपमा संचालित शिक्षण-सिकाइ क्रियाकलापको अवलोकन गरी सूचनाहरु प्राप्त गरिएको थियो भने सहायक श्रोत अन्तर्गत विद्यालयमा राखिएका रेकर्ड एवं अभिलेख, दस्तावेज, कार्यतालिका अवलोकनलाई लिएको थियो । जसअनुसार यस अध्ययनको उद्देश्यमा आधारित रही यथार्थ सूचनाहरुको सङ्कलनका लागि आवश्यक साधनको निर्माण गरी त्रिभुवन विश्वविद्यालय अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विभागबाट औपचारिक पत्र लिएको

थियो । त्यस पश्चात् कास्की जिल्ला लेखनाथ नगरपालिकाका ४ वटा सामुदायिक माध्यमिक विद्यालयलाई उद्देश्यात्मक नमूना विधिमा आधारित रही छनौट गरिएको थियो । छनौटमा परेका विद्यालयका प्र.अ.सँग भेटी आफ्नो अध्ययनको उद्देश्यको जानकारी गराई आवश्यक तथ्याङ्क संकलनका लागि अनुमति लिइयो । त्यस पश्चात् शिक्षकसँग अनुमति लिई अन्तर्वार्ता, कक्षा शिक्षण अवलोकन, प्र.अ.सँग अन्तर्वार्ता तथा दस्तावेज अध्ययन र विद्यार्थीसँग समूह छलफल गरी सूचना संकलन गरिएको थियो ।

## ३.५ विश्लेषण प्रक्रिया

शैक्षिक अनुसन्धानमा संख्यात्मक तथ्याङ्क मात्र नभई गुणात्मक तथ्याङ्कहरु पनि संकलन हुन्छन् । यस अध्ययनको उद्देश्य पूरा गर्न आवश्यक सूचना संकलन गर्न निर्माण गरिएका अध्ययन सामग्री कक्षा अवलोकन फारम, अन्तर्वार्ता निर्देशिका, लक्षित समूह छलफल निर्देशिका साथै दस्तावेज अध्ययनबाट प्राप्त प्राकृतिक सूचनाहरुलाई वर्णनात्मक विधि मार्फत् उद्देश्य अनुसार सिलसिला मिलाएर शाब्दिक रुपमा विश्लेषण र व्याख्या गरिएको छ ।

## ३.६ साधनको वैधता निर्धारण

अध्ययनको उद्देश्यसँग सम्बन्धित सूचनाहरु संकलन गर्न अन्तर्वार्ता, निर्देशिका, समूह छलफल निर्देशिका तथा कक्षा अवलोकनको फारम निर्माण गरी उक्त साधनहरुलाई सहपाठी साथीहरु बीच छलफल गरियो । उक्त छलफलबाट प्राप्त सूचना अनुसार साधनलाई आवश्यक परिमार्जन गरी शोध निर्देशकको सल्लाह तथा सुझाव अनुसार अन्तिम रुप दिई त्यसमा आवश्यक संशोधन गरेर वैधानिकिकरण गरिएको थियो ।

## ३.७ नैतिकताको मापदण्डहरू

प्रस्तुत अध्ययनलाई सञ्चालन गर्दा उत्तरदातासँग सुमधुर सम्बन्ध कायम गर्दै उनीहरूको व्यक्तित्वमा आँच आउने कुनै पनि कार्य गरिएको छैन । उत्तरदाताहरूबाट संकलित सूचनाहरूलाई गोप्य राखिने कुराको आश्वासन दिइएको थियो । साथै उनीहरूको व्यक्तित्वमा असर पुऱ्याउने कुनै पनि कुरालाई प्रतिवेदनमा समावेश नगरिने सम्झौता गर्दै उत्तरदाताको सम्मानमा पूर्णतया ध्यान दिएको थियो ।

# अध्याय-चार

# तथ्याङ्क विश्लेषण र व्याख्या

माध्यमिक तहकको अनिवार्य विषयहरुमा शिक्षण-सिकाइ क्रियाकलापको अवस्था अध्ययनको क्रममा प्रयोग गरिएका विभिन्न सामग्री एवम् साधनहरुबाट प्राप्त सूचनाहरुलाई विश्लेषण गरी व्याख्या गरिएको छ । अध्ययन कास्की जिल्ला लेखनाथ नगरपालिका भित्र सञ्चालित चारवटा सामुदायिक माध्यमिक विद्यालयका ४ जना प्रधानाध्यापक, २४ जना शिक्षक र ३२ जना कक्षा ९ का विद्यार्थीहरु गरी जम्मा ६० जनालाई नमुना छनौटको रुपमा लिइ आवश्यक तथ्याङ्क संकलन गरिएको थियो । जसमा माध्यमिक तहको अनिवार्य विषय शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमि पहिचान गर्न, शिक्षण-सिकाइ क्रियाकलापको अवस्था पत्ता लगाउन र शिक्षण-सिकाइ क्रियाकलाप प्रति शिक्षक र विद्यार्थीको दृष्टिकोण पहिचान गर्न प्रधानाधयापक र शिक्षकहरुसँग अन्तर्वार्ता, दस्तावेज अध्ययन, साथै विद्यार्थीलाई समूह छलफल निर्देशिका तयार गरी प्राप्त प्रतिक्रियालाई यस खण्डमा व्याख्या गरिएको छ ।

## ४.१ शिक्षकहरुको पृष्ठभूमि

विद्यालयका प्रमुख तीन अङ्गमध्ये शिक्षकलाई महत्वपूर्ण अङ्गका रुपमा लिइदै आइरहेको छ । त्यसकारण विद्यालयको शैक्षिक प्रगति र उन्नतिको लागि शिक्षकको गहन भूमिका हुन्छ । अध्ययनको क्रममा शिक्षकहरुको पृष्ठभूमि अन्तर्गत शैक्षिक योग्यता, तालिम, शिक्षण अनुभव, विषय विशिष्टीकरण, अध्यापन गराउने विषय, लैङ्गिक अवस्था, उमेर, मातृभाषा, धार्मिक अवस्था, जात/जाती सम्बन्धी सूचना सङ्कलनका लागि सम्बन्धित विद्यालयका प्रधानाध्यापक र शिक्षकसँग अन्तर्वार्ता तथा दस्तावेज अध्ययनबाट निम्न लिखित सूचनाहरु प्राप्त भएका थिए :-

### ४.१.१ नेपाली विषय शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमि

माध्यमिक तहमा अनिवार्य नेपाली विषय शिक्षण गराउने शिक्षकहरुको पृष्ठभूमिलाई निम्न लिखित तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१**

**नेपाली विषय शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमि**

| शिक्षक विवरण | विद्यालयका नेपाली विषय शिक्षक | | | |
|---|---|---|---|---|
| | लक्ष्मी आदर्श उ.मा.वि. | जनप्रकाश उ.मा.वि. | अमरज्योति गाउँ फर्क मा.वि. | लक्ष्मी उ.मा.वि. |
| ठेगाना स्थायी | ले.न.पा.१ | ले.न.पा.१ | कास्कीकोट गा.वि.स. | ले.न.पा. २ |
| जात/जाति | ब्राह्मण | ब्राह्मण | ब्राह्मण | ब्राह्मण |
| लैङ्गिक अवस्था | पुरुष | पुरुष | पुरुष | महिला |
| उमेर अवस्था | ५६ वर्ष | ४२ वर्ष | ३३ वर्ष | ४७ वर्ष |
| मातृभाषा | नेपाली | नेपाली | नेपाली | नेपाली |
| धार्मिक अवस्था | हिन्दु धर्म | हिन्दु धर्म | हिन्दु धर्म | हिन्दु धर्म |
| शैक्षिक योग्यता | बि.ए. | एम.ए., बि.एड. | एम.ए., बि.एड. | बि.एड. |
| तालिम | प्राप्त | प्राप्त | प्राप्त | प्राप्त |
| विषय विशिष्टीकरण | नेपाली | नेपाली+इतिहास | नेपाली | नेपाली |
| शिक्षण गर्ने विषय | नेपाली | नेपाली | नेपाली | नेपाली |
| शिक्षण अनुभव वर्ष | २७ वर्ष | २० वर्ष | १२ वर्ष | २३ वर्ष |
| स्थायी/अस्थायी/अन्य | स्थायी | स्थायी | राहत | अस्थायी |

स्रोतः स्थलगत अध्ययन, २०६७ ।

माथि उल्लेखित तालिका ४.१ अनुसार माध्यमिक तहमा अनिवार्य नेपाली विषय शिक्षकहरु सबै ब्राह्मण समुदायका साथै तीनजना शिक्षक ले.न.पा.स्थायी घर भएका र एक जना विद्यालय देखि घरको दुरी टाढा अथवा घर पायक नभएको देखियो । त्यस्तै तीन जना पुरुष र एक जना महिला शिक्षक हुनुका साथै ३३ वर्ष देखि ५६ वर्ष उमेर पुगेका मातृभाषा नेपाली र सबैले हिन्दु धर्म मान्दै आएको पाइयो । शैक्षिक योग्यता तर्फ सबैले आवश्यक न्यूनतम् स्नातक तह उत्तिर्ण गरेका नै पाइयो भने सबै शिक्षक तालिम प्राप्त, आफूले अध्ययन गरेको विषय र अध्यापन गराउने विषय पनि नेपाली नै भएको पाइनुका साथै १२ वर्ष देखि २७ वर्ष सम्म शिक्षण अनुभव प्राप्त गरेको देखियो । दुई जना शिक्षक स्थायी, एक जना अस्थायी र एक जना राहत दरबन्दीमा नियुक्ति भई शिक्षण गराउँदै आइरहेको पाइयो ।

माध्यमिक तहमा अनिवार्य नेपाली विषय शिक्षण गर्ने शिक्षकहरु अधिकांश स्थानीय, मातृभाषा नेपाली साथै हिन्दु धर्म मान्दै आएका पाइयो ।सबै शिक्षक ब्राह्मण समुदायका,

आवश्यक न्यूनतम योग्यता पूरा गरेका अधिकांश पुरुष र एक जना महिला शिक्षक त्यस्तै आफूले अध्ययन गरेको र अध्यापन गराउने विषयमा समानता हुनुका साथै सबैले न्यूनतम बाह्र वर्ष भन्दा माथि शिक्षण अनुभव हासिल गरेका हुनाले नेपाली विषय शिक्षकका प्रायजसो सबै पक्षहरुमा समानता नै भएको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.१.२ अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमि

माध्यमिक विद्यालयमा अनिवार्य अंग्रेजी विषय शिक्षण गराउने शिक्षकहरुको पृष्ठभूमिलाई प्राप्त सूचना अनुसार निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२**

**अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमि**

| शिक्षक विवरण | विद्यालयका अंग्रेजी विषय शिक्षक | | | |
|---|---|---|---|---|
| | लक्ष्मी आदर्श उ.मा.वि. | जनप्रकाश उ.मा.वि. | अमरज्योति गाउँ फर्क मा.वि. | लक्ष्मी उ.मा.वि. |
| स्थायी ठेगाना | ले.न.पा. ८ | ले.न.पा. १ | ले.न.पा. ४ | ले.न.पा. ३ |
| जात / जाति | ब्राह्मण | ब्राह्मण | ब्राह्मण | ब्राह्मण |
| लैङ्गिक अवस्था | पुरुष | पुरुष | पुरुष | पुरुष |
| उमेर अवस्था | ३६ वर्ष | ३५ वर्ष | ३४ वर्ष | ५३ वर्ष |
| मातृभाषा | नेपाली | नेपाली | नेपाली | नेपाली |
| धार्मिक योग्यता | हिन्दु धर्म | हिन्दु धर्म | हिन्दु धर्म | हिन्दु धर्म |
| शैक्षिक अवस्था | बि.ए. बि.एड. | बि.ए. बि.एड. | बि.ए. | बि.ए. बि.एड. |
| तालिम | प्राप्त | प्राप्त | प्राप्त | प्राप्त |
| विषय विशिष्टीकरण | अंग्रेजी + समाजशास्त्र | अंग्रेजी + जनसंख्या | अंग्रेजी | अंग्रेजी |
| शिक्षण गर्ने विषय | अंग्रेजी | अंग्रेजी + जनसंख्या | अंग्रेजी | अंग्रेजी |
| शिक्षण अनुभव वर्ष | १५ वर्ष | १३ वर्ष | १० वर्ष | ३१ वर्ष |
| स्थायी/अस्थायी/अन्य | अस्थायी | अस्थायी | राहत | स्थायी |

स्रोतः स्थलगत अध्ययन, २०६७ ।

प्रस्तुत तालिका ४.२ मा अंग्रेजी विषय शिक्षकहरुको विद्यालय देखि घरको दुरी नजिक देखियो अथवा सबै शिक्षक लेखनाथ नगरपालिका स्थायी ठेगाना भएका ब्राह्मण समुदायका पुरुष नै भएको पाइयो । उमेरको हकमा न्यूनतम ३६ देखि ५३ वर्ष विचका सबैको मातृभाषा नेपाली साथै धार्मिक अवस्था हिन्दु धर्म मानि आएका देखिन्छन् । शैक्षिक योग्यता तर्फ सबै शिक्षकले न्यूनतम योग्यता पूरा गरेका साथै तालिम प्राप्त नै देखियो भने आफूले अध्ययन गरेको विषय र अध्यापन गराउने विषय पनि अंग्रेजी भएको साथै शिक्षण अनुभव न्यूनतम १० देखि ३१ वर्ष अनुभव प्राप्त र दुई जना अस्थायी, एक जना राहत तथा एक जना स्थायी शिक्षक दरवन्दिमा नियुक्ति भएका देखिन्छन् ।

यसरी माध्यमिक विद्यालयमा अंग्रेजी विषय शिक्षण गर्ने सबै शिक्षक स्थानीय समुदायका लैङ्गिक अवस्था, मातृभाषा, धार्मिक अवस्था, जातजाति एउटै पाउनुका साथै उमेरमा पनि सबै शिक्षकको मिल्दोजुल्दो नै देखिन्छ । आफूले अध्ययन गरेको विषय र हाल शिक्षण गर्ने पनि अंग्रेजी विषय भएकोले शिक्षण सहज हुने देखिन्छ भने सबै शिक्षकहरुले दश वर्ष भन्दा माथि शिक्षण अनुभव प्राप्त गरेका कुरा तालिकाबाट प्राप्त हुन आउँदछ । त्यसैले समग्रमा माध्यमिक विद्यालयका अंग्रेजी शिक्षकको पृष्ठभूमिमा प्रायः धेरै पक्षहरुमा समानता नै रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.१.३ गणित विषय शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमि

अध्ययनको क्रममा छनौटमा परेका माध्यमिक विद्यालयका गणित विषय शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमिलाई निम्नानुसार तालिकामा देखाई प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.३**

**गणित विषय शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमि**

| शिक्षक विवरण | विद्यालयका गणित विषय शिक्षक | | | |
|---|---|---|---|---|
| | लक्ष्मी आदर्श उ.मा.वि. | जनप्रकाश उ.मा.वि. | अमरज्योति गाउँ फर्क मा.वि. | लक्ष्मी उ.मा.वि. |
| स्थायी ठेगाना | ले.न.पा. ६ | पोखरा उ.न.पा. १२ | ले.न.पा. ७ | ले.न.पा. २ |
| जात / जाति | ब्राह्मण | ब्राह्मण | ब्राह्मण | ब्राह्मण |
| लैङ्गिक अवस्था | पुरुष | महिला | पुरुष | पुरुष |
| उमेर अवस्था | ४८ वर्ष | ३८ वर्ष | २६ वर्ष | ३८ वर्ष |
| मातृभाषा | नेपाली | नेपाली | नेपाली | नेपाली |
| धार्मिक अवस्था | हिन्दु | हिन्दु | हिन्दु | हिन्दु |
| शैक्षिक अवस्था | एम.एसी. | बि.एड. | बि.बि.एस. | बि.एड., बि.ए. |
| तालिम | प्राप्त | प्राप्त | प्राप्त | प्राप्त |
| विषय विशिष्टीकरण | गणित | गणित+अर्थशास्त्र | गणित | गणित+जनसंख्या |
| शिक्षण गर्ने विषय | गणित | गणित | गणित | गणित+जनसंख्या |
| शिक्षण अनुभव वर्ष | २७ वर्ष | १४ वर्ष | ७ वर्ष | १७ वर्ष |
| स्थायी/अस्थायी/अन्य | स्थायी | स्थायी | निजी | स्थायी |

स्रोतः स्थलगत अध्ययन, २०६७ ।

माथि उल्लेखित तालिका ४.३ मा गणित विषय अध्यापन गराउने शिक्षकको स्थायी ठेगानालाई हेर्दा तीन जनाको घरपायक अथवा विद्यालय वरिपरि नै देखिन्छ भने एक जना शिक्षकको विद्यालय र घरको दुरी टाढा रहेको छ । लैङ्गिक आधारमा हेर्दा तीन जना पुरुष र एक जना महिला देखियो भने सबै ब्राह्मण समुदायका पाइयो । त्यस्तै उमेर २६ देखि ४८ वर्ष भित्रका मातृभाषा सबैको नेपाली, हिन्दु धर्म मान्ने कुरामा समानता देखियो । शैक्षिक योग्यता अन्तर्गत सबैको न्यूनतम योग्यता पूरा गरेका भएता पनि एक जना बि.बि.एस. दुई जना बि.एड. र एक जना एम.एसी उत्तिर्ण गरेका साथै सबै जना तालिम प्राप्त पाइयो । आफूले अध्ययन गरेको विषय र अध्यापन गराउने विषयमा तीन जनामा समानता देखिए पनि एक जना शिक्षकमा फरक देखिन्छ । शिक्षण अनुभव न्यूनतम ७ देखि २७ वर्षको बीचमा छ भने तीन जना स्थायी र एक जना शिक्षक विद्यालयको निजी स्रोतमा नियुक्ति भई शिक्षण गराउँदै आइरहेको पाइयो ।

समग्रमा माध्यमिक विद्यालयमा अनिवार्य गणित विषय अध्यापन गराउने शिक्षकहरु स्थानीय लेखनाथ नगरपालिका भित्रका स्थायी बासिन्दा भएको देखिन्छ । सबै ब्राह्मण समुदायका मातृभाषा नेपाली साथै हिन्दु धर्म मानी आएको पाइन्छ । अधिकांश शिक्षक पुरुष रहेको पाइयो । विषय विशिष्टीकरण र अध्यापन गराउने विषयमा तीन जनामा शिक्षक नियुक्ति प्रक्रिया सम्भवत देखिन्छ भने एक जनाको प्रक्रिया विपरित रहेको साथै अधिकांश शिक्षकको शिक्षण अनुभव सामान्यतया दश वर्ष भन्दा माथि नै रहेको देखिन्छ । यसबाट अनिवार्य गणित विषय शिक्षण गर्ने शिक्षकमा धेरै पक्षहरुमा समानता नै रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.१.३ विज्ञान विषय शिक्षण गर्ने शिक्षकको पृष्ठभूमि

माध्यमिक विद्यालयका अनिवार्य विज्ञान शिक्षकहरको पृष्ठभूमि सम्बन्धी पक्षहरुलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.४**

**विज्ञान विषय शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमि**

| शिक्षक विवरण | विद्यालयका विज्ञान विषय शिक्षक | | | |
|---|---|---|---|---|
| | लक्ष्मी आदर्श उ.मा.वि. | जनप्रकाश उ.मा.वि. | अमरज्योति गाउँ फर्क मा.वि. | लक्ष्मी उ.मा.वि. |
| स्थायी ठेगाना | ले.न.पा. ४ | ले.न.पा. १ | ले.न.पा. ४ | ले.न.पा. ३ |
| जात / जाति | ब्राह्मण | ब्राह्मण | ब्राह्मण | ब्राह्मण |
| लैङ्गिक अवस्था | पुरुष | पुरुष | पुरुष | पुरुष |
| उमेर अवस्था | ५६ वर्ष | ४० वर्ष | ४० वर्ष | ४५ वर्ष |
| मातृभाषा | नेपाली | नेपाली | नेपाली | नेपाली |
| धार्मिक अवस्था | हिन्दु | हिन्दु | हिन्दु | हिन्दु |
| शैक्षिक योग्यता | बि.एसी. | बि.एसी., बि.एड. | बि.एसी. | बि.एड. |
| तालिम | प्राप्त | प्राप्त | प्राप्त | प्राप्त |
| विषय विशिष्टीकरण | विज्ञान | विज्ञान | विज्ञान | विज्ञान |
| शिक्षण गर्ने विषय | विज्ञान | विज्ञान | विज्ञान | विज्ञान |
| शिक्षण अनुभव वर्ष | ३५ वर्ष | १९ वर्ष | २० वर्ष | २० वर्ष |
| स्थायी / अस्थायी / अन्य | स्थायी | अस्थायी | स्थायी | स्थायी |

स्रोतः स्थलगत अध्ययन, २०६७।

प्रस्तुत तालिका नं. ४.४ मा उल्लेखित विज्ञान विषय शिक्षकहरु लेखनाथ नगरपालिका भित्रका स्थानीय बासिन्दा रहेको देखिन्छ। साथै सबै ब्राह्मण समुदायका पुरुष र उमेर ४० देखि ५६ वर्ष भित्रका, मातृभाषा सबैको नेपाली, हिन्दु धर्म मान्दै आएको पाइयो। शैक्षिक योग्यता तर्फ आवश्यक न्यूनतम योग्यता सबैले पूरा गरेका साथै तीन जनाले बि.एसी तर्फ र एक जनाले बि.एड. मा स्नातक तह गरी आंशिक तालिम प्राप्त नै गरेको देखियो। सबैले विज्ञान विषयमा विशिष्टीकरण गरेका र हाल पनि सोही विषय नै शिक्षण गरी आइरहेको देखिन्छ भने शिक्षण अनुभव न्यूनतम १९ देखि ३५ वर्ष विज्ञान विषय नै शिक्षण गराउँदै आएका तीन जना स्थायी शिक्षक र एक जना अस्थायी शिक्षक नियुक्तिमा रही शिक्षण गराउँदै आइरहेको प्रस्तुत तालिकाबाट पुष्टि गर्न सकिन्छ।

समग्रमा माध्यमिक विद्यालयका विज्ञान विषय सबै शिक्षकको पृष्ठभूमिलाई हेर्दा विद्यालय र घरको दुरी नजिक रहेका ब्राह्मण समुदायका पुरुष, मातृभाषा नेपाली, हिन्दु धर्म

मान्दै आइरहेको पाइयो त्यस्तै शैक्षिक योग्यता तर्फ आवश्यक न्यूनतम योग्यता पूरा गरी सम्बन्धित विषयमा नै शिक्षण-सिकाइ क्रियाकलाप गराउँदै आइरहेको देखिन्छ भने तीन जना स्थायी शिक्षक नियुक्ति र एक जना अस्थायी नियुक्तिमा भर्ना भएका भएतापनि शिक्षण अनुभव भने फरक देखिएन । यसबाट नमुना छनौटमा परेका विद्यालयका विज्ञान विषय शिक्षकको शैक्षिक योग्यता, तालिम, शिक्षण अनुभव जस्ता पक्षहरुमा समानता भएको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.१.५ सामाजिक अध्ययन शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमि

माध्यमिक विद्यालयका सामाजिक अध्ययन विषय शिक्षकहरुको पृष्ठभूमिलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.५**

**सामाजिक अध्यापन गराउने शिक्षकहरुको पृष्ठभूमि**

| शिक्षक विवरण | विद्यालयका सामाजिक विषय शिक्षक | | | |
|---|---|---|---|---|
| | लक्ष्मी आदर्श उ.मा.वि. | जनप्रकाश उ.मा.वि. | अमरज्योति गाउँ फर्क मा.वि. | लक्ष्मी उ.मा.वि. |
| स्थायी ठेगाना | ले.न.पा. ९ | ले.न.पा. १ | थुँमाको डाँडा गा.वि.स. ६ | ले.न.पा. ३ |
| जात / जाति | ब्राह्मण | ब्राह्मण | ब्राह्मण | ब्राह्मण |
| मातृभाषा | नेपाली भाषा | नेपाली भाषा | नेपाली भाषा | नेपाली भाषा |
| धार्मिक अवस्था | हिन्दु धर्म | हिन्दु धर्म | हिन्दु धर्म | हिन्दु धर्म |
| लैङ्गिक अवस्था | पुरुष | पुरुष | पुरुष | पुरुष |
| उमेर अवस्था | ४५ वर्ष | ४० वर्ष | ३१ वर्ष | ५५ वर्ष |
| शैक्षिक योग्यता | बि.एड. | बि.ए. | बि.एड., बि.ए. | बि.एड. |
| तालिम | प्राप्त | प्राप्त | प्राप्त | प्राप्त |
| विषय विशिष्टीकरण | भूगोल | भूगोल + समाजशास्त्र | भूगोल + जनसंख्या | भूगोल |
| शिक्षण गर्ने विषय | सामाजिक + जनसंख्या | सामाजिक | सामाजिक + जनसंख्या | सामाजिक |
| शिक्षण अनुभव वर्ष | १५ वर्ष | ११ वर्ष | ३ वर्ष | ३० वर्ष |
| स्थायी / अस्थायी / अन्य | स्थायी | स्थायी | राहत | स्थायी |

स्रोतः स्थलगत अध्ययन, २०६७ ।

प्रस्तुत तालिका ४.५ मा उल्लेखित शिक्षकहरु मध्ये तीन जना लेखनाथ नगरपालिका स्थायी बसोबास भएका अथवा घर देखि विद्यालयको दुरी नजिक भएको र एक जना विद्यालय देखि घरको दुरी टाढा भएको पाइयो भने सबै शिक्षकको मातृभाषा नेपाली, ब्राह्मण समुदायका पुरुष साथै हिन्दु धर्म मान्दै आएका पाइयो । उमेरको हकमा ३१ देखि ५५ वर्ष भित्रका देखियो । शैक्षिक योग्यता तर्फ आवश्यक न्यूनतम योग्यता स्नातक तह उत्तिर्ण गरेका तालिम प्राप्त, विषय विशिष्टीकरण र हाल शिक्षण गर्दै आएको विषयमा समानता देखियो भने शिक्षण अनुभवमा ३ वर्ष देखि ३० वर्ष शिक्षण गरेका साथै तीन जना स्थायी र एक जना राहत शिक्षक दरवन्दिमा नियुक्ति भई शिक्षण गराउँदै आइरहेको प्रस्तुत तालिकाबाट पुष्टि गर्न सकिन्छ ।

यसरी माध्यमिक तहमा सामाजिक शिक्षकको विवरणलाई हेर्दा जात, भाषा, धर्म र लैङ्गिक पक्षमा समानता देखियो साथै अधिकांश लेखनाथ नगरपालिका भित्रका बासिन्दा रहेको पाइयो भने शिक्षकको उमेरमा केही अन्तर रहेको देखिन्छ । सबै शिक्षकले आवश्यक न्यूनतम योग्यता पूरा गरेका तालिम प्राप्त, सामाजिक अध्ययन सँग सम्बन्धित विषय नै अध्ययन र अध्यापन गराउँदै आइरहेको पाइयो तर शिक्षण अनुभवमा भने अन्तर देखिन्छ । समग्रमा सामाजिक विषय शिक्षण गर्ने शिक्षकहरुमा धेरैजसो पक्षहरुमा समानता नै भएको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.१.६ स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा शिक्षण गर्न शिक्षकको पृष्ठभूमि

माध्यमिक तहको अनिवार्य विषय स्वास्थ्य जनसंख्या तथा वातावरण अध्ययन गराउने शिक्षकको पृष्ठभूमिलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.६**

**स्वास्थ्य, जनसंख्या तथा वातावरण अध्यापन गराउने शिक्षकहरुको पृष्ठभूमि**

| शिक्षक विवरण | विद्यालयका स्वास्थ्य, जनसंख्या तथा वातावरण विषय शिक्षक | | | |
|---|---|---|---|---|
| | लक्ष्मी आदर्श उ.मा.वि. | जनप्रकाश उ.मा.वि. | अमरज्योति गाउँ फर्क मा.वि. | लक्ष्मी उ.मा.वि. |
| स्थायी ठेगाना | ले.न.पा. ९ | ले.न.पा. १ | थुँमाको डाँडा ६ | ले.न.पा. २ |
| जात / जाति | ब्राह्मण | ब्राह्मण | ब्राह्मण | ब्राह्मण |
| मातृभाषा | नेपाली | नेपाली | नेपाली | नेपाली |
| धार्मिक अवस्था | हिन्दु धर्म | हिन्दु धर्म | हिन्दु धर्म | हिन्दु धर्म |
| लैङ्गिक अवस्था | पुरुष | पुरुष | पुरुष | पुरुष |
| उमेर अवस्था | ४५ वर्ष | ३१ वर्ष | ३१ वर्ष | ३८ वर्ष |
| शैक्षिक योग्यता | बि.एड. | बि.ए. | एम.एड. बि.ए. | बि.ए., बि.एड. |
| तालिमको अवस्था | प्राप्त | प्राप्त | प्राप्त | प्राप्त |
| विषय विशिष्टीकरण | भूगोल | जनसंख्या | जनसंख्या+ भूगोल | गणित+ जनसंख्या |
| शिक्षण गर्ने विषय | जनसंख्या + सामाजिक | जनसंख्या | जनसंख्या + सामाजिक | गणित + जनसंख्या |
| शिक्षण अनुभव | १५ वर्ष | १२ वर्ष | ३ वर्ष | १७ वर्ष |
| स्थायी/अस्थायी/अन्य | स्थायी | स्थायी | राहत | स्थायी |

स्रोतः स्थलगत अध्ययन, २०६७।

प्रस्तुत तालिका ४.६ मा उल्लेखित शिक्षकहरु मध्ये तीन जना विद्यालय देखि घरको दुरी नजिक भएका साथै एक जना विद्यालय देखि घरको दुरी टाढा भएको देखियो भने सबै शिक्षकको मातृभाषा नेपाली, ब्राह्मण समुदायका पुरुष साथै हिन्दु धर्म मान्दै आएको पाइन्छ। उमेरको हकमा ३१ वर्ष देखि ४५ वर्ष भित्रका छन् भने सबै शिक्षक तालिम प्राप्त रहेको देखियो। आवश्यक न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेका, विषय विशिष्टीकरण र हाल शिक्षण गराउँदै आएको विषयमा तीन जनामा समानता पाइयो भने एक जना शिक्षक भूगोल विषयमा विशिष्टीकरण गरी जनसंख्या र सामाजिक विषय शिक्षण गराउँदै आएको देखिन्छ। साथै शिक्षण अनुभव ३ देखि १७ वर्ष अनुभव प्राप्त गरेका तीन जना स्थायी र एक जना राहत शिक्षक दरबन्दीमा नियुक्ति भई शिक्षण गराउँदै आइरहेको देखिन्छ।

माध्यमिक तहको अनिवार्य विषय स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा शिक्षण गर्ने एक जना शिक्षक लेखनाथ नगरपालिका भन्दा बाहिरका राहत शिक्षक दरबन्दीमा नियुक्ति भएका अरु भन्दा कम वर्ष शिक्षण अनुभव प्राप्त गरेको देखियो भने दुई जना शिक्षकले दुई-दुई वटा विषय शिक्षण गर्दै आएका भएतापनि एक जना शिक्षकले भूगोल विषयमा विशिष्टीकरण गरी जनसंख्या शिक्षण गर्दै आएको पाइन्छ । त्यसकारण यसो हुनुमा मुख्य समस्या सम्बन्धित विद्यालयमा जनसंख्या विषय शिक्षकको अभाव भएको साथै थप शिक्षक राख्न आर्थिक रुपमा नसकिने सम्बन्धित विद्यालयका प्र.अ.बाट प्रतिक्रिया पाइयो तर धेरै पक्षहरुमा समानता नै रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ४.२ शिक्षण-सिकाइ क्रियाकलापको अवस्था

विद्यालयको कक्षाकोठा भित्र तथा बाहिर शिक्षक र विद्यार्थीहरुका विचमा शिक्षण गर्दा सञ्चालन गरिने शिक्षण-सिकाइ क्रियाकलापको मुख्य उद्देश्य विद्यार्थीहरुलाई सम्बन्धित विषयवस्तुमा ज्ञान, सीप र अभिबृत्तिको विकास गराउनु हो । त्यसकारण शिक्षण-सिकाइ क्रियाकलापको अवस्था पत्ता लगाउनका लागि प्र.अ.सँग अन्तर्वार्ता अनुसूची ङ, शिक्षकसँग अन्तर्वार्ता अनुसूची च, कक्षा शिक्षण अवलोकन फारम अनुसूची छ र विद्यार्थीसँग समूह छलफल निर्देशिका अनुसूची ङ बाट प्राप्त तथ्याङ्कलाई संक्षिप्त रुपमा तालिकामा प्रस्तुत गरी विषय अनुसार विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.२.१ कक्षाकोठा व्यवस्थापन

माध्यमिक तहको अनिवार्य विषय शिक्षण-सिकाइ क्रियाकलापको अवस्था अन्तर्गत कक्षाकोठा व्यवस्थापनलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.७**
**कक्षाकोठा व्यवस्थापन**

| भौतिक व्यवस्थापन | विद्यालय | | | |
|---|---|---|---|---|
| | लक्ष्मी आदर्श उ.मा.वि. | जनप्रकाश उ.मा.वि. | अमरज्योति गाउँ फर्क मा.वि. | लक्ष्मी उ.मा.वि. |
| भवनको छाना | पक्की ढलान | पक्की ढलान | पक्की ढलान | पक्की ढलान |
| कालोपाटी रखाई र आकार | उपयुक्त | उपयुक्त | उपयुक्त | केही सानो |
| कक्षाकोठाको सरसफाई | केही मात्रामा | सफासुग्घर | सफा सुग्घर | सफासुग्घर |
| फर्निचरको व्यवस्था | उपयुक्त मात्रामा | उपयुक्त मात्रामा | प्रयाप्त नभएको | प्रयाप्त नभएको |
| विद्यार्थी बसाइको अवस्था | छात्रा र छात्र एउटै बेन्चमा | छात्रा र छात्रा एउटै बेन्चमा | छात्रा र छात्र फरक फरक लाइनमा | छात्रा र छात्र एउटै बेन्चमा |
| प्रकाशको व्यवस्था | केही मात्रामा | केही मात्रामा | उपयुक्त मात्रामा | उपयुक्त मात्रामा |
| कक्षाकोठाको सजावट | महत्वपूर्ण व्यक्तिका तस्वीर | महत्वपूर्ण भनाईहरु लेखिएको चार्ट | तस्वीर, चार्ट | अनुशासन सम्बन्धी लेखिएको चार्ट |

स्रोतः स्थलगत अध्ययन, २०६७।

प्रस्तुत तालिका ४.७ को अध्ययनबाट सबै विद्यालयमा पक्की भवन भएको साथै छाना पनि ढलान भएको देखियो भने कालोपाटीको रखाई तीनवटा विद्यालयमा कक्षाकोठाको आकार अनुसार उपयुक्त ठाउँमा राखिएको साथै साइज पनि उपयुक्त नै भएको पाइयो तर एक विद्यालयमा कक्षाकोठा अनुसार कालोपाटीको साइज सानो र बढी उचाईमा राखिएको थियो। कक्षाकोठाको सरसफाई तीनवटा विद्यालयमा सफासुग्घर थियो भने एक विद्यालयमा केही मात्रामा कागजका टुक्राहरु फालिएको देखियो। साथै फर्निचरको व्यवस्था दुईवटा विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा कम भएको पाइयो र विद्यार्थी बसाईको व्यवस्था विद्यालयले छात्र तथा छात्रालाई फरक फरक ठाउँ वा एक लाइनमा छात्रा अर्को लाइनमा छात्रलाई बस्ने व्यवस्था गरेतापनि तीनवटा विद्यालयमा छात्रा र छात्र मिश्रित रुपमा बसेका थिए भने एक विद्यालयमा फरक-फरक लाइनमा बसेको पाइयो। कक्षाकोठामा आवश्यक प्रकाशको व्यवस्थाको लागि सबै

विद्यालयमा एक ढोका दुई वटा झ्याल राखिएको पाइयो तर दुई वटा विद्यालयमा प्रयाप्त मात्रामा प्रकाशको व्यवस्था नभएको देखियो । कक्षाकोठाको सजावटमा सबै विद्यालयमा केही मात्रामा तस्वीर, चार्ट राखिएको पाइयो ।

कक्षाकोठाको व्यवस्थापनलाई हेर्दा सबै विद्यालयमा झ्याल ढोकाको व्यवस्था, कालोपाटीको व्यवस्था, छात्र र छात्रालाई फरक-फरक लाइनमा बस्ने व्यवस्था सरसफाई र कक्षाकोठाको सजावटलाई हेर्दा सामान्यतया समानता नै पाइयो । तर प्रभावकारी शिक्षणको लागि प्रयाप्त मात्रामा कक्षाकोठाको सजावट, फर्निचरको व्यवस्था, पंखाको व्यवस्था, शैक्षिक सामग्रीको व्यवस्थापन जस्ता पक्षमा सबै विद्यालयमा ध्यान नदिएको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.२ शिक्षण-सिकाइ क्रियाकलापप्रति प्रधानाध्यापकको प्रतिक्रिया

विद्यालयमा प्रधानाध्यापकको महत्वपूर्ण भूमिका हुन्छ । प्रत्येक विद्यालयमा प्रधानाध्यापकले शिक्षण सम्बन्धी गतिविधि दैनिक अध्ययन गरी शिक्षणमा देखिएका समस्यालाई समाधान गर्दै राम्रा पक्षहरुलाई निरन्तरता दिँदै आवश्यकता अनुसार शिक्षक र विद्यार्थीलाई पृष्ठपोषण प्रदान गर्दै जानुपर्दछ । अध्ययनको क्रममा नमूना छनौटमा परेका विद्यालयका प्र.अ.लाई अनुसूची ङ अनुसार अन्तर्वार्ता गरी प्रतिक्रिया लिइएको थियो जसमा विद्यालयमा शिक्षक र विद्यार्थी अनुपात सम्बन्धी प्रश्न गर्दा लक्ष्मी आदर्श उच्च मा.वि. र अमरज्योति गाउँ फर्क मा.वि.का प्र.अ.ले शिक्षक संख्या कम भएको बताए भने बाँकी दुई विद्यालयका प्र.अ. ले शिक्षक संख्या आवश्यकता अनुसार भएको प्रतिक्रिया दिएका थिए । सबै विद्यालयका प्र.अ.ले सबै शिक्षक न्यूनतम योग्यता पूरा गरेका आवश्यकता अनुसार दश महिना, छ महिना, तीन महिना, एक महिना तालिम लिएका पुरुषको तुलनामा महिला शिक्षिका अत्यन्त कम मात्रामा भएको, दैनिक पाठयोजना सबै शिक्षकले नबनाउने तर वार्षिक कार्यतालिका अनुसार शिक्षण गर्ने, शैक्षिक सामग्री प्रयाप्त मात्रामा विद्यालयमा नभएको तर भएका सामग्री पनि एक दुई शिक्षकले मात्र प्रयोग गर्ने, शिक्षण विधि प्रायः जसो सबै शिक्षकले व्याख्यान, छलफल, समस्या, समाधान, प्रश्नोत्तर विधि नै बढी प्रयोग गर्दै आएका, कक्षा अवलोकन आवश्यकता अनुसार निरीक्षण गर्नुका साथै विद्यार्थीसँग पनि शिक्षण सम्बन्धी समयसमयमा सोधपुछ गर्ने गरेको समान प्रतिक्रिया सबै विद्यालयका प्र.अ.बाट पाइयो । प्रभावकारी शिक्षणका लागि सरकारी तर्फबाट तालिम, गोष्ठी, सेमिनारको प्रयोग गर्नुका साथसाथै समय-समयमा निरीक्षण पनि गर्नुपर्ने र शिक्षकले पनि त्यसलाई कक्षाकोठामा प्रयोग गरी शिक्षण-सिकाइ क्रियाकलाप गर्नुपर्ने, पाठ्यवस्तु अनुसार शिक्षण विधि र शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा ध्यान दिनुपर्ने विषयमा समान प्रतिक्रिया सबै प्र.अ.बाट पाइयो । वर्तमान अवस्थामा शिक्षण-सिकाइ क्रियाकलापमा देखिएका समस्याहरु सम्बन्धी प्रश्न गर्दा अमरज्योति गाउँ फर्क मा.वि.का प्र.अ. ले नियमित विद्यार्थी विद्यालयमा नआउनु र अभिभावकले पनि छोराछोरीको पढाइप्रति ध्यान

नदिनु मुख्य समस्या रहेको बताए । यसको समाधानका लागि अभिभावकहरुलाई शिक्षा प्रदान गर्नुपर्ने बताए भने लक्ष्मी आदर्श उच्च मा.वि. का प्र.अ. ले विद्यार्थीको चाहना रुचि अनुसार पाठ्यवस्तु नहुनु यसको लागि पाठ्यक्रममा परिवर्तन गर्नुपर्ने बताए । त्यस्तै लक्ष्मी उच्च मा.वि. र जनप्रकाश उच्च मा.वि. का प्र.अ. ले सबै विद्यार्थी पठन-पाठनमा सक्रिय नहुनु साथै अभिभावकले पनि आफ्ना छोरा छोरीको पढाई प्रति बास्ता नगर्नु मुख्य समस्या भएको बताए । यसको लागि योजना सहित विद्यार्थीलाई शिक्षणमा ध्यान दिने कार्यक्रम ल्याउनुका साथै अभिभावकहरुलाई पनि छोराछोरीको पढाइप्रति ध्यान पुऱ्याउन सल्लाह सुझाव दिनुपर्ने प्रतिक्रिया बताउनु भयो ।

शिक्षण-सिकाइ क्रियाकलाप प्रति सामान्यतया सबै विद्यालयका प्राप्त एउटै समस्याहरु भएको पाइयो । शिक्षणमा शिक्षक-विद्यार्थीले नै बढी मात्रामा ध्यान पुऱ्याउनुका साथै विषयवस्तु अनुसार शिक्षण विधि, शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्नुपर्ने, निरन्तर मूल्याङ्कन गरी आवश्यकता अनुसार पृष्ठपोषण प्रयोग गरी सुधार गर्दै जाने विषयमा शिक्षकले ध्यान दिनुपर्ने सबै विद्यालयका प्र.अ.ले बताए । त्यसकारण सबै प्र.अ. ले आफू सदैव शिक्षकलाई सहयोग गर्न तयार र शिक्षणप्रति सधैं उत्तरदायी भएको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.३ नेपाली विषयको शिक्षण-सिकाइ क्रियाकलापको अवस्था

माध्यमिक तहको अनिवार्य नेपाली विषयको शिक्षण-सिकाइ क्रियाकलापको अवस्था सम्बन्धी कक्षा शिक्षण अवलोकन, शिक्षक अन्तर्वार्ता र लक्षित समूह छलफल निर्देशिका क्रमश अनुसूची च, छ, ज बाट प्राप्त प्रतिक्रियालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.८**

**नेपाली विषयको शिक्षण-सिकाइ क्रियाकलापको अवस्था**

| कक्षा शिक्षण क्रियाकलाप विवरण | नेपाली विषयको कक्षा शिक्षण क्रियाकलाप | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्मी आदर्श उच्च मा.वि. | | जनप्रकाशन उच्च मा.वि. | | अमरज्योति गाउँ फर्क मा.वि. | | लक्ष्मी उच्च मा.वि. | |
| | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता |
| पाठयोजना निर्माण | नबनाएको | नबनाउने | नबनाएको | नबनाउने | नबनाएको | मानसिक योजना बनाउने | नबनाएको | मानसिक योजना बनाउने |
| कक्षा शिक्षण सुरुवात | सिधै विषय वस्तुमा प्रवेश | पूर्व पाठको स्मरण गराएर | पूर्व पाठको स्मरण गराएर | पूर्व पाठको स्मरण गराएर | सिधै विषय वस्तुमा प्रवेश | आकर्षक विषयवस्तु प्रस्तुत गरेर | पूर्वपाठको स्मरण गराएर | कथा, कविता, समसामायिक घटना भनेर |
| शिक्षण विधि | व्याख्यान छलफल, प्रश्नोत्तर | प्रदर्शन, व्याख्यान, कथाकथन | व्याख्यान, छलफल, समस्या-समाधान | व्याख्यान, छलफल, अभियन, प्रश्नोत्तर | व्याख्यान, छलफल, अभियन, प्रश्नोत्तर | प्रश्नोत्तर, छलफल, व्याख्यान, प्रदर्शन | व्याख्यान, छलफल, समस्या-समाधान | अभिनय, प्रदर्शन, कथा कथन |
| शैक्षिक सामग्री | कालोपाटी, चक डस्टर | चार्ट, तस्वीर | कालोपाटी, चक, डस्टर | आवश्यकता अनुसार तस्वीर, चार्ट | कालोपाटी, चक, डस्टर | चार्ट, तस्वीर, पाठपत्र | कालोपाटी, चक डस्टर | विषयवस्तु अनुसार चार्ट, तस्विर |
| विद्यार्थी मूल्याङ्कन प्रक्रिया | लिखित र मौखिक व्यक्तिगत प्रश्न | लिखित र मौखिक प्रश्न | सामुहिक प्रश्न सोधेर | पाठ अनुसार लिखित, मौखिक प्रश्न | व्यक्तिगत प्रश्न सोधेर | छलफल र प्रश्नद्वारा | व्यक्तिगत मौखिक प्रश्न सोधेर | लिखित र मौखित प्रश्न |
| पाठको समाप्ती | सारांश नबताएको | सारांश बताएर | सारांश बताएको | सारांश बताएर | सारांश बताएको | सारांश बताएर | सारांश बताएर | सारांश बताई साथै पाठ दोहोऱ्याएर |
| गृहकार्य | दिएको तर नहेरेको | दिने र हेर्ने पनि गरिने | दिएको तर नहेरेको | दिने र हेर्ने पनि | दिएको तर नहेरेको | दिने र कहिलेकाहीँ हेर्ने | दिएको र हेरेको | दिने र हेर्ने पनि |

स्रोत : स्थलगत अध्ययन, २०६७।

प्रस्तुत तालिकालाई अध्ययन गर्दा नेपाली विषयको कक्षा शिक्षण क्रियाकलाप गर्नुभन्दा अगाडि पाठयोजना लिखित रुपमा दुई जनाले नबनाउने र मानसिक रुपमा दुई जनाले बनाउने अन्तर्वार्ताका क्रममा बताएका थिए भने कक्षा अवलोकनका क्रममासबै शिक्षकले बनाएको पाइएन । त्यसैगरी कक्षा शिक्षण सुरुवात पूर्वपाठको स्मरण गराएर गर्ने दुई जना शिक्षकले र कथा, कविता, समसामयिक घटनाका साथै आकर्षक विषयवस्तु प्रस्तुत गर्दै नयाँ पाठको सुरुवात गर्ने बाँकी दुई जनाले बताएका थिए तर अवलोकनका क्रममा दुई जनाले सिधै विषयवस्तुमा प्रवेश गरेका र दुई जनाले पूर्वपाठको स्मरण गराउँदै नयाँ पाठको सुरुवात गरेको पाइयो । विद्यार्थीसँग समूह छलफलका क्रममा प्रायः सबै शिक्षकले सिधै नयाँ विषयवस्तुमा प्रवेश गर्ने तर कहिलेकाहीँ दुई जना शिक्षकले कथा, कविता, चुट्किला र विषयवस्तुसँग सम्बन्धित समसामयिक घटना बताउँदै नयाँ पाठको सुरुवात गर्ने प्रतिक्रिया दिएका थिए । त्यसैगरी शिक्षण विधिका सन्दर्भमा विषयवस्तु अनुसार कथाकथन, प्रदर्शन, अभिनय, प्रश्नोत्तर विधि प्रयोग गरी शिक्षण गर्ने बताए पनि अवलोकन र समूह छलफलमा बढी मात्रामा व्याख्यान, छलफल र प्रंश्नोत्तर विधि नै प्रयोग गरी विषयवस्तु शिक्षण गर्दै आइरहेको पाइयो । शैक्षिक सामग्रीको प्रयोग तर्फ दैनिक प्रयोगका सामग्री मात्र प्रयोग गरिएको देखियो भने अन्तर्वार्तामा विषयवस्तु अनुसार तस्वीर, चार्ट, पाठपत्र कहिलेकाहीँ गर्ने बताए पनि विद्यार्थीसँग छलफल गर्दा प्रयोग नगरेको बताएका थिए । त्यस्तै विद्यार्थी मूल्याङ्कनमा पनि व्यक्तिगत र सामूहिक लिखित तथा मौखिक प्रश्नद्वारा नै मूल्याङ्कन गर्ने प्रक्रिया सम्बन्धमा अवलोकन, अन्तर्वार्ता र विद्यार्थी छलफलमा पनि समानता पाइयो । पाठको समाप्ती गर्दा सारांश कहिलेकाहीँ मात्र बताउने प्रतिक्रिया सबै विद्यार्थीले दिएका थिए । गृहकार्य सधैं दिने र हेर्ने पनि गरिने अन्तर्वार्तामा बताए पनि एक विद्यालयका शिक्षकले मात्र हेरेको साथै विद्यार्थीले पनि कहिलेकाहीँ दिने र शिक्षकको इच्छा अनुसार हेर्ने गरेको सबैले समान प्रतिक्रिया दिएका थिए ।

यसरी समग्रमा विश्लेषण गर्दा सबै विद्यालयमा पाठयोजना नबनाइकन शिक्षण गर्ने, व्याख्यान, छलफल विधि, शैक्षिक सामग्री बिना शिक्षण गर्दै आएका साथै मूल्याङ्कन गर्ने प्रक्रियामा सबै विद्यालयमा समानता देखियो । यसबाट सबै सरकारी विद्यालयमा नेपाली विषय शिक्षणमा परम्परागत शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन गर्दै आईरहेका छन् भन्न सकिन्छ ।

### ४.२.४ अंग्रेजी विषयको शिक्षण-सिकाइ क्रियाकलापको अवस्था

माध्यमिक तहको अनिवार्य अंग्रेजी विषयको शिक्षण-सिकाइ क्रियाकलापको अवस्था सम्बन्धी अनुसूची च, छ, ज बाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.९**

**अंग्रेजी विषयको शिक्षण-सिकाइ क्रियाकलापको अवस्था**

| कक्षा शिक्षण क्रियाकलाप विवरण | अंग्रेजी विषयको कक्षा शिक्षण क्रियाकलाप | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्मी आदर्श उच्च मा.वि. | | जनप्रकाशन उच्च मा.वि. | | अमरज्योति गाउँ फर्क मा.वि. | | लक्ष्मी उच्च मा.वि. | |
| | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता |
| पाठयोजना निर्माण | नबनाएको | बनाउने | नबनाएको | मानसिक योजना बनाउने | नबनाएको | बनाउने | नबनाएको | मानसिक योजना बनाउने |
| कक्षा शिक्षण सुरुवात | पूर्व पाठको स्मरण गराएको | पूर्व पाठ प्रति पुनरावृति | सिधै विषय वस्तुमा प्रवेश | पूर्व पाठको स्मरण गराएर | सिधै विषवस्तुमा प्रवेश | पूर्व पाठको स्मरण गराएर | पूर्व पाठको स्मरण गराएको | पूर्व पाठको स्मरण गराएर |
| शिक्षण विधि | व्याख्यान छलफल, प्रश्नोत्तर | प्रदर्शन, अभिनय व्याख्यान | व्याख्यान, छलफल, समस्या-समाधान | आगमन, प्रदर्शन, समस्या-समाधान | व्याख्यान छलफल | सोधपुछ, प्रश्नोत्तर, प्रदर्शन | व्याख्यान, छलफल, प्रश्नोत्तर | प्रदर्शन, अभियन, प्रश्नोत्तर |
| शैक्षिक सामग्री | कालोपाटी, चक, डस्टर | चार्ट, तस्वीर, चित्र | कालोपाटी, चक, डस्टर | टेप, तस्विर, चार्ट | कालोपाटी, चक, डस्टर | तस्वीर, टेपरेकर्ड, चित्र | कालोपाटी, चक, डस्टर | चार्ट, तस्वीर, टेपरेकर्ड |
| विद्यार्थी मूल्याङ्कन | लिखित र मौखिक व्यक्तिगत प्रश्न | लिखित र मौखिक प्रश्नद्वारा | सामुहिक मौखिक प्रश्न | लिखित तथा मौखिक प्रश्न | मौखिक प्रश्न | लिखित तथा मौखिक प्रश्न | मौखिक प्रश्न | व्यक्तिगत तथा सामुहिक मौखिक प्रश्न |
| पाठको समाप्ती | सारांश बताएको | सारांश बताएर | सारांश नबताएको | सारांश बताएर | सारांश नबताएको | सारांश बताएर | सारांश बताएको | सारांश बताएर र नयाँ पाठशीर्षक भनेर |
| गृहकार्य | दिएको तर नहेरेको | दिने र हेर्ने पनि गरेको | दिएको तर नहेरेको | दिने र हेर्ने गरेको | दिएको र हेरेको पनि | दिने र हेर्ने गरेको | दिएको र हेरेको | दिने र हेर्ने पनि गर्ने |

स्रोत : स्थलगत अध्ययन, २०६७।

माथिको तालिकाको विश्लेषण गर्दा अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकले पाठयोजना निर्माण सम्बन्धमा अन्तर्वार्तामा र्दुइ जना शिक्षकले बनाउने भनेता पनि अवलोकनमा कसैले बनाएको पाइएन । त्यसैगरी कक्षा शिक्षण सुरुवात तर्फ सबै शिक्षकले पूर्व पाठको स्मरण गराउँदै नयाँ पाठको सुरुवात गर्ने बताए पनि अवलोकनमा दुई जना शिक्षकले पूर्व पाठको स्मरण गराए तर बाँकी दुई जना शिक्षकले सिधै नयाँ विषयवस्तुमा प्रवेश गरेका थिए । साथै विद्यार्थी सँगको छलफलमा कहिलेकाहीँ गर्ने तर प्रायः सधैं नयाँ विषयवस्तु कालोपाटीमा लेखेर सुरुवात गर्ने प्रतिक्रिया दिएका थिए । शिक्षकले प्रदर्शन, अभिनय, व्याख्यान, समस्या-समाधान, प्रश्नोत्तर, सोधपुछ शिक्षण विधि प्रयोग गर्ने भनेता पनि कक्षा अवलोकन र समूह छलफलबाट व्याख्यान, छलफल, प्रश्नोत्तर विधि बढी प्रयोग गरेको पाइयो । त्यस्तै शैक्षिक सामग्रीका सन्दर्भमा अन्तर्वार्तामा विषयवस्तु अनुसार तस्वीर, चित्र, चार्ट, टेपरेकर्ड, जस्ता सामग्री प्रयोग गरिने बताएका थिए भने अवलोकनमा दैनिक प्रयोगका सामग्री जसमा कालोपाटी, चक, डस्टर मात्र प्रयोग गरेको देखियो साथै विद्यार्थीसँग छलफलमा कहिलकोहीँ मात्र टेपरेकर्ड, तस्वीर प्रयोग गर्न बताएका थिए । कक्षा अवलोकनमा मूल्याङ्कन गर्दा मौखिक प्रश्न मात्र गरेको पाइयो । शिक्षक अन्तर्वार्तामा व्यक्तिगत र सामूहिक प्रश्नद्वारा मूल्याङ्कन गरिने भनेतापनि विद्यार्थीसँग छलफल गर्दा सबै शिक्षकले मौखिक प्रश्न नै गर्ने बताएका थिए । पाठको समाप्तीका सन्दर्भमा अन्तर्वार्तामा सारांश बताई नयाँ पाठको शिर्षक बताउने भनेता पनि दुई जना शिक्षकले सारांश नबताएको पाइयो भने समूह छलफलमा पनि सबै शिक्षकले सधैं नबताउने तर कहिलकाहीँ मात्र बताउने प्रक्रिया दिएका थिए । साथै गृहकार्य दैनिक रुपमा दिनुका साथै हेर्ने भनिएता पनि दुई जना शिक्षकले हेरेका थिए भने बाँकी दुई जनाले नहेरेको पाइयो । विद्यार्थीसँग छलफलमा पनि दुई जनाले प्रायजसो हेर्ने र बाँकी दुई जनाले कहिलेकाहीँ मात्र हेर्ने गरेको बताएका थिए ।

समग्रमा विश्लेषण गर्दा माध्यमिक तहको अंग्रेजी विषय शिक्षण-सिकाइ क्रियाकलापमा छनौटमा परेका चार वटै विद्यालयमा धेरै पक्षहरमा समानता पाइन्छ जसबाट अहिले पनि परम्परागत शिक्षण विधि, दैनिक प्रयोगका सामग्री, मौखिक प्रश्न गरी मूल्याङ्कन गर्ने प्रक्रिया सबै विद्यालयमा यथावत रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.५ गणित विषयको शिक्षण-सिकाइ क्रियाकलापको अवस्था

माध्यमिक तहको अनिवार्य गणित विषयको शिक्षण क्रियाकलापको अवस्था सम्बन्धी अनुसूची च, छ, ज बाट प्राप्त प्रतिक्रियालाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ४.१०

## गणित विषयको शिक्षण-सिकाइ क्रियाकलापको अवस्था

| कक्षा शिक्षण क्रियाकलाप विवरण | गणित विषयको कक्षा शिक्षण क्रियाकलाप | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्मी आदर्श उच्च मा.वि. | | जनप्रकाशन उच्च मा.वि. | | अमरज्योति गाउँ फर्क मा.वि. | | लक्ष्मी उच्च मा.वि. | |
| | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता |
| पाठयोजना निर्माण | नबनाएको | नबनाउने | नबनाएको | बनाउने | नबनाएको | मानसिक योजना बनाउने | नबनाएको | मानसिक योजना बनाउने |
| कक्षा शिक्षण सुरुवात | पूर्व पाठको स्मरण गराएको | पूर्व पाठको स्मरण गराएर | पूर्व पाठको स्मरण गराएको | पूर्व पाठको स्मरण, चुटकिला | पूर्व पाठको स्मरण गराएको | पूर्व पाठको स्मरण गराएर | पूर्व पाठको स्मरण गराएको | पूर्व पाठको स्मरण गराएर |
| शिक्षण विधि | समस्या-समाधान, छलफल, व्याख्यान | प्रश्नोत्तर, समस्या-समाधान, प्रयोग | व्याख्यान, प्रश्नोत्तर, छलफल | आगमन, खोज, प्रदर्शन, प्रयोग | व्याख्यान, प्रश्नोत्तर, छलफल | प्रदर्शन, समस्या-समाधान, खोज | व्याख्यान, प्रश्नोत्तर, छलफल | आगमन, खोज, प्रयोगात्मक विधि |
| शैक्षिक सामग्री | कालोपाटी, चक डस्टर | गणित सम्बन्धी, चित्र, चार्ट | कालोपाटी, चक, डस्टर | त्रिभुव, चित्र, चार्ट | कालोपाटी, चक, डस्टर | चित्र, चार्ट, गणित सम्बन्धी सामग्री | कालोपाटी, चक, डस्टर | त्रिभुव, चित्र, चार्ट, आयतन सामग्री |
| विद्यार्थी मूल्याङ्कन | मौखिक प्रश्न | लिखित र मौखिक प्रश्न | मौखिक प्रश्न | मौखिक र लिखित प्रश्न | मौखिक र लिखित प्रश्न | मौखिक र लिखित प्रश्न | मौखिक र लिखित प्रश्न | मौखिक र लिखित प्रश्न |
| पाठको समाप्ती | सारांश नबताएको | सारांश बताएर गरिने | सारांश बताएको | सारांश बताएर गरिने | सारांश बताएको | सारांश बताएर | सारांश बताएको | सारांश बताएर |
| गृहकार्य | दिएको तर नहेरेको | दिने र हेर्ने पनि गरिने | दिएको र हेरेको पनि | दिने र कहिलेकाहीँ हेर्ने | दिएको र नहेरेको | दिने र हेर्ने गरिने | दिएको र हेरेको पनि | दिने र कहिलेकाहीँ हेर्ने गरिने |

स्रोत : स्थलगत अध्ययन, २०६७।

प्रस्तुत तालिका नं. ४.१० मा प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा एक जना शिक्षकले पाठयोजना बनाउने बताए पनि अवलोकनमा कुनै पनि शिक्षकले नबनाएको पाइयो । त्यस्तै कक्षा शिक्षण सुरुवातका सन्दर्भमा भने सबै शिक्षकले पूर्व पाठको स्मरण गराउने बताएकोमा अवलोकनमा पनि सोही अनुसार नै पाइयो तर विद्यार्थीसँग छलफल गर्दा सधैं पूर्व पाठको स्मरण नगर्ने बतएका थिए । त्यसैगरी अन्तर्वार्ताका क्रममा सबै शिक्षकले विषयवस्तु अनुसार प्रश्नोत्तर, समस्या-समाधान, प्रदर्शन, आगमन, खोज विधिको प्रयोग गर्ने बताए पनि अवलोकन र समूह छलफलमा प्रायजसो व्याख्यान, छलफल, प्रश्नोत्तर विधि प्रयोग गरेको र गर्ने गरेको पाइयो । त्यस्तै विषयवस्तु अनुसार त्रिभुज, आयात, चित्र, चार्ट, जस्ता सामग्री प्रयोग गरी शिक्षण गराउने अन्तर्वार्तामा शिक्षकले बताए पनि अवलोकनमा कालोपाटी, चक, डस्टर मात्र प्रयोग गरेका साथै समूह छलफलमा पनि कहिलेकाहीँ विद्यालयमा भएका सामग्रीको प्रयोग गरेतापनि प्रायःजसो दैनिक प्रयोगका सामग्री नै बढी प्रयोग गर्ने प्रतिक्रिया दिएका थिए भने शिक्षणका क्रममा सबै शिक्षकले आवश्यकता अनुसार लिखित र मौखिक मूल्याङ्कन गर्ने बताए पनि दुई जना शिक्षकले मात्र लिखित र मौखिक दुवै साधनको प्रयोग गरेको पाइयो भने विद्यार्थीसँग छलफल गर्दा पनि प्राय जसो मौखिक प्रश्न नै गर्ने बताएका थिए । सबै शिक्षकले दैनिक गृहकार्य दिनुका साथै हेर्ने गरेको बताए पनि दुई जना शिक्षकले मात्र हेरेको पाइयो । साथै समूह छलफलका क्रममा पनि गृहकार्य दिने र हेर्ने काम दैनिक रुपमा नगर्ने बताएका थिए ।

समग्रमा गणित विषय शिक्षण-सिकाइ क्रियाकलापको विश्लेषण गर्दा सबै शिक्षकले लिखित पाठयोजना निर्माण नगरीकन, व्याख्यान, छलफल, प्रश्नोत्तर विधिको प्रयोग गरी दैनिक प्रयोगका सामग्री चक, डस्टर, कालोपाटीको प्रयोगद्वारा मौखिक प्रश्न गरी परम्परागत शिक्षण-सिकाइ क्रियाकलाप गराउँदै आइरहेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.६ विज्ञान विषयको शिक्षण-सिकाइ क्रियाकलापको अवस्था

माध्यमिक तहको अनिवार्य विज्ञान विषयको शिक्षण-सिकाइ क्रियाकलापको अवस्था सम्बन्धी तथ्याङ्क अनुसूची च, छ, ज बाट प्राप्त प्रतिक्रियालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.११**

**विज्ञान विषयमा शिक्षण-सिकाइ क्रियाकलापको अवस्था**

| कक्षा शिक्षण क्रियाकलाप विवरण | विज्ञान विषयको कक्षा शिक्षण क्रियाकलाप | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्मी आदर्श उच्च मा.वि. | | जनप्रकाशन उच्च मा.वि. | | अमरज्योति गाउँ फर्क मा.वि. | | लक्ष्मी उच्च मा.वि. | |
| | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता |
| पाठयोजना निर्माण | नबनाएको | नबनाउने | नबनाएको | बनाउने | नबनाएको | मानसिक योजना बनाउने | नबनाएको | मानसिक योजना बनाउने |
| कक्षा शिक्षण सुरुवात | सिधै विषय-वस्तुमा प्रवेश | पूर्व पाठको स्मरण गराएर | पूर्व पाठको स्मरण गराएको | विषयवस्तु अनुसार कथा, चुटकिला | पूर्व पाठको स्मरण गराएको | पूर्व पाठको स्मरण गराएर | सिधै विषय वस्तुमा प्रवेश | पूर्व पाठको स्मरण गराएर |
| शिक्षण विधि | व्याख्यान, प्रश्नोत्तर | प्रयोगात्मक, खोज, प्रर्दर्शन | व्याख्यान, छलफल, प्रश्नोत्तर | प्रदर्शन, प्रयोगात्मक, व्याख्यान | प्रश्नोत्तर, व्याख्यान, छलफल | व्याख्यान, प्रश्नोत्तर | व्याख्यान प्रश्नोत्तर | खोज, प्रदर्शन, प्रयोग, अन्वेषण |
| शैक्षिक सामग्री | कालोपाटी, चक, डस्टर | चित्र, चार्ट, प्रयोगशाला | कालोपाटी, चक, डस्टर | चित्र, चार्ट, बोट विरुवाको नमूना | कालोपाटी, चक, डस्टर | चार्ट, चित्र, प्रयोगशालाका सामग्री | कालोपाटी, चक, डस्टर | चित्र, चार्ट, बोट बिरुवाको नमूना |
| विद्यार्थी मूल्याङ्कन | मौखिक प्रश्न सोधेर | प्रयोगात्मक, लिखित, मौखिक | मौखिक प्रश्न सोधेर | लिखित, मौखिक, प्रयोगात्मक | मौखिक र लिखित प्रश्न | मौखिक, लिखित, प्रयोगात्मक | मौखिक प्रश्न | लिखित, मौखिक, प्रयोगात्मक |
| पाठको समाप्ती | सारांश बताएको | सारांश बताएर गरिने | सारांश बताएको | सारांश बताएर गरिने | सारांश बताएको | सारांश बताएर नयाँ पाठ शिर्षक भनेर | सारांश बताएको | सारांश बताएर |
| गृहकार्य | दिएको तर नहेरेको | दिने र हेर्ने गरिने | दिएको तर नहेरेको | दिने र हेर्ने गरिने | दिएको र हेरेको पनि | दिने र हेर्ने गरिने | दिएको हेरेको | दिने र कहिलेकाहीँ हेर्ने |

स्रोत : स्थलगत अध्ययन, २०६७ ।

प्रस्तुत तालिका ४.११ मा लिखित पाठयोजना सम्बन्धमा दुई जना शिक्षकले अन्तर्वार्तामा बनाउने बताए पनि अवलोकनमा कसैले पनि नबनाएको पाइयो । साथै कक्षा शिक्षण सुरुवातका सन्दर्भमा सबै शिक्षकले पूर्व पाठको स्मरण गराएर नयाँ पाठ सुरुवात गर्ने बताए पनि दुई जना शिक्षकले सिधै विषयवस्तुमा प्रवेश गरेको कक्षा अवलोकन गर्ने क्रममा देखियो भने एक जना शिक्षकले विषयवस्तु अनुसार चुट्किला, कथा बताउने भनेता पनि बताएको पाइएन । विद्यार्थी समूह छलफलबाट पनि प्रायजसो पूर्व पाठसँग सम्बन्धित प्रश्न गरी शिक्षकले नयाँ पाठको सुरुवात गर्ने प्रतिक्रिया दिएका थिए । त्यसैगरी विषयवस्तु अनुसार प्रयोगात्मक, प्रदर्शन, खोज, अन्वेषण विधिको प्रयोग गरी शिक्षण गर्ने अन्तर्वार्तामा बताए पनि अवलोकन र विद्यार्थीसँग छलफलको क्रममा प्रश्नोत्तर, व्याख्यान, छलफल विधि नै प्रयोग गर्ने गरेको पाइयो । साथै शैक्षिक सामग्री तर्फ पाठअनुसारका बोट विरुवाको चित्र, प्रयोगशालासम्बन्धी सामग्री, चार्ट प्रयोग गरिने बताए पनि अवलोकनमा कालोपाटी, चक, डस्टर मात्र प्रयोग गरी शिक्षण गरिएको देखियो । विद्यार्थी समूह छलफलमा पनि प्रायसबै पाठको शिक्षणमा कालोपाटीमा नै चित्र बनाई व्याख्या गरिदिने बताएका थिए । विद्यार्थी मूल्याङ्कन गर्दा प्रयोगात्मक, लिखित र मौखिक प्रश्न गर्ने अन्तर्वार्तामा बताए पनि एक जना शिक्षकले मात्र लिखित र मौखिक प्रश्न गरेको पाइयो भने बाँकी तीन जना शिक्षकले मौखिक प्रशनद्वारा मूल्याङ्कन गरेका थिए । साथै समूह छलफलको क्रममा पनि सबै शिक्षकले मौखिक प्रश्नद्वारा नै मूल्याङ्कन गर्ने प्रतिक्रिया दिएका थिए । त्यस्तै अवलोकनका क्रममा पाठको समाप्ती गर्दा सबै शिक्षकले पाठको सारांश बताएका थिए । विद्यार्थीसँग छलफल गर्दा प्रायजसो पाठको सारांश बताए पनि सधैं त्यसो नगर्ने बताएका थिए । अन्तर्वार्तामा सबै शिक्षकले दैनिक गृहकार्य दिनुका साथै हेर्ने पनि गरिने बताए पनि अवलोकनमा दुई जना शिक्षकले हेरेको पाइयो भने विद्यार्थीसँग छलफलमा पनि ती दुई शिक्षकले प्राय दैनिक रुपमा हेर्ने गरेका बाँकी दुई जना शिक्षकले भने कहिलकोहीँ मात्र हेर्ने गरेको प्रतिक्रिया दिएका थिए ।

विज्ञान विषयको शिक्षण-सिकाइ क्रियाकलापलाई समग्रमा विश्लेषण गर्दा लिखित रुपमा पाठयोजना नबनाइकन, दैनिक प्रयोगका सामग्री प्रयोग गरी, व्याख्यान, छलफल, प्रश्नोत्तर विधिद्वारा शिक्षण गर्दै आइरहेका साथै मौखिक प्रश्नद्वारा मूल्याङ्कन गरी कहिलेकाहीँ मात्र गृहकार्य दिने र शिक्षकको इच्छा अनुसार हेरिँदै आइरहेको निकर्ष निकाल्न सकिन्छ ।

### ४.२.७ सामाजिक विषयको शिक्षण-सिकाइ क्रियाकलापको अवस्था

सामाजिक अध्ययन विषय शिक्षण-सिकाइ क्रियाकलापको अवस्था सम्बन्धी सूचना अनुसूची च, छ, ज बाट प्राप्त प्रतिक्रियालाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ४.१२

## सामाजिक विषयको शिक्षण-सिकाइ क्रियाकलापको अवस्था

| कक्षा शिक्षण क्रियाकलाप विवरण | सामाजिक विषयको कक्षा शिक्षण क्रियाकलाप | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्मी आदर्श उच्च मा.वि. | | जनप्रकाशन उच्च मा.वि. | | अमरज्योति गाउँ फर्क मा.वि. | | लक्ष्मी उच्च मा.वि. | |
| | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता |
| पाठयोजना निर्माण | नबनाएको | बनाउने | नबनाएको | बनाउने | नबनाएको | बनाउने | नबनाएको | नबनाउने |
| कक्षा शिक्षण सुरुवात | सिधै विषय वस्तुमा प्रवेश | पूर्व पाठको स्मरण गराएर | पूर्व पाठको स्मरण गराएको | पूर्व पाठको स्मरण गराएर | पूर्व पाठको स्मरण गराएको | पूर्व पाठको स्मरण गराएर | पूर्व पाठको स्मरण गराएको | पूर्व पाठको स्मरण गराएर |
| शिक्षण विधि | व्याख्यान प्रश्नोत्तर | प्रर्दर्शन, क्षेत्रभ्रमण, प्रश्नोत्तर | व्याख्यान, छलफल | प्रदर्शन, प्रश्नोत्तर, व्याख्यान | व्याख्यान, छलफल, प्रश्नोत्तर, | प्रश्नोत्तर, क्षेत्रभ्रमण, समस्या-समाधान | प्रश्नोउत्तर, व्याख्यान, छलफल | प्रर्दर्शन, क्षेत्रभ्रमण, प्रश्नोत्तर |
| शैक्षिक सामग्री | कालोपाटी, चक, डस्टर | नक्सा, ग्लोब, चार्ट | कालोपाटी, चक, डस्टर | नक्सा, ग्लोब, चार्ट, तस्वीर | कालोपाटी, चक, डस्टर | नक्शा, ग्लोब, तस्विर | कालोपाटी, चक, डस्टर | नक्सा, ग्लोब, चार्ट |
| विद्यार्थी मूल्याङ्कन | मौखिक प्रश्न | लिखित र मौखिक प्रश्न | मौखिक प्रश्न | लिखित र मौखिक प्रश्न | लिखित र मौखिक प्रश्न | मौखिक र लिखित, प्रश्न | मौखिक प्रश्न | मौखिक प्रश्न |
| पाठको समाप्ती | सारांश नबताएको | सारांश बताएर गरिने | सारांश नबताएको | सारांश बताएर | सारांश बताएको | सारांश बताएर र नयाँ पाठ शीर्षक भनेर | सारांश बताएर | सारांश बताएर गरिने |
| गृहकार्य | नदिएको | दिने र हेर्ने गरिने | दिएको तर नहेरेको | दिने र हेर्ने गरिने | दिएको र हेरेको पनि | दिने र हेर्ने गरिने | दिएको र हेरेको पनि | दिने र कहिलेकाहीँ हेर्ने |

स्रोत : स्थलगत अध्ययन, २०६७।

माथि प्रस्तुत तालिका ४.१२ मा शिक्षक अन्तर्वार्ताका क्रममा तीन जना शिक्षकले लिखित पाठयोजना बनाउने बताए पनि अवलोकनका क्रममा बनाएको पाइएन । त्यस्तै कक्षा शिक्षण सुरुवात गर्दा पूर्व पाठको स्मरण गराई नयाँ पाठको सुरुवात गर्ने बताए पनि एक जना शिक्षकले सिधै नयाँ पाठ सुरुवात गरेको देखियो भने विद्यार्थीसँग छलफल गर्दा पनि प्रायजसो पूर्व पाठको स्मरण गराए पनि सधैं त्यसो नगर्ने बताए । शिक्षक अन्तर्वार्ताका क्रममा शिक्षण गर्दा खोज, प्रदर्शन, क्षेत्रभ्रमण, समस्या-समाधान विधि प्रयोग गर्ने प्रतिक्रिया दिए पनि व्याख्यान, छलफल, प्रश्नोत्तर विधि नै बढी प्रयोग गरिएको अवलोकन र समूह छलफलबाट पाइयो । त्यसैगरी शैक्षिक सामग्रीका सन्दर्भमा विषयवस्तु अनुसार नक्सा, ग्लोब, चार्ट, तस्वीर, चित्र प्रयोग गरिने बताए पनि अवलोकनमा दैनिक प्रयोगका सामग्री कालोपाटी, चक, डस्टर मात्र प्रयोग गरेको देखियो साथै समूह छलफलमा पनि कहिलेकाहीँ नक्सा, ग्लोब प्रयोग गरेतापनि अरु सामग्री कालोपाटीमा नै बनाएर शिक्षण गर्ने बताएका थिए । त्यस्तै मूल्याङ्कनका सन्दर्भमा सबै शिक्षकले लिखित र मौखिक प्रश्नद्वारा गरिने बताएपनि एक जना शिक्षकले लिखित र मौखिक प्रश्नद्वारा मूल्याङ्कन गरेको देखियो भने समूह छलफलमा प्रायजसो मौखिक प्रश्नद्वारा मूल्याङ्कन गर्ने बताउका थिए । त्यस्तै पाठको समाप्ति गर्दा शिक्षकले सारांश गराएर गरिने बताए पनि समूह छलफलमा सबै शिक्षकले कहिलेकाहीँ मात्र सारांश बताएर अन्त्य गर्ने गरेको बताएका थिए । साथै गृहकार्य दैनिक रुपमा दिने र हेर्ने पनि गरिने प्रतिक्रिया अन्तर्वार्तामा दिए पनि कक्षा अवलोकन गर्दा एक जना शिक्षकले मात्र हेरेको पाइयो भने समूह छलफलका क्रममा पनि कहिलेकाहीँ मात्र गृहकार्य दिने र हेर्नुका साथै प्रत्येक पाठको अन्त्यमा दिएका प्रश्न मात्र हल गर्न लगाउने र हेर्ने गरेको बताएका थिए ।

समग्रमा सामाजिक अध्ययन विषयको शिक्षण-क्रियाकलापको विश्लेषण गर्दा बिना पाठयोजना योजना निर्माण नगरी व्याख्यान, छलफल, प्रश्नोत्तर विधिको प्रयोग गरी दैनिक प्रयोगका शैक्षिक सामग्री कालोपाटी, चक, डस्टरको मात्र प्रयोग गरी मौखिक प्रश्नद्वारा मूल्याङ्कन गरी सबै शिक्षकले शिक्षण गराउँदै आएको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.८ स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयको शिक्षण-सिकाइ क्रियाकलापको अवस्था

स्वास्थ्य, जनसंख्या तथा वातावरण विषायको शिक्षण-सिकाइ क्रियाकलापको अवस्था सम्बन्धी तथ्याङ्क अनुसूची च, छ, ज बाट प्राप्त प्रतिक्रियालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१३**

**स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयको शिक्षण-सिकाइ क्रियाकलापको अवस्था**

| कक्षा शिक्षण क्रियाकलाप विवरण | स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयको कक्षा शिक्षण क्रियाकलाप | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्मी आदर्श उच्च मा.वि. | | जनप्रकाशन उच्च मा.वि. | | अमरज्योति गाउँ फर्क मा.वि. | | लक्ष्मी उच्च मा.वि. | |
| | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता |
| पाठयोजना निर्माण | नबनाएको | बनाउने | नबनाएको | बनाउने | नबनाएको | नबनाउने | नबनाएको | नबनाउने |
| कक्षा शिक्षण सुरुवात | पूर्व पाठको स्मरण गराउने | पूर्व पाठको स्मरण गराएर | सिधै विषयवस्तुमा प्रवेश | पूर्व पाठको स्मरण गराएर | पूर्व पाठको स्मरण गराएको | पूर्व पाठको स्मरण गराएर | पूर्व पाठको स्मरण गराएको | पूर्व पाठको स्मरण गराएर |
| शिक्षण विधि | व्याख्यान र प्रश्नोत्तर | प्रयोगात्मक, प्रदर्शन, समस्या-समाधान | व्याख्यान, छलफल | अभिनय, प्रदर्शन, प्रश्नोत्तर, | व्याख्यान, प्रश्नोत्तर, छलफल | प्रदर्शन प्रयोगात्मक, व्याख्यान | प्रश्नोत्तर, व्याख्यान, छलफल | प्रयोगात्मक, अभिनय, छलफल |
| शैक्षिक सामग्री | कालोपाटी, चक, डस्टर | चार्ट, चित्र, तस्वीर | कालोपाटी, चक, डस्टर | चार्ट, तस्वीर, चित्र | कालोपाटी, चक, डस्टर | चित्र, चार्ट | कालोपाटी, चक, डस्टर | तस्वीर, चार्ट, चित्र |
| विद्यार्थी मूल्याङ्कन | मौखिक प्रश्न | लिखित र मौखिक प्रश्न | मौखिक प्रश्न | लिखित र मौखित प्रश्न | लिखित र मौखिक प्रश्न | लिखित मौखिक प्रयोगात्मक | मौखिक प्रश्न | लिखित, मौखिक र प्रयोगात्मक |
| पाठको समाप्ती | सारांश नबताएको | सारांश बताएर | सारांश बताएको | सारांश बताएर | सारांश बताएको | सारांश बताएर | सारांश बताएको | सारांश बताएर |
| गृहकार्य | दिएको तर नहेरेको | दिने र हेर्ने गरिने | नदिएको साथै नहेरेको पनि | दिने र हेर्ने गरिने | दिएको र हेरेको पनि | दिने र हेर्ने गरिने | दिएको तर नहेरेको | दिने र कहिलकोहीँ हेर्ने । |

स्रोत : स्थलगत अध्ययन, २०६७ ।

प्रस्तुत तालिका ४.१३ मा शिक्षक अन्तर्वार्ताका क्रममा दुई जना शिक्षकले लिखित पाठयोजना बनाउने प्रतिक्रिया दिए तापनि कक्षा अवलोकनका क्रममा लिखित पाठयोजना कसैले पनि बनाएको पाइएन । त्यस्तै कक्षा शिक्षण सुरुवात पूर्वपाठको प्रश्नद्वारा स्मरण गराउँदै नयाँ पाठको सुरुवात गर्ने सबै शिक्षकले अन्तर्वार्तामा बताएका थिए तर अवलोकनका क्रममा एक जना शिक्षकले सिधै नयाँ पाठको सुरुवात गरेको देखियो । साथै विद्यार्थीसँग छलफलका क्रममा प्रायजसो सबै शिक्षकले पूर्व पाठको स्मरण गराउँदै नयाँ विषयवस्तुमा प्रवेश गर्ने बताएका थिए । शिक्षणका क्रममा विषयवस्तु अनुसार प्रयोगात्मक, समस्या-समाधान, अभिनय, प्रदर्शन विधि प्रयोग गरिने अन्तर्वार्तामा बताए पनि अवलोकनको क्रममा व्याख्यान, छलफल, प्रश्नोत्तर विधिको प्रयोग गरिएको पाइयो भने विद्यार्थीले पनि यिनै विधिको बढी प्रयोग गर्ने कहिलेकाहीँ प्रदर्शन र अभिनय विधिद्वारा शिक्षण गराउने बताएका थिए । त्यस्तै पाठको प्रकृति अनुसार तस्वीर, चित्र, चार्ट जस्ता सामग्रीको प्रयोग गरी शिक्षण गराउने सबै शिक्षकले अन्तर्वार्तामा बताए पनि कक्षा अवलोकन र समूह छलफलमा दैनिक प्रयोगका सामग्री चक, डस्टर, कालोपाटीको प्रयोग गर्ने गरेको पाइयो । त्यसैगरी कक्षा शिक्षणका क्रममा आवश्यकता अनुसार लिखित, मौखिक, प्रयोगात्मक प्रक्रियाबाट विद्यार्थी मूल्याङ्कन गरिने अन्तर्वार्तामा बताए पनि दुई जना शिक्षकले लिखित र मौखिक प्रश्नद्वारा साथै बाँकी दुई जना शिक्षकले मौखिक प्रश्नद्वारा मात्र मूल्याङ्कन गरेको पाइयो भने विद्यार्थीसँगको छलफलमा प्राय मौखिक प्रश्नद्वारा नै मूल्याङ्कन गर्ने बताएका थिए । त्यस्तै शिक्षकसँग पाठको समाप्ति कसरी गर्नुहुन्छ भन्ने प्रश्नमा सबै शिक्षकले सारांश बताउँदै भोलिपल्टको पाठको शीर्षक बताउने प्रतिक्रिया दिए पनि एक जना शिक्षकले सारांश नबताएको देखियो साथै विद्यार्थीहरुले पनि सबै शिक्षकले कहिलेकाहीँ मात्र बताउने प्रतिक्रिया दिएका थिए । कक्षा शिक्षणको अन्त्यमा गृहकार्य सबै शिक्षकले दैनिक दिनुका साथै हेर्ने पनि गरेको बताए पनि श्री अमरज्योति मा.वि.को शिक्षकले हेरेका थिए भने श्री जनप्रकाश उ.मा.वि. का शिक्षकले गृहकार्य नदिएको पाइयो । विद्यार्थीसँगको छलफलमा प्रायजसो पाठको अन्तिमका प्रश्न हल गर्न लगाउने र कहिलेकाहीँ दिने र हेर्ने गरेको बताएका थिए ।

यसरी समग्रमा विश्लेषण गर्दा स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा विषयको शिक्षण-सिकाइ क्रियाकलापमा पाठयोजना निर्माण नगरिन, व्याख्यान, छलफल, प्रश्नोत्तर विधिको प्रयोगद्वारा दैनिक प्रयोगका सामग्री चक, डस्टर र कालोपाटीको प्रयोग गरी मौखिक प्रश्नद्वारा शिक्षकको इच्छा अनुसार गृहकार्य दिने र हेर्ने गरिँदै आएको निष्कर्ष निकाल्न सकिन्छ ।

## ४.३ शिक्षण-सिकाइ क्रियाकलापप्रति शिक्षक र विद्यार्थीको दृष्टिकोण

शिक्षण-सिकाइ क्रियाकलापमा विद्यार्थी र शिक्षकको महत्वपूर्ण भूमिका हुन्छ । त्यसकारण वर्तमान शिक्षण-सिकाइ क्रियाकलाप र सुधारात्मक शिक्षण-सिकाइ क्रियकलाप प्रति शिक्षक र विद्यार्थीको दृष्टिकोण पहिचानका लागि अनुसूची च र ज बाट प्राप्त सूचनालाई विषयगत रुपमा विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.३.१ नेपाली विषयको शिक्षण-सिकाइ क्रियाकलापप्रति शिक्षक र विद्यार्थीको दृष्टिकोण

नेपाली विषय शिक्षणका क्रममा धेरै वर्ष शिक्षण अनुभव प्राप्त गरेका शिक्षकहरु भएका कारण लिखित पाठयोजना विना नै मानसिक योजना बनाइ शिक्षण गराउँदै आइरहेको साथै विद्यार्थी संख्या धेरै हुनाले विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्न नसकिएको चारवटै विद्यालयका शिक्षकले बताएका थिए । त्यस्तै विद्यालयमा विषयवस्तु अनुसार शैक्षिक सामग्री उपलब्ध नहुनु, पढाइमा सबै विद्यार्थी सहभागी नहुनाले वर्तमान शिक्षण प्रति आफूहरु त्यति सन्तुष्ट नभएको बताएका थिए भने विद्यार्थीसँग छलफलमा पाठअनुसार शैक्षिक सामग्रीको प्रयोग नगरी व्याख्यान, छलफल, प्रश्नोत्तर विधिद्वारा शिक्षण गराउने साथै जान्ने विद्यार्थीलाई मात्र शिक्षकले ध्यान दिने हुनाले आफूहरु सन्तुष्ट नभएको प्रतिक्रिया दिएका थिए । त्यसकारण सुधारात्मक शिक्षणका लागि विद्यालय प्रशासनले वार्षिक कार्ययोजना बनाई सोही अनुसार शिक्षकलाई पनि पाठयोजना अनिवार्य बनाउन लगाउनुपर्ने नेपाली विषयसँग सम्बन्धित सन्दर्भ सामग्री, शिक्षक निर्देशिका विद्यालयमा उपलब्ध गराउनुका साथै विषयवस्तु अनुसार शैक्षिक सामग्रीको व्यवस्था गर्ने, एउटा कक्षामा २० देखि २५ जना विद्यार्थी राखी शिक्षण गराउनुपर्ने बताएका थिए । त्यस्तै भाषा सम्बन्धी ल्याव, ध्वनी लय, साहित्यिक पुस्तक, महत्वपूर्ण व्यक्तिका जीवनी, इन्टरनेट सहितको कम्प्युटर ल्याब जसबाट विद्यार्थीले भाषा र साहित्यसँग सम्बन्धित विषयवस्तु खोज्न सकिने जस्ता आधुनिक प्रविधियुक्त सामग्रीको व्यवस्था गरी अन्तर विद्यालयगत तालिम, गोष्ठी, सेमिनार राखी शिक्षणमा देखिएका समस्या-समाधान गर्ने व्यवस्था गर्नुपर्ने नेपाली विषय शिक्षकको दृष्टिकोण पाइयो भने विद्यार्थीहरुले पनि प्रदर्शन, प्रश्नोत्तर, छलफल विधिद्वारा पाठअनुसार शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गरिनुका साथै विद्यालयमा अतिरिक्त क्रियाकलाप जस्तै कथा, कविता, नाटक, वक्तृत्वकला, वादविवाद जस्ता कार्यक्रम राखी दैनिक रुपमा गृहकार्य दिनुका साथै हेरिनु पर्ने सोही अनुसार तत्कालै पृष्ठपोषण प्रदान गरेमा शिक्षण प्रभावकारी हुने बताएका थिए ।

### ४.३.२ अंग्रेजी विषयको शिक्षण-सिकाइ क्रियाकलापप्रति शिक्षक र विद्यार्थीको दृष्टिकोण

अंग्रेजी विषयका शिक्षकले वर्तमान शिक्षण क्रियाकलापमा विद्यार्थीले अंग्रेजी विषयलाई गाह्रो भनी त्यति ध्यान नदिनु, सरकारी विद्यालयमा अंग्रेजी विषय एउटा मात्र राखिनु जसले गर्दा अंग्रेजी भाषा बुझ्न कठिन हुनु, विद्यार्थी संख्या धेरै हुनाले पाठअनुसार शैक्षिक सामग्री, शिक्षण विधि, मूल्याङ्कन प्रक्रियालाई कक्षा शिक्षणमा प्रयोग गर्न नसकिएको नै वर्तमान शिक्षणका समस्या बताएका थिए जसले गर्दा आफूहरु वर्तमान शिक्षण प्रति पूर्ण सन्तुष्ट हुन नसकेका बताए । सुधारात्मक शिक्षणका लागि सबै विषयको शिक्षणको भाषाको माध्यम अंग्रेजी हुनुपर्ने, विषयवस्तु अनुसार सन्दर्भ सामग्रीको व्यवस्था गरी आधुनिक प्रविधियुक्त सामग्री जस्तै नेट, इन्टरनेट, क्यासेट प्लेयर, भिडियो, जस्ता शैक्षिक सामग्रीको प्रयोग गरी विद्यार्थी केन्द्रित शिक्षण विधिद्वारा शिक्षण गराउनुका साथै प्रत्येक कक्षामा २० देखि २५ जना विद्यार्थी राखी निरन्तर रुपमा मूल्याङ्कन गरी तत्कालै पृष्ठपोषण प्रदान गर्नुपर्दछ भन्ने प्रतिक्रिया दिएका थिए । त्यसैगरी विद्यार्थीसँग छलफल गर्दा शिक्षकले शैक्षिक सामग्री प्रयोग नगरी व्याख्यान, छलफल विधिद्वारा शिक्षण गर्ने, अंग्रेजी भाषा प्रयोग नगरी बढी नेपाली भाषा बोल्ने हुनाले थप यो विषयको शिक्षण अप्ठ्यारो भएको बताएका थिए । त्यसैले सुधारात्मक शिक्षणका लागि पाठ अनुसार शैक्षिक सामग्रीको प्रयोग गरी प्रदर्शन, प्रत्यक्ष, अभिनय, प्रश्नोत्तर जस्ता विधि प्रयोग गरी निरन्तर मूल्याङ्कन गरी तत्कालै पृष्ठपोषण दिनाले शिक्षणमा थप सुधार गर्न सहयोग पुऱ्याउँदछ र अंग्रेजी विषय शिक्षण गर्दा विद्यार्थी-शिक्षक दुवैले अंग्रेजीमानै बोल्नुपर्ने साथै विद्यालयमा अंग्रेजी विषय सम्बन्धित अतिरिक्त क्रियाकलाप राखेमा आफूहरुलाई थप सहयोग पुग्ने साथै शिक्षण प्रभावकारी हुने प्रतिक्रिया विद्यार्थीहरुले दिएका थिए ।

### ४.३.३ गणित विषय शिक्षण-सिकाइ क्रियाकलापप्रति शिक्षक र विद्यार्थीको दृष्टिकोण

गणित विषय शिक्षकले आफूले यो विषय धेरै वर्ष अध्यापन गराउँदै आएको हुनाले लिखित पाठयोजना बनाउन जरुरी नभएको बताएका थिए । साथै विद्यार्थी संख्या धेरै हुनाले पाठअनुसार शैक्षिक सामग्री प्रयोग गरी विद्यार्थी केन्द्रित विधिको प्रयोग गर्न समय बढी लाग्ने र शैक्षिक सामग्री पनि प्रयाप्त मात्रामा विद्यालयमा नहुनु, विद्यार्थीको मनोविज्ञानमा पनि गणित विषय गाह्रो हुन्छ भन्ने धारणाबाट प्रभावित हुनाले यो विषयलाई त्यति समय विद्यार्थीले नदिनाले वर्तमान शिक्षणप्रति आफूहरु केही मात्रामा सन्तुष्ट भए पनि पूर्ण सन्तुष्ट हुन नसकेको बताए । त्यसकारण सुधारात्मक शिक्षणका लागि विद्यालय प्रशासनले गणित विषयसँग सम्बन्धित शेक्षिक सामग्रीको व्यवस्था गर्नुपर्ने, प्रत्येक कक्षामा २० देखि २५ जना विद्यार्थी राखी विद्यार्थी केन्द्रित विधिको प्रयोग गरी निरन्तर मूल्याङ्कनका साधनको प्रयोग गरी दैनिक रुपमा सम्बन्धित प्र.अ.ले निरीक्षण गर्दै तत्काल शिक्षणमा देखिएका समस्या-समाधान गरी शिक्षण गराउन

प्रोत्साहन गराउनुपर्दछ भन्ने गणित विषय शिक्षकको दृष्टिकोण राखेका थिए । वर्तमान शिक्षणप्रति विद्यार्थीहरुले पाठअनुसार शैक्षिक सामग्री प्रयोग नगरी व्याख्यान, छलफल, प्रश्नोत्तर, प्रयोग विधिद्वारा शिक्षण गराउनुका साथै शिक्षकको इच्छा अनुसार गृहकार्य दिने र हेर्ने साथै जान्ने विद्यार्थीलाई मात्र मध्यनजर गरी शिक्षण गर्नाले आफूहरु पूर्ण सन्तुष्ट नभएको बताए । जसका लागि पाठअनुसार शैक्षिक सामग्रीको प्रयोग गरी आगमन, प्रयोगात्मक, खोज, छलफल विधिको प्रयोग गरी जान्ने र नजान्ने सबै विद्यार्थीलाई मध्यनजर गर्दै गणित सम्बन्धी अतिरिक्त क्रियाकलाप गराउनुका साथै निरन्तर मूल्याङ्कनका साधनको प्रयोग गरी शिक्षण-सिकाइ क्रियाकलाप गराउनुपर्ने दृष्टिकोण विद्यार्थीहरुले राखेका थिए ।

### ४.३.४ विज्ञान विषयको शिक्षण-सिकाइ क्रियाकलापप्रति शिक्षक र विद्यार्थीको दृष्टिकोण

विज्ञान विषय धेरै वर्ष शिक्षण गराउँदै आएको हुनाले सोही अनुरुप मानसिक योजना बनाई शिक्षण गरिने सम्बन्धित सबै शिक्षकले बताएका थिए । वर्तमान शिक्षणमा एउटै कक्षामा ५०/६० जना विद्यार्थी राखी शिक्षण गराउनु पर्ने हुनाले आफूहरुले चाहेर पनि शैक्षिक सामग्रीको प्रयोग विना, शिक्षक केन्द्रित विधि प्रयोग गर्नुपर्ने बताए साथै विज्ञानको लागि विद्यालयमा प्रयोगशालाको नहुनु, आधुनिक शैक्षिक सामग्रीको अभाव हुनु, विद्यालय र घर परिवारमा उपयुक्त शैक्षिक वातावरण नहुनु, विद्यार्थीको एउटै खालको उद्देश्य नहुनु, अभिभावकले पनि छोराछोरीको पढाइमा त्यति ध्यान नदिनाले वर्तमानमा यस्तो शिक्षण गराउनुपर्ने बाधयता भएको बताए । त्यसका लागि विद्यालयमा एउटा कक्षामा बढीमा २५ जना विद्यार्थी राख्नुपर्ने, विज्ञानसँग सम्बन्धित प्रयोगशाला, ल्याव, कम्प्युटर, नेट, इन्टरनेट, साथै आवश्यक सन्दर्भ सामग्रीको प्रयोग गरी अन्वेषणात्मक, ह्युरिष्टिक विधि, प्रयोगशाला विधि, समस्या-समाधान विधि, क्षेत्रीय अन्वेषण विधि प्रयोग गरी निरन्तर मूल्याङ्कन गर्ने र प्रत्येक महिनाको एक दिन स्रोतकेन्द्र अन्तर्गतका विज्ञान शिक्षकहरुको गोष्ठी, सेमिनार राखी शिक्षणमा देखिएका समस्याहरुको समाधान गरी थप प्रभावकारी शिक्षणमा छलफल चलाउने गरेमा सुधारात्मक शिक्षण गर्न सकिन्छ भन्ने दृष्टिकोण रहेको पाइयो । वर्तमान शिक्षणप्रति विद्यार्थीहरुले विज्ञानजस्तो विषयमा प्रयोगशाला, विना शैक्षिक सामग्रीको प्रयोग नगरी व्याख्यान, छलफल विधिद्वारा शिक्षण गराउने, शिक्षकले आफ्नो इच्छा अनुसार गृहकार्य दिने र हेर्ने गर्नाले आफूहरुलाई विषयवस्तु बुझ्न गाह्रो भएको बताए । यसका लागि विज्ञान प्रयोगशाला, ल्याव, कम्प्युटर, नेट, इन्टरनेटको माध्यमद्वारा विषयवस्तुअनुसार शिक्षण विधि र सामग्रीको प्रयोग गरी निरन्तर मूल्याङ्कनका साधनको प्रयोग गरी तत्कालै पृष्ठपोषण प्रदान गरिनुका साथै विज्ञानसँग सम्बन्धित अतिरिक्त क्रियाकलाप र क्षेत्र भ्रमण गराएमा शिक्षणमा धेरै नै सहयोग हुनुका साथै थप उर्जा मिल्ने दृष्टिकोण राखेका थिए ।

### ४.३.५ सामाजिक अध्ययनको विषय शिक्षण-सिकाइ क्रियाकलापप्रति शिक्षक र विद्यार्थीको दृष्टिकोण

सामाजिक अध्ययनमा बहुविषयक विषयवस्तु राखिनाले सबै विषयको शिक्षकमा प्रयाप्त ज्ञान नहुनाले शिक्षणमा केही मात्रामा समस्या हुने गरेको, साथै विद्यार्थी संख्या धेरै हुनाले विषयवस्तु अनुसार प्रयाप्त मात्रामा शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्न समय बढी लाग्ने साथै विद्यालयमा प्रयाप्त सामग्री नहुनु जसले गर्दा विषयवस्तु अनुसार शिक्षण विधिको प्रयोग गर्न कठिनाइ भएको, दैनिक गृहकार्य दिन र हेर्न नभ्याइनाले प्रभावकारी शिक्षण गर्न नसकिएको सबै शिक्षकले बताए । यसका लागि विद्यालय प्रशासनले निरन्तर रुपमा निरीक्षण गर्नुका साथै विषयवस्तु अनुसारका शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्ने, प्रत्येक कक्षामा २५ देखि ३० जना विद्यार्थी मात्र राखिनुपर्ने जसले गर्दा विद्यार्थी केन्द्रित विधिको प्रयोग गरी विषयवस्तु अनुसार शैक्षिक सामग्रीको निर्माण र प्रयोगद्वारा शिक्षण गरी मूल्याङ्कन प्रक्रिया गर्न सजिलो हुने प्रतिक्रिया दिएका थिए । त्यस्तै गरी आवश्यकता अनुसार मठ मन्दिर, नदिनाला, तालतलैया, डाँडा-काँडा, गुफा जस्ता ऐतिहासिक ठाउँहरुको भ्रमण गराउनुका साथै विद्यार्थी र अभिभावकको पढाइप्रति सकरात्मक सोच भएमा सुधारात्मक शिक्षण-सिकाइ क्रियाकलाप हुने. र गराउन सकिने दृष्टिकोण राखेका थिए भने विद्यार्थीसँग छलफल गर्दा शैक्षिक सामग्री बिना व्याख्यान, छलफल, प्रश्नोत्तर विधिको मात्र प्रयोग गरी शिक्षण गर्ने, मूल्याङ्कनका नाममा परीक्षालाई मात्र प्रयोग गरिनाले शिक्षणमा आफूहरुलाई समस्या भएको बताएका थिए भने सुधारात्मक शिक्षणका लागि विषयवस्तु अनुसार शैक्षिक सामग्रीको प्रयोग गरी क्षेत्र भ्रमण, प्रदर्शन, खेल, अभिनय, समस्या-समाधान विधिको प्रयोग गरी निरन्तर मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गरेमा शिक्षणमा नविनता ल्याउन सकिने दृष्टिकोण विद्यार्थीहरुले राखेका थिए ।

### ४.३.६ स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा विषयको शिक्षण-सिकाइ क्रियाकलापप्रति शिक्षक र विद्यार्थीको दृष्टिकोण

वर्तमान अवस्थामा लिखित पाठयोजना निर्माण नगरी शिक्षण गर्दै आइरहेको सबै शिक्षकले बताए । एउटै कक्षामा ५० जना भन्दा बढी विद्यार्थी संख्या हुनाले पाठअनुसार शैक्षिक सामग्रीको निर्माण र प्रयोग गरी विद्यार्थी केन्द्रित विधिको प्रयोगद्वारा विषयवस्तु अनुसार कक्षा शिक्षण क्रियाकलाप गर्न समस्या भएको साथै यो विषयमा धेरै मेहेनत नगरे पनि पास भइने मानसिकता विद्यार्थीमा रहनुका साथै प्रयाप्त मात्रामा शैक्षिक सामग्री विद्यालयमा उपलब्ध नहुनु, त्यस्तै यो विषयको पाठ्यभार चार हुनु तर विषयवस्तु धेरै राखिनाले समयमै पाठ सिध्याउनु पर्ने हुनाले चाहे अनुसारको शिक्षण गर्न नसकिएको बताए । यसका लागि प्रत्येक कक्षामा २५ देखि ३० जना विद्यार्थी राख्नुपर्ने, यो विषयमा पाठ्यभार बढाउनु पर्ने कि त विषयवस्तु लाई घटाउनु पर्ने साथै विषयवस्तु अनुसार शैक्षिक सामग्रीको व्यवस्था विद्यालयले गर्नुपर्ने, जसले गर्दा प्रदर्शन,

प्रयोगात्मक, छलफल, अभिनय विधि विषयवस्तु अनुसार प्रयोग गरी विद्यार्थीको मनोविज्ञानमा परिवर्तन ल्याउनुका साथै महिनाको एक चोटी यो विषयका शिक्षकलाई क्षेत्रगत रुपमा सम्बन्धित निकायले गोष्ठी, सेमिनार राखी अन्तरक्रिया गराएमा सुधारात्मक शिक्षण गर्न सकिन्छ भन्ने दृष्टिकोण राखेका थिए । विद्यार्थी सँगको छलफलमा वर्तमान अवस्थामा यो विषयमा विशिष्टिकरण गरेको शिक्षकले शिक्षण नगरी अरु विषयमा विशिष्टीकरण गरेको शिक्षकले शिक्षण गर्नाले पनि प्रयाप्त विषयवस्तु दिन नसक्ने, शैक्षिक सामग्री विना व्याख्यान, छलफल विधि बढी मात्रामा प्रयोग गरी शिक्षण गर्ने हुनाले त्यति शिक्षण प्रभावकारी हुन नसकेको बताएका थिए भने सुधारात्मक शिक्षणका लागि सोही विषयमा विशिष्टिकरण गरेको शिक्षकले शिक्षण गराउनुपर्ने, विषयवस्तु अनुसार शैक्षिक सामग्रीको प्रयोग गरी अभिनय, प्रदर्शन, प्रयोगात्मक जस्ता विषयवस्तु अनुसार शिक्षण विधिको छनौट र प्रयोग गरी निरन्तर रुपमा मूल्याङ्कनद्वारा तत्काल पृष्ठपोषण दिनुका साथै शिक्षक-विद्यार्थी दुवैले यो विषय सजिलो छ अलिअलि अध्यापन तथा अध्ययन गरे पनि पास भइन्छ भन्ने मानसिकतालाई हटाउनु पर्ने देखिन्छ । यो विषयमा सैद्धान्तिक एव् व्यवहारिक विषय राखिएकाले आवश्यकता अनुसार स्थलगत भ्रमण गराई शिक्षण गराएमा यस विषयको शिक्षण-सिकाइ क्रियाकलापमा सुधार गर्न सकिने दृष्टिकोण विद्यार्थीले राखेका थिए ।

माध्यमिक तहको अनिवार्य विषयको शिक्षण-सिकाइ क्रियाकलापप्रति समग्रमा विश्लेषण गर्दा सबै विद्यालयका विषय शिक्षक तथा विद्यार्थीको वर्तमान अवस्थाको कक्षा शिक्षणमा विद्यार्थी संख्या धेरै राखी शिक्षण गर्नुपर्ने भएकोले विषयवस्तु अनुसार शिक्षण विधिको प्रयोग गर्न नसकिएको आधुनिक प्रविधि युक्त सामग्री जस्तै कम्प्युटर, नेट, इन्टरनेट, ल्याव, पुस्तकालय, प्रयोगशाला, अडियो-भिडियो, प्रोजेक्टर जस्ता सामग्री नहुनाले आफूले चाहेर पनि शिक्षण गराउन नसकेको यसका लागि प्रत्येक कक्षामा निश्चित विद्यार्थी संख्या राखी विषयवस्तु अनुसार शैक्षिक सामग्रीको प्रयोग गरी सोही अनुसार शिक्षण विधिको प्रयोगद्वारा निरन्तर मूल्याङ्कन गरी तत्कालै पृष्ठपोषण प्रदान गर्ने र विषय अनुसार अतिरिक्त क्रियाकलाप विद्यालय भित्र तथा बाहिर सञ्चालन गरेमा शिक्षणमा प्रभावकारिता ल्याउन सकिने दृष्टिकोण विद्यार्थी तथा शिक्षकको भएको निष्कर्ष निकाल्न सकिन्छ ।

# अध्याय-पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

प्रस्तुत अध्ययन कास्की जिल्ला लेखनाथ नगरपालिकामा अवस्थित माध्यमिक तहको अनिवार्य विषयहरुमा शिक्षण-सिकाई क्रियाकलापको अवस्था पहिचान गर्नमा केन्द्रित रहेको थियो । यस अध्ययनमा छनौटमा परेका चारवटा विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरुलाई उद्देश्यात्मक नमूनाको रुपमा छनौट गरी अन्तर्वार्ता, समूह छलफल, दस्तावेज अध्ययन तथा कक्षा शिक्षण अवलोकन जस्ता सूचना संकलनका साधनहरु प्रयोग गरी शिक्षकहरुको पृष्ठभूमि पहिचान गर्न शिक्षण-सिकाइ क्रियाकलापको अवस्था र शिक्षक र विद्यार्थीको शिक्षणप्रतिको दृष्टिकोण पत्ता लगाउन सम्बन्धित विद्यालयमा पुगेर तथ्याङ्क संकलन गरिएको थियो । उक्त संकलित सूचनाहरुको विश्लेषण र व्याख्याको आधारमा निम्नानुसारका प्राप्ति, निष्कर्ष र सुझावहरु निकालिएका छन् ।

## ५.१ प्राप्ति

यस अध्ययनमा उद्देश्य अनुरुप सूचनाहरु सङ्कलन गरी विश्लेषण र व्याख्या पश्चात् प्राप्त प्राप्तिहरुलाई उद्देश्यात्मक रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :-

### शिक्षकको पृष्ठभूमि

- अध्ययनको क्रममा छनौटमा परेका विद्यालयका अध्यापनरत २१ जना शिक्षक मध्ये अधिकांश लेखनाथ नगरपालिका भित्र स्थायी बसोबास भएका पाइयो ।
- अध्ययन गरिएका विद्यालयका सबै शिक्षक ब्राह्मण समुदायका, मातृभाषा नेपाली, हिन्दु धर्म मानी आएका अधिकांश पुरुष र न्यून मात्रामा २ जना महिला शिक्षक पाइयो ।
- शिक्षकको उमेरको सन्दर्भमा २६ देखि ५६ वर्ष भित्रका रहेका साथै शिक्षण अनुभव तर्फ न्यूनतम तीन वर्ष देखि अधिकतम ३५ वर्ष सम्म शिक्षण सेवा गरेका पाइयो ।
- अध्ययन गरिएका विद्यालयका अनिवार्य विषय शिक्षकहरुको आवश्यक न्यूनतम योग्यता स्नातक तह उत्तिर्ण सबैले पूरा गरेका तर विषय विशिष्टीकरण र शिक्षण गराउने विषयमा अधिकांशमा सम्बन्धित पाइयो भने दुई जना शिक्षकमा आफूले अध्ययन गरेको विषय र अध्यापन गराउने विषयमा फरक पाइयो ।

- माध्यमिक तहको अनिवार्य विषय शिक्षक शिक्षण तालिम सम्बन्धमा दश महिना, छ महिना, तीन महिना, दुई महिना र एक महिना तालिम लिएका साथै अध्यापन अनुमति प्रमाणपत्र सबैले प्राप्त गरेको पाइयो ।

**शिक्षण-सिकाइ क्रियाकलाप**

- अध्ययन गरिएका विद्यालयमा कक्षाकोठा व्यवस्थापन सम्बन्धमा पक्की भवन, प्रकाशको व्यवस्था, कक्षाकोठाको सरसफाई, विद्यार्थी बसाईको व्यवस्था, कालोपाटीको रखाई र आकार सामान्यतया उपयुक्त नै देखियो । तर कक्षा सजावट भने प्रयाप्त मात्रामा नगरिएको पाइयो ।

- सबै विद्यालयका प्र.अ.ले शिक्षण-सिकाइ क्रियाकलापका सम्बन्धमा आफूले समय-समयमा कक्षा अवलोकन साथै विद्यार्थीसँग शिक्षण सम्बन्धी प्रतिक्रिया लिने गरेको पाइयो । त्यस्तै विषयवस्तु अनुसार शिक्षक तथा विद्यार्थी दुवैले शैक्षिक सामग्रीको निर्माण र प्रयोग गरी सोही अनुसारको शिक्षण विधिको प्रयोगद्वारा कक्षा शिक्षण सम्बन्धित विषय शिक्षकले गराउनु पर्ने चारवटै विद्यालयका प्र.अ.को प्रतिक्रिया पाइयो ।

- छनौट गरिएका विद्यालयका अनिवार्य शिक्षकहरुले वार्षिक कार्ययोजना, दैनिक पाठयोजना निर्माण नगरीकन जिल्ला शिक्षा कार्यालयको कार्य पात्रको आधारमा शिक्षण गराउँदै आइरहेको पाइयो ।

- माध्यमिक विद्यालयमा अनिवार्य सबै विषयका शिक्षकहरुले कक्षा शिक्षण सुरुवात गर्दा २४ जना मध्ये अधिकांशले पूर्व पाठसँग सम्बन्धित प्रश्न सोधी नयाँ पाठको सुरुवात गरेका र केही शिक्षकले सिधै नयाँ पाठको सुरुवात गरी शिक्षण गरेको पाइयो ।

- नमुना छनौट गरी अध्ययन गरिएका विद्यालयमा अनिवार्य विषय शिक्षणको लागि आवश्यक पर्ने विषयवस्तु अनुसारका शैक्षिक सामग्री कम भएको साथै आधुनिक प्रविधियुक्त कम्प्युटर, नेट, इन्टरनेट, विज्ञान प्रयोगशाला, ल्याव, पुस्तकालयको व्यवस्था सबै विद्यालयमा नभएका साथै सामग्री भएका विद्यालयमा पनि कम प्रयोगमा ल्याउने गरेको पाइयो ।

- अध्ययन गरिएका विद्यालयका सबै विषय शिक्षकहरुले शैक्षिक सामग्रीमा कालोपाटी, चक, डस्टरको मात्र बढी प्रयोग गरी शिक्षण गर्नुका साथै कहिलेकाहीँ मात्र टेपरेकर्ड,

नक्शा, ग्लोब, त्रिभुज, आयात, बोटबिरुवाका नमूना, तस्वीर, चार्ट, सम्बन्धित विषयका सामग्री प्रयोग गरी शिक्षण गरेको पाइयो ।

- सबै विद्यालयमा अनिवार्य विषय शिक्षकले व्याख्यान, छलफल, प्रश्नोत्तर विधिको बढी मात्राम प्रयोग गरी शिक्षण गरिएको पाइयो भने कहिलकाहीँ नेपाली विषयमा कथाकथन, अभिनय, सस्वरवाचन विधि, अंग्रेजी विषयमा अभिनय, प्रदर्शन विधि, गणित विषयमा समस्या-समाधान, प्रयोगात्मक विधि, विज्ञान विषयमा प्रयोगात्मक, खोज, अन्वेषणात्मक विधि, त्यस्तै सामाजिक अध्ययन र जनसंख्या विषयमा क्षेत्रभ्रमण, प्रदर्शन, अभिनय विधिद्वारा शिक्षण गराउँदै आइरहेको पाइयो ।

- सबै विद्यालमा अनिवार्य विषय शिक्षकले कक्षा शिक्षणको समयमा लिखित, मौखिक प्रश्न तथा प्रयोगात्मक कार्यको माध्यमबाट विद्यार्थी मूल्याङ्कन गर्ने अन्तर्वार्तामा बताए पनि अधिकांश शिक्षकले मौखिक प्रश्नद्वारा नै मूल्याङ्कन गर्नुको साथै आ-आफ्नो इच्छा अनुसार गृहकार्य दिनुका साथै हेर्ने गरिँदै आइरहेको पाइयो ।

- अनिवार्य विषय शिक्षक अधिकांशले कक्षा शिक्षण समाप्ती गर्दा पाठको सारांश बताई कक्षा शिक्षणलाई अन्त्य गर्ने गरेको पाइयो ।

**शिक्षण-सिकाइ क्रियाकलापप्रति शिक्षक र विद्यार्थीको दृष्टिकोण**

- नमूना छनोट गरिएका चारवटै विद्यालयका विषय शिक्षकले प्रभावकारी शिक्षणका लागि वार्षिक कार्ययोजना, वार्षिक पाठयोजना र दैनिक पाठयोजना बनाइ शिक्षण गर्नुपर्ने भएतापनि आफूहरुले धेरै वर्ष एउटै विषय एउटै कक्षामा शिक्षण गर्दै आइरहेकोले लिखित रुपमा बनाउने आवश्यक नभएकोले मानसिक रुपमा नै पाठयोजना निर्माण गरी शिक्षण गर्ने बताएको पाइयो ।

- सबै विद्यालयका विषयवस्तु अनुसार शैक्षिक सामग्री प्रयाप्त मात्रामा विद्यालयमा नहुनु साथै भएका सामग्री पनि प्रत्येक कक्षामा विद्यार्थी संख्या बढी हुनाले सामग्रीको प्रयोग गरी शिक्षण गर्न समस्या भएको शिक्षकबाट प्रतिक्रिया पाइयो ।

- सबै विद्यालयमा विद्यार्थी संख्या धेरै हुनुका साथै सबै विद्यार्थी शिक्षणमा सक्रिय नहुनुले नै विषयवस्तु अनुसार कक्षा शिक्षण-क्रियाकलाप गर्न समस्या भएकाले व्याख्यान, छलफल, प्रश्नोत्तर विधिको बढी प्रयोग गर्ने गरेको सबै विषय शिक्षकबाट पाइयो ।

- अध्ययन गरिएका चारवटै विद्यालयका विद्यार्थीहरुले सबै विषयमा व्याख्यान, छलफल, प्रश्नोत्तर विधि बढी प्रयोग गरी सबै शिक्षकले शिक्षण गर्नुका साथै शैक्षिक सामग्री प्रयोग विना कक्षा शिक्षण गर्नाले आफूहरुलाई विषयवस्तु बुझ्न गाह्रो हुने बताएको पाइयो ।

- विद्यार्थी संख्या प्रत्येक कक्षामा बढीमा २० देखि २५ जनासम्म राखेमा विषयवस्तु अनुसार शिक्षण विधि र शैक्षिक सामग्रीको प्रयोग गरी निरन्तर मूल्याङ्कनका साधनको प्रयोगद्वारा मूल्याङ्कन गरी तत्कालै पृष्ठपोषण दिन सकिने हुनाले प्रभावकारी शिक्षण साथै सुधारात्मक शिक्षण गर्न सकिने बताएको पाइयो ।

- अध्ययन गरिएका सबै विद्यालयका विद्यार्थीहरुले कविता, कथा, चुट्किला, वक्तृत्वकला, नाटक, हिज्जे, वादविवाद, भलिबल, फुटबल, बुद्धिचाल जस्ता विषयवस्तुसँग सम्बन्धित अतिरिक्त क्रियाकलाप विद्यालयभित्र तथा बाहिर प्रतियोगिता आयोजना गरी सबै विद्यार्थीहरुलाई सहभागी गराएमा आफूहरुलाई शिक्षणमा सहयोग हुने बताएको पाइयो ।

- माध्यमिक तहका अनिवार्य विषय नेपाली, सामाजिक, जनसंख्या विषय सजिलो र धेरै मेहनत नगरे पनि पास भइने साथै अंग्रेजी, विज्ञान र गणित विषय गाह्रो तथा जति अध्ययन गरे पनि पास हुन नसकिने अधिकांश विद्यार्थीको मनोविज्ञान रहेकाले त्यस्ता विद्यार्थीलाई परामर्श तथा मार्गदर्शनको व्यवस्था गराएमा सुधारात्मक शिक्षण क्रियाकलाप गर्न सकिने चारवटै विद्यालयका सबै शिक्षकहरुले बताएको पाइयो । त्यस्तै जनसंख्या विषयको विषयवस्तु अनुसार पाठ्यभार कम भएको पाइयो ।

## ५.२ निष्कर्ष

कास्की जिल्ला लेखनाथ नगरपालिकामा अवस्थित छनौटमा परेका चारवटा माध्यमिक विद्यालयहरु श्री लक्ष्मी आदर्श उ.मा.वि., जनप्रकाश उ.मा.वि. अमरज्योति गाउँ फर्क मा.वि. र लक्ष्मी उ.मा.वि. मा माध्यमिक तहको अनिवार्य विषयहरुमा शिक्षण-सिकाइ क्रियाकलापको अवस्था सम्बन्धमा गरिएको अध्ययन अनुसन्धानबाट प्राप्त सूचनाहरको विश्लेषण र व्याख्या पश्चात् प्राप्त प्राप्तिहरुको आधारमा निम्नानुसारको निष्कर्ष निकालिएको छ :

माध्यमिक तहमा अनिवार्य विषय शिक्षण गर्ने शिक्षकहरुमा अधिकांश विद्यालय देखि घरको दुरी नजिक भएका मातृभाषा नेपाली साथै हिन्दु धर्म मान्दै आइरहेका ब्राह्मण समुदायका २४ जना मध्ये अधिकांश पुरुष र न्यून मात्रामा दुई जना महिला शिक्षक रहेका पाइयो । त्यस्तै उमेरको हकमा २६ वर्ष देखि ५६ वर्ष विचका पाइयो । त्यसैगरी आवश्यक न्यूनतम योग्यता

स्नातक तह उत्तिर्ण सबैले गरेका साथै विषय विशिष्टीकरण र शिक्षण गर्न विषयमा अधिकांशमा सम्बन्धित नै पाइयो भने दुई जनामा फरक रहेको र सबै शिक्षकले आंशिक तथा पूर्ण सेवाकालीन तालिम लिएका न्यूनतम ३ वर्षदेखि अधिकतम ३५ वर्ष सम्म शिक्षण अनुभव प्राप्त गरेका साथै अधिकांश स्थायी शिक्षक दरवन्दिमा नियुक्ति भएका र केही अस्थायी दरबन्दिमा रही शिक्षण गराउँदै आइरहेको देखिन्छ ।

नमूना छनौटमा परेका माध्यमिक तहको अनिवार्य विषय शिक्षण गर्ने शिक्षकहरुले शैक्षिक योजना निर्माण नगरी शिक्षण गर्दै आएका साथै कक्षा शिक्षण सुरुवात पूर्व पाठको स्मरण गराएर नयाँ पाठमा प्रवेश गर्ने गरेको देखियो । त्यसैगरी शैक्षिक सामग्रीको निर्माण आफूले तथा विद्यार्थीहरुलाई पनि निर्माण गर्न नलगाउने गरेका र विद्यालयमा उपलब्ध भएका सामग्री पनि प्रायजसो प्रयोग नगरी कालोपाटी, चक, डस्टरद्वारा व्याख्यान, छलफल, प्रश्नोत्तर, समस्या समाधान विधिको आवश्यकता भन्दा बढी प्रयोग गरी विषयवस्तुलाई पढेर व्याख्या गर्दै कक्षा शिक्षण क्रियाकलाप सञ्चालन गर्दै आइरहेका देखियो । साथै बढी मात्रामा मौखिक प्रश्नद्वारा कक्षा शिक्षण मूल्याङ्कन गरी पाठको छोटकरीमा सारांश बताई प्रत्येक शिक्षकले आफ्नो इच्छा अनुसार गृहकार्य दिने र हेर्ने गरेको पाइयो । सबै विद्यालयमा कक्षाकोठाको व्यवस्थापनका पक्षहरु प्रकाश, कालोपाटीको रखाई र आकार, फर्निचरको व्यवस्था, कक्षा सजावटका सामग्री, कक्षाकोठाको छाना सामान्यतया उपयुक्त नै देखियो र कक्षा शिक्षणको अवलोकन प्रत्येक विद्यालयका प्र.अ. ले गर्नुका साथै विद्यार्थीसँग पनि सबै विषयको शिक्षण सम्बन्धमा जानकारी लिने गरेको पाइयो ।

अध्ययन गरिएका विद्यालयमा आधुनिक प्रविधियुक्त शैक्षिक सामग्री नहुनु साथै भएका सामग्री पनि विद्यार्थी संख्या प्रत्येक कक्षामा अत्यधिक राखिनाले हुनाले विषयवस्तु अनुसार शिक्षणमा प्रयोग गर्न नसकिएकोले सोही अनुरुप व्याख्यान, छलफल, प्रश्नोत्तर विधिको प्रयोग गरी निरन्तर मूल्याङ्कनका साधनद्वारा मूल्याङ्कन गरी तत्कालै पृष्ठपोषण दिन थप समस्या भएकाले आफूहरु वर्तमान शिक्षणप्रति पूर्ण सन्तुष्ट हुन नसकेको सम्बन्धित सबै विषयका शिक्षक तथा विद्यार्थीको दृष्टिकोण पाइयो । त्यसैले सुधारात्मक शिक्षणका लागि प्रत्येक कक्षामा बढीमा २५ जना विद्यार्थी राखी योजनाबद्ध रुपमा विषयवस्तु अनुसारका आधुनिक प्रविधियुक्त तथा स्थानीय सामग्रीको प्रयोग गरी विद्यार्थी केन्द्रित विधिद्वारा शिक्षण गराई निरन्तर मूल्याङ्कनका साधनको प्रयोग गरी तत्कालै पृष्ठपोषण दिनुपर्ने चारवटै विद्यालयका शिक्षक तथा विद्यार्थीहरुबाट पाइयो भने विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापमा सहभागी गराई शिक्षणप्रति सकारात्मक मनोविज्ञानको विकास गराउनुपर्ने विद्यार्थी तथा शिक्षकको दृष्टिकोण रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.३ सुझावहरु

माध्यमिक तहको अनिवार्य विषयहरुमा शिक्षण-सिकाइ क्रियाकलाप शीर्षकमा माथि उल्लेखित निष्कर्षका आधारमा निम्नानुसारका सुझावहरु प्रस्तुत गर्नुपर्ने देखिन्छ ।

- माध्यमिक तहमा अनिवार्य विषय शिक्षण गर्ने शिक्षकहरु सम्बन्धित विषयमा नै विशिष्टीकरण गरेका हुनुपर्ने साथै आवश्यकता अनुसार समय-समयमा कक्षा शिक्षण क्रियाकलाप सम्बन्धी तालिम सम्बन्धित निकायले समय-समयमा गर्नुपर्दछ ।

- माध्यमिक तहमा धेरे वर्षदेखि शिक्षण गर्दै आएका अथवा सेवा अवधि पूरा गरेका शिक्षकलाई अवकाश दिई विद्यालयमा छात्रा विद्यार्थीलाई सहभागी गराउनका लागि नयाँ शिक्षक नियुक्ति गर्दा महिलालाई शिक्षकमा प्रोत्साहन गर्नुपर्ने ।

- विद्यालयमा उपयुक्त कक्षाकोठाको व्यवस्थापन गर्न कक्षाकोठामा आवश्यक पर्ने दराज, टेबल, कुर्सी, डेक्स, वेन्च जस्ता सामग्रीहरुद्वारा कक्षा सजावट सम्बन्धित विद्यालय प्रशासनले गर्नुपर्ने देखिन्छ ।

- माध्यमिक तहमा अध्यापनरत शिक्षकहरुले वार्षिक कार्ययोजना र सोही अनुसारको दैनिक पाठयोजना निर्माण गरी पूर्व तयारीका साथ कक्षा शिक्षण सुरुवात गर्नका लागि प्रत्येक शिक्षकलाई विषयवस्तु अनुसार कथा, कविता, चुट्किला, गीत, समसामयिक घटना जस्ता माध्यमबाट विद्यार्थीलाई उत्प्रेरित गराउन सम्बन्धित निकायले शिक्षकहरुलाई तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

- प्रत्येक विषयको कक्षा शिक्षणमा विषयवस्तु अनुसारका सामग्री प्रत्येक विद्यालयले व्यवस्था गर्नुका साथसाथै शिक्षक-विद्यार्थीले पनि स्थानीय स्तरमा प्राप्त सामग्री निर्माण गरी शिक्षणमा प्रयोग गर्नुपर्ने देखिन्छ ।

- विद्यालयमा आधुनिक प्रविधियुक्त सामग्री कम्प्युटर, नेट, इन्टरनेट, विज्ञान प्रयोगशाला, ल्याव, अडियो, भिडियो टेपरेकर्ड जस्ता सामग्री विद्यालयमा सम्बन्धित निकायले उपलब्ध गराउनुपर्ने देखिन्छ ।

- माध्यमिक तहमा प्रत्येक कक्षामा बढीमा २५ जना सम्म विद्यार्थी राखी विषयवस्तु अनुसारका शिक्षण विधिहरु प्रश्नोत्तर, व्याख्यान, छलफल, समस्या-समाधान, प्रदर्शन,

क्षेत्रभ्रमण, अभिनय, प्रयोग, अन्वेषण, खोज जस्ता विधिद्वारा शिक्षण गराई शिक्षकले विद्यार्थीलाई कक्षा क्रियाकलापमा बढी मात्रामा सहभागी गराउनु पर्दछ ।

- अनिवार्य विषयको प्रत्येक कक्षा शिक्षण क्रियाकलापमा निरन्तर मूल्याङ्कनका साधन कक्षा कार्य, गृहकार्य, मौखिक तथा लिखित प्रश्न, दैनिक हाजिरी जस्ता साधनद्वारा मूल्याङ्कन गरी तत्कालै पृष्ठपोषण दिनुपर्दछ । साथै त्यसबाट आएको नतिजालाई प्रत्येक विद्यार्थीका सम्बन्धित अभिभावकलाई प्रत्येक महिनाको एकचोटी विद्यालयमा बोलाई जानकारी गराउनुपर्ने देखिन्छ ।

- विद्यार्थीहरुलाई प्रत्येक विषयप्रति सकरात्मक धारणाको विकास गराउनका लागि आवश्यकता अनुसार मार्गदर्शन र परामर्श सेवा उपलब्ध गराउनुपर्ने साथै प्रत्येक विद्यालयमा प्रत्येक हप्ताको शुक्रबार अतिरिक्त क्रियाकलापद्वारा सम्बन्धित विद्यालय प्रशासनले राख्नुपर्दछ ।

- प्रत्येक स्रोत केन्द्र अन्तर्गतका माध्यमिक तहका अनिवार्य विषयका शिक्षकहरुको विषयगत रुपमा छुट्टाछुट्टै प्रत्येक महिनाको एकचोटी एक दिने कार्यशाला गोष्ठी सम्बन्धित निकायले राखी विषयगत रुपमा छलफल चलाउनुपर्ने देखिन्छ ।

- विद्यालयका प्रधानाध्यापकले प्रत्येक दिन प्रत्येक कक्षा शिक्षणको निरीक्षण गरी आवश्यकता अनुसार शिक्षकहरुबीच शिक्षणमा देखिएका समस्याहरुको समाधान गर्न शिक्षकहरु बीच अन्तरक्रिया राखी तत्कालै समस्या समाधान गर्नुपर्दछ ।

# सन्दर्भ सूची


अधिकारी, विष्णुप्रसाद, पौडेल, आनन्द (२०६५), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* भोटाहिटी, काठमाडौं : आशिष पुस्तक भण्डार ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५), *उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,* केशरमहल, काठमाडौं, नेपाल ।

खनाल, डिल्लीराम (२०६७), *माध्यमिक तहमा शिक्षकहरुको कक्षा शिक्षण अवस्था,* अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर, काठमाडौं ।

खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर, काठमाडौंः स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

खनाल, लोकराज (२०६७), *माध्यमिक तहमा सामाजिक अध्ययन शिक्षण,* अप्रकाशित शोधपत्र, त्रि.वि., शिक्षाशास्त्र संकाय, कीर्तिपुर, काठमाडौं ।

जोशी, शिवराज (२०६५), *जनसंख्या तथा वातावरण विषय पाठ्यक्रमको अपेक्षा र कक्षा शिक्षणको अवस्था,* अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर, काठमाडौं ।

ढकाल, माधवप्रसाद (२०६५), *शिक्षाको दर्शनशास्त्रीय एवं समाजशास्त्रीय आधार,* भोटाहिटी, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

पनेरु, दानबहादुर (२०६५), *माध्यमिक तहमा सामाजिक शिक्षाको शैक्षणिक अवस्था,* अप्रकाशित शोधपत्र, त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

पौडेल, लेखनाथ (२०५१), *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा,* पुतलीसडक, काठमाडौंः प्रतिभा पुस्तक भण्डार ।

वाग्ले, मनप्रसाद र अन्य (२०६५), *शिक्षाको प्रारम्भिक परिचय,* भोटाहिटी, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जिवी र शर्मा निर्मला (२०६६), *पाठ्यक्रम र मूल्याङ्कन,* भोटाहिटी, काठमाडौं : एम.के.पब्लिकेशन ।

शर्मा, चिरञ्जिवी र शर्मा निर्मला (२०६७), *शिक्षाको समाजशास्त्रीय र दर्शनशास्त्रीय अधार,* भोटाहिटी, काठमाडौं : एम.के. पब्लिकेशन ।

शिक्षा मन्त्रालय (२०४९), *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,* केशरमहल, काठमाडौं : शिक्षा मन्त्रालय ।

शिक्षा विभाग (२०६५), *सामाजिक अध्ययन शिक्षण पुरक सामाग्री माध्यमिक तह,* सानोठिमी, भक्तपुर ।

*शिक्षा वार्षिक पत्रिका* (२०६६), नेपाल सरकार शिक्षा मन्त्रालय, सानोठिमी, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

*शिक्षक शिक्षा* (२०६४, ०६५, ०६६, ०६७), नेपाल सरकार शिक्षा मन्त्रालय, सानो ठिमी, भक्तपुरः शैक्षिक जनशक्ति विकास केन्द्र ।

*शैक्षिक ज्योति राष्ट्रिय द्वैमासिक,* साउन-भदौ, २०६१ ।

सिंह, नागेश्वर (२०६५), *शिक्षाका आधारहरु,* रामशाहपथ, काठमाडौं : पैरवी प्रकाशन ।

Best, J.W. and Khan, J.V.. *Research in Education 2009*, New Delhi: Prentice Hall of India Pvt. Ltd.

CDC, T.U. (1984). *Review of the Compulsory English Teaching / Learning in T.U. Campuses: A Report*. Kathmandu.

CERID (June 12-16, 1969), *Better Training for Better Pupil achievement National Workshop* (A workshop report), Kathmandu: T.U. CERID.

Print, Murray (1993). *Curriculum Development and Design*. Austalia, Second Edition, Allen and Unwin Pvt. Ltd.

## अनुसूची क

## अध्ययनका लागि छनौट गरिएका विद्यालय

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री जनप्रकाश उच्च माध्यमिक विद्यालय | लेखनाथ नगरपालिका १, भण्डारढिक |
| २ | श्री लक्ष्मी उच्च माध्यमिक विद्यालय | लेखनाथ नगरपालिका ३, अर्घौ |
| ३ | श्री अमरज्योति गाउँ फर्क माध्यमिक विद्यालय | लेखनाथ नगरपालिका ५, जलधारे |
| ४ | श्री लक्ष्मी आदर्श उच्च माध्यमिक विद्यालय | लेखनाथ नगरपालिका ७, शिशुवा |

## अनुसूची ख

## छनौटमा परेका विद्यालयका प्रधानाध्यापकको विवरण

| क.सं. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | ठेगाना |
|---|---|---|---|
| १ | श्री जनप्रकाश उच्च मा.वि. | श्री कृष्ण प्रसाद सुवेदी | ले.न.पा. १, शिशुवा |
| २ | श्री लक्ष्मी उच्च मा.वि. | श्री श्रीभद्र बराल | ले.न.पा. ६, खराने |
| ३ | श्री अमरज्योति गाउँ फर्क मा.वि. | श्री दामोदर सापकोटा | ले.न.पा. २, अर्घौ |
| ४ | श्री लक्ष्मी आदर्श उ.मा.वि. | श्री बाबुराम सुवेदी | ले.न.पा. ७, शिशुवा |

## अनुसूची ग

## छनौटमा परेका विद्यालयका शिक्षकहरुको विवरण

| क्र.सं. | शिक्षकहरुको नाम | ठेगाना | विद्यालय |
|---|---|---|---|
| १ | रविन्द्रपाणी ढकाल | ले.न.पा. १ | श्री जनप्रकाश उ.मा.वि. |
| २ | शिव प्रसाद बास्तोला | ले.न.पा. १ | श्री जनप्रकाश उ.मा.वि. |
| ३ | देवकी बाँस्तोला | पोखरा उप म.न.पा. १२ | श्री जनप्रकाश उ.मा.वि. |
| ४ | शेखर नाथ शर्मा | ले.न.पा. १ | श्री जनप्रकाश उ.मा.वि. |
| ५ | शिवहरी सुवेदी | ले.न.पा. १ | श्री जनप्रकाश उ.मा.वि. |
| ६ | होमनाथ ढकाल | ले.न.पा. १ | श्री जनप्रकाश उ.मा.वि. |
| ७ | विष्णुकुमारी लामिछाने | ले.न.पा. २ | श्री लक्ष्मी उ.मा.वि. |
| ८ | ऋषिकेश बराल | ले.न.पा. ३ | श्री लक्ष्मी उ.मा.वि. |
| ९ | अशोकमणी लामिछाने | ले.न.पा. ३ | श्री लक्ष्मी उ.मा.वि. |
| १० | विश्वनाथ ढुङ्गाना | ले.न.पा. ३ | श्री लक्ष्मी उ.मा.वि. |
| ११ | विष्णुप्रसाद सिग्देल | ले.न.पा. ३ | श्री लक्ष्मी उ.मा.वि. |
| १२ | जिवनाथ सुवेदी | ले.न.पा. ४ | अमरज्योति गाउँ फर्क मा.वि. |
| १३ | पवित्रमणि ढुङ्गाना | ले.न.पा. ४ | अमरज्योति गाउँ फर्क मा.वि. |
| १४ | सन्तोष सुवेदी | ले.न.पा. ७ | अमरज्योति गाउँ फर्क मा.वि. |
| १५ | दामोदर सापकोटा | ले.न.पा. २ | अमरज्योति गाउँ फर्क मा.वि. |
| १६ | बुद्धिराज सापकोटा | थूँमाको डाँडा गा.वि.स. ६ | अमरज्योति गाउँ फर्क मा.वि. |
| १७ | मेघमणी भण्डारी | ले.न.पा. १ | श्री लक्ष्मी आदर्श उ.मा.वि. |
| १८ | प्रकाश भट्टराई | ले.न.पा. ८ | श्री लक्ष्मी आदर्श उ.मा.वि. |
| १९ | हेमराज आचार्य | ले.न.पा. ६ | श्री लक्ष्मी आदर्श उ.मा.वि. |
| २० | विष्णुप्रसाद तिवारी | ले.न.पा. ९ | श्री लक्ष्मी आदर्श उ.मा.वि. |
| २१ | भिमपाणी बराल | ले.न.पा. ४ | श्री लक्ष्मी आदर्श उ.मा.वि. |

## अनुसूची घ
## छनौटमा परेका विद्यालयका विद्यार्थीहरुको नामावली

| क्र.सं. | नाम | छात्रा/ छात्र | विद्यालय |
|---|---|---|---|
| १ | सुस्मिता गुरुङ्ग | छात्रा | श्री जनप्रकाश उ.मा.वि. |
| २ | बृन्दा अधिकारी | छात्रा | श्री जनप्रकाश उ.मा.वि. |
| ३ | अञ्जु गुरुङ्ग | छात्रा | श्री जनप्रकाश उ.मा.वि. |
| ४ | अनुसा गुरुङ्ग | छात्रा | श्री जनप्रकाश उ.मा.वि. |
| ५ | दिपक सुनुवार | छात्र | श्री जनप्रकाश उ.मा.वि. |
| ६ | प्रदिप सुनार | छात्र | श्री जनप्रकाश उ.मा.वि. |
| ७ | विश्वास सुनार | छात्र | श्री जनप्रकाश उ.मा.वि. |
| ८ | सञ्जिप कुमाल | छात्र | श्री जनप्रकाश उ.मा.वि. |
| ९ | निर्मला अधिकारी | छात्रा | श्री लक्ष्मी उ.मा.वि. |
| १० | प्रशंसा घिमिरे | छात्रा | श्री लक्ष्मी उ.मा.वि. |
| ११ | सपना दाहाल | छात्रा | श्री लक्ष्मी उ.मा.वि. |
| १२ | अनिता विश्वकर्मा | छात्रा | श्री लक्ष्मी उ.मा.वि. |
| १३ | प्रकाश रोक्का पुन | छात्र | श्री लक्ष्मी उ.मा.वि. |
| १४ | अमृत भूजेल | छात्र | श्री लक्ष्मी उ.मा.वि. |
| १५ | सञ्जय पुनः | छात्र | श्री लक्ष्मी उ.मा.वि. |
| १६ | सुनिल के.सी. | छात्र | श्री लक्ष्मी उ.मा.वि. |
| १७ | सिमरन अधिकारी | छात्रा | अमरज्योति गाउँ फर्क मा.वि. |
| १८ | ज्योति सुनार | छात्रा | अमरज्योति गाउँ फर्क मा.वि. |
| १९ | सविना विश्वकर्मा | छात्रा | अमरज्योति गाउँ फर्क मा.वि. |
| २० | मधु राना भाट | छात्रा | अमरज्योति गाउँ फर्क मा.वि. |
| २१ | नवराज देवकोटा | छात्र | अमरज्योति गाउँ फर्क मा.वि. |
| २२ | अशोक ढुङ्गाना | छात्र | अमरज्योति गाउँ फर्क मा.वि. |
| २३ | सन्देश सुवेदी | छात्र | अमरज्योति गाउँ फर्क मा.वि. |
| २४ | समिर ढुङ्गाना | छात्र | अमरज्योति गाउँ फर्क मा.वि. |
| २५ | विश्वलक्ष्मी अधिकारी | छात्रा | श्री लक्ष्मी आदर्श उ.मा.वि. |
| २६ | सविना ढकाल | छात्रा | श्री लक्ष्मी आदर्श उ.मा.वि. |

| | | | |
|---|---|---|---|
| २७ | आरति देवकोटा | छात्रा | श्री लक्ष्मी आदर्श उ.मा.वि. |
| २८ | सरस्वती बराल | छात्रा | श्री लक्ष्मी आदर्श उ.मा.वि. |
| २९ | राजेश सुवेदी | छात्र | श्री लक्ष्मी आदर्श उ.मा.वि. |
| ३० | किसान परिवार | छात्र | श्री लक्ष्मी आदर्श उ.मा.वि. |
| ३१ | ओम जि.सी. | छात्र | श्री लक्ष्मी आदर्श उ.मा.वि. |
| ३२ | विजय जि.सी. | छात्र | श्री लक्ष्मी आदर्श उ.मा.वि. |

# अनुसूची ङ

## प्रधानाध्यापकका लागि अन्तर्वार्ता निर्देशिका

विद्यालयको नाम:

प्रधानाध्यापकको नाम:

योग्यता: अनुभव वर्ष:

**शिक्षक सम्बन्धमा**

१. तपाईंको विद्यालयमा शिक्षकको संख्या कति छ ?

.......................................................................................................

२. विद्यार्थीको अनुपातमा शिक्षकहरु पर्याप्त छन ?

.......................................................................................................

३. के अनिवार्य विषय पढाउने शिक्षकहरु सवैले सम्वन्धित विषयमा विशिष्टिकरण गरेका छन् ?

.......................................................................................................

४. तपाइको विद्यालयमा रहेका शिक्षकहरु सबै तालिम प्राप्त छन् ?

.......................................................................................................

५. तालिममा प्राप्त सीपलाई कक्षा शिक्षणमा प्रयोग गरे नगरेको कसरी मूल्याङ्कन गनुहुन्छ ?

.......................................................................................................

६. विद्यालयमा महिला र पुरुष शिक्षकको संख्या के कति छ ?

.......................................................................................................

७. विद्यालयमा शिक्षकहरुको योग्यता तालिम र शिक्षण अनुभव के कस्तो छ ?

.......................................................................................................

**शिक्षण-सिकाइ क्रियाकलाप सम्बन्धमा**

८. महिला र पुरुष शिक्षकको शिक्षण क्रियाकलापमा भिन्नता पाउनुभएको छ ?

.......................................................................................................

९. शिक्षकहरुको कक्षा शिक्षण अवलोकन गर्नुहून्छ ?

.......................................................................................................

१०. कक्षा अवलोकन गर्दा शिक्षण विधि उपयुक्त भएको पाउनुभएको छ ?

.......................................................................................................

११. के सबै विषयका शिक्षकहरुका शिक्षण क्रियाकलापबाट विद्यार्थी सन्तुष्ट छन् ?

.......................................................................................................

१२. के को आधारमा सन्तुष्ट भए नभएको निक्यौल गर्नुहुन्छ ?

.......................................................................................................

१३. शिक्षकहरुले कक्षाकोठामा के-कस्ता क्रियाकलापहरु गर्ने गर्दछन् ?

.......................................................................................................

१४. शिक्षकहरुले कक्षा शिक्षणमा के-कस्ता विधिहरु प्रयोग गरि अध्यापन गर्दछन् ?

.......................................................................................................

१५ तपाईको विद्यालयमा प्रयाप्त मात्रामा आवश्यक शैक्षिक सामाग्री उपलब्ध छन् ?

.......................................................................................................

१६. उपयुक्त शिक्षाण विधि र शिक्षण-सिकाइ क्रियाकलापबाट कक्षा सञ्चालन गर्नमा तपाईंले कसरी सहयोग गर्नुहुन्छ ?

.......................................................................................................

**विद्यार्थी सम्बन्धमा**

१७. तपाइको विद्यालयमा जम्मा विद्यार्थी संख्या कति छ ?

.......................................................................................................

१८. तपाइको विद्यालयमा छात्र / छात्रा संख्या कति कति छन् ?

.......................................................................................................

१९.सबै विद्यार्थीहरु नियमित रुपमा विद्यालय आउँछन् ?

.......................................................................................................

२०. विद्यार्थीका शिक्षण-सिकाइसँग सम्बन्धित समस्या प्रति सधैं उत्तरदायि हुनुहून्छ ?

.......................................................................................................

**अन्य**

२१. शिक्षकहरुको लागि आवश्यकता अनुसार तालिममा पठाउनु हुन्छ ?

.......................................................................................................

२२. शिक्षण-सिकाइ क्रियाकलापमा देखिएका समस्याहरु के के हुन् ?

.......................................................................................................

२३. त्यस्ता समस्याहरुमा कमी ल्याउन के कस्ता उपायहरु गर्न सकिन्छ ?

.......................................................................................................

२४. विद्यालयको शिक्षणलाई प्रभावकारी बनाउन के कस्ता उपायहरु अपनाउनु पर्ला ?

.......................................................................................................

## अनुसूची च

## शिक्षकका लागि अन्तर्वाता निर्देशिका

विद्यालयको नामः

शिक्षकको नामः

योग्यताः

अध्यापन गर्ने विषयः

लिङ्गः

तालिम लिएको नलिएकोः

तालिमको नामः

तालिमको संख्याः

तालिम अवधीः

**पाठयोजना**

१. कक्षा शिक्षण गर्नुभन्दा अगाडि पाठ योजना बनाउनुहुन्छ ?

..........................................................................................................

२. पाठयोजना किन बनाउनुहुन्छ ?

..........................................................................................................

३. पाठयोजना बनाउँदा के फाइदा हुन्छ ।

..........................................................................................................

४. पाठयोजना नबनाउँदा शिक्षणमा के फरक पाउँनु हुन्छ ?

..........................................................................................................

**कक्षा सुरुवात**

५. आफ्ना विद्यार्थीलाई सिक्नको लागि अभिप्ररित गर्नुहुन्छ ?

..........................................................................................................

६. यदि गर्नुहुन्छ भने कसरी गनुहुन्छ ?

..........................................................................................................

७. यदि गर्नुहुन्न भने किन ?

..........................................................................................................

८. कक्षामा पाठ शुरु गर्नुभन्दा अगाडि कस्ता क्रियाकलाप गर्नुहून्छ ?

..........................................................................................................

**शिक्षण-सिकाइ क्रियाकलाप**

९.तपाईंले अध्यापन गर्ने विषयमा आवश्यक पर्ने शैक्षिक सामग्री विद्यालयमा उपलब्ध छन् ?

..........................................................................................................

१०. तपाईले अध्ययन गराउने विषयमा आवश्यक शैक्षिक सामाग्री के-के चाहिन्छन् ?

.....................................................................................................................

११. उपलब्ध शैक्षिक सामग्री बाहेक तपाईंको विचारमा अन्य कुन कुन सापग्रीको आवश्यकता पर्छ ?

.....................................................................................................................

१२. तपाईं कुन कुन विधि प्रयोग गरि अध्यापन गर्नुहुन्छ ?

.....................................................................................................................

१३. किन त्यो विधि नै प्रयोग गर्नु हुन्छ ?

.....................................................................................................................

१४. तपाईंको विषय शिक्षण क्रियाकलापमा कुन कुन शिक्षण विधि बढि उपयोगी हुन्छन् किन ?

.....................................................................................................................

**मूल्याङ्कन**

१५. शिक्षणकै क्रममा बीच बीचमा मूल्याङ्कन गर्नुहुन्छ ?

.....................................................................................................................

१६ यदि गर्नुहुन्छ भने कसरी गर्नु हुन्छ ?

.....................................................................................................................

१७. यदि मूल्याङ्कनद्वारा उद्देश्य पूरा नभएको जानकारी प्राप्त भएमा पाठ दोहोऱ्याउनु हुन्छ ।

.....................................................................................................................

**गृहकार्य सम्बन्धमा**

१८. गृहकार्य दिने गर्नुभएको छ ?

.....................................................................................................................

१९. यदि गृहकार्य दिने गर्नुभएको छ भने हेर्ने पनि गर्नु भएको छ ?

.....................................................................................................................

**कक्षाको अन्य क्रियाकलाप**

२०. तपाईंको विद्यालयमा तपाईंले अध्यापन गर्ने विषयको पाठ्यक्रम, शिक्षक निर्देशिका उपलब्ध छ छैन ?

.....................................................................................................................

२१. शिक्षण-सिकाइ क्रियाकलापमा हुने गरेका समस्याहरु के कस्ता छन् ?

.....................................................................................................................

२२. माध्यमिक तहको शिक्षण-सिकाइ क्रियाकलापमा समानता ल्याउन के गर्नु उपयुक्त होला ?

.....................................................................................................................

२३. तपाईले शिक्षण गर्ने विषयमा सुधारात्मक शिक्षण गर्न के-कस्तो प्रक्रिया अपनाउनु पर्दछ ।

.....................................................................................................................

## अनुसूची छ
## कक्षा अवलोकन फाराम

विद्यालयको नाम : मिति :

शिक्षकको नाम : समय :

विषय : जम्मा विद्यार्थी संख्या :

पाठ शीर्षक : छात्रा/छात्र :

| क.सं. | विवरण | प्रतिक्रिया |
|---|---|---|
| १ | **कक्षा क्रियाकलापको सुरुवात** | |
| | पूर्वपाठमा आधारित | |
| | अन्य क्रियाकलापमा आधारित | |
| २ | **पाठयोजनाको तयारी** | |
| ३ | **कक्षाकोठा व्यवस्थापन** | |
| | सफा र स्वस्थ कक्षाकोठा | |
| | विद्यार्थीको बसाइ व्यवस्था | |
| | कक्षा कोठाको आकार र | |
| | कालोपाटीको अवस्था | |
| | प्रकाश, तापक्रमको अवस्था | |
| ४ | **शैक्षिक सामग्रीको प्रयोग** | |
| | स्पष्ट देखिने खालको | |
| | ठीक समयमा प्रयोग | |
| | उद्देश्य प्राप्तीमा सहयोगी | |
| | महङ्गो सामाग्री | |
| | स्थानीय सामाग्री | |
| | कालोपाटीको प्रयोग | |
| ५ | **शिक्षण-सिकाइ क्रियाकलाप** | |
| | उदाहरणको प्रयोग र उपयुक्तता | |
| | शिक्षकको भाषागत शुद्धता र स्पष्टता | |
| | शिक्षकले कक्षा शिक्षणमा बोलेको समय | |
| ६ | **शिक्षण प्रक्रियामा प्रयोग भएको विधि** | |
| | शिक्षक केन्द्रित विधि | |
| | विद्यार्थी केन्द्रित विधि | |
| | अन्य विधिको प्रयोग | |

| | | |
|---|---|---|
| ७ | **कक्षा मूल्याङ्कन व्यवस्था**<br>लिखित<br>मौखिक<br>प्रयोगात्मक | |
| ८ | **निर्धारित समयको उपयोग**<br>आएको समय<br>गएको समय | |
| ९ | **पाठको समाप्ती** | |
| १० | **गृहकार्य** | |
| ११ | **अन्य सान्दर्भिक क्रियाकलाप** | |

अवलोकनकर्ताको नाम :

दस्तखत :

# अनुसूची ज

# लक्षित समूह छलफल निर्देशिका

## १. लक्षित समूह संचालन प्रतिक्रिया

(क) परिचय आदानप्रदान :-

(ख) सहभागिलाई कार्यक्रमबारे जानकारी :-

(ग) सहभागिलाई कार्यक्रमको उद्देश्यबारे जानकारी :-

(घ) समूह विभाजन :-

(ङ) छलफलको शुरुवात :-

(च) सूचनाको रेकर्ड :-

## २. छलफलका विषयवस्तुहरु

(क) कक्षाकोठा व्यवस्थापन सम्बन्धमा

(ख) सिकाइ वातावरणको निर्माण सम्बन्धमा

(ग) कक्षा सुरुवात र प्रस्तुती सम्बन्धमा

(घ( शैक्षिक सामाग्री सम्बन्धमा

(ङ) शिक्षण विधि सम्बन्धमा

(च) विद्यार्थी क्रियाकलाप सम्बन्धमा

(छ) विद्यार्थी मूल्याङ्कन सम्बन्धमा

(ज) गृहकार्य सम्बन्धमा

(झ) पाठको समाप्ती सम्बन्धमा

(ञ) सुधारात्मक शिक्षण सम्बन्धमा

## कास्की जिल्लाको नक्शा




अध्ययन क्षेत्र

## जनप्रकाश माध्यमिक तहको अनिवार्य विषयहरुमा शिक्षण-सिकाइ क्रियाकलापहरु सम्बन्धी स्थलगत तस्वीर



प्र.अ.सँग लिएको अन्तर्वार्ताको तस्वीर



शिक्षकसँग लिएको अन्तर्वार्ताको तस्वीर



कक्षा शिक्षण अवलोकन गर्दा लिएको तस्वीर



विद्यार्थीसँग छलफल गरिएको तस्वीर

लक्ष्मी उच्च माध्यमिक तहको अनिवार्य विषयहरुमा शिक्षण-सिकाइ क्रियाकलापहरु सम्बन्धी स्थलगत तस्वीर



प्र.अ.सँग लिएको अन्तर्वार्ताको तस्वीर



शिक्षकसँग लिएको अन्तर्वार्ताको तस्वीर



कक्षा शिक्षण अवलोकन गर्दा लिएको तस्वीर



विद्यार्थीसँग छलफल गरिएको तस्वीर

## अमरज्योति माध्यमिक तहको अनिवार्य विषयहरुमा शिक्षण-सिकाइ क्रियाकलापहरु सम्बन्धी स्थलगत तस्वीर



प्र.अ.सँग लिएको अन्तर्वार्ताको तस्वीर



शिक्षकसँग लिएको अन्तर्वार्ताको तस्वीर



कक्षा शिक्षण अवलोकन गर्दा लिएको तस्वीर



विद्यार्थीसँग छलफल गरिएको तस्वीर

## लक्ष्मी आदर्श उच्च माध्यमिक तहको अनिवार्य विषयहरुमा शिक्षण-सिकाइ क्रियाकलापहरु सम्बन्धी स्थलगत तस्वीर



प्र.अ.सँग लिएको अन्तर्वार्ताको तस्वीर



शिक्षकसँग लिएको अन्तर्वार्ताको तस्वीर



कक्षा शिक्षण अवलोकन गर्दा लिएको तस्वीर



विद्यार्थीसँग छलफल गरिएको तस्वीर